सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२६ फागुन २०८२, मंगलबार (10 March 2026, Tuesday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक ३२० ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

समानुपातिकमा कुन दलबाट कति महिला आउँदै ?

प्रतिनिधिसभाका २७५ सांसदमध्ये कम्तीमा ३३% अर्थात् ९१ महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ, प्रत्यक्षबाट १४ महिला मात्र निर्वाचित भएकाले बाँकी ७७ महिला दलहरूले आफ्नो भागमा पर्ने समानुपातिक सिटका आधारमा पठाउनेछन्



- ठुलो दल रास्वपाबाट ४८ महिला छानिँदै
- प्रत्यक्षतर्फ एक महिला उम्मेदवारले जितेको कांग्रेसबाट अब १२ महिला सांसद आउँदै
- प्रत्यक्षमा एमालेका महिला उम्मेदवारले जितेनन्, समानुपातिकबाटै ९ सांसद जाने
- नेकपाले ६ सांसद पठाउनुपर्ने
- श्रम संस्कृतिले २ र राप्रपाले २ सांसद समानुपातिकबाट छान्नुपर्ने

कमलराज भट्ट/नयाँ पत्रिका

प्रतिनिधिसभामा कम्तीमा ७७ जना महिला सांसद समानुपातिक प्रणालीबाट आउने भएका छन्। २७५ सदस्यीय प्रतिनिधिसभामा कम्तीमा ३३ प्रतिशत अर्थात् ९१ महिला हुनुपर्ने संवैधानिक व्यवस्था छ। तर, प्रत्यक्षतर्फबाट १४ महिला मात्रै निर्वाचित भएका छन्। बाँकी ७७ महिला दलहरूले आफ्नो भागमा पर्ने समानुपातिक सिटका आधारमा पठाउनुपर्नेछ।

प्रत्यक्षतर्फ १२५ सिट जितेको रास्वपाले समानुपातिकमा प्राप्त मत अनुपात हेर्दा ५८ सिट जित्ने देखिन्छ। कुल १८३ सिट जित्दा रास्वपाले ३३ प्रतिशत अर्थात् ६१ महिला सहभागी गराउनुपर्छ। रास्वपाबाट प्रत्यक्षमा १३ महिला निर्वाचित भएकाले अब समानुपातिकमा ४८ जना चुन्नुपर्छ।

त्यस्तै, प्रत्यक्षमा १८ सिट जितेको कांग्रेसले समानुपातिकमा १९ सिट ल्याउने देखिन्छ। कुल ३७ सिटको ३३ प्रतिशत अर्थात् १३ महिला उम्मेदवारलाई कांग्रेसले सांसद बनाउनुपर्छ। प्रत्यक्षमा एक सिट जितेकाले अब १२ महिला सांसद समानुपातिकबाट पठाउनुपर्छ।


त्यस्तै, प्रत्यक्ष नौ सिट जितेको एमालेले समानुपातिकमा १६ सिट ल्याउने देखिन्छ। कुल २५ सिट जित्दा ३३ प्रतिशत अर्थात् नौ महिला चुनुपर्छ। एमालेमा प्रत्यक्षबाट एउटै पनि महिला उम्मेदवारले जित निकालेका छैनन्।

नेकपा, श्रम संस्कृति र राप्रपाले समानुपातिकमा १० प्रतिशतभन्दा कम मत प्राप्त गरेका छन्। १० प्रतिशतभन्दा कम सिट प्राप्त गर्ने दलले पनि महिला प्रतिनिधित्वको हकमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधिसभामा पठाउनैपर्छ।

प्रत्यक्षमा आठ सिट जितेको नेकपाले अहिलेकै अनुपातमा मत कायम गर्दा समानुपातिकमा पनि नौ सिट प्राप्त गर्छ। कुल १८ सिटको ३३ प्रतिशत हुने


» पृष्ठ २ मा क्रमशः

घन्टीमय भयो नयाँ संसद्



प्रत्यक्ष निर्वाचनको १६५ वटै निर्वाचन क्षेत्रको नतिजा आइसकेको छ। जसअनुसार रास्वपाले १२५, कांग्रेसले १८, एमालेले ९, नेकपाले ८, श्रम संस्कृतिले ३, राप्रपाले १ र स्वतन्त्र १ सांसद निर्वाचित भएका छन्। समानुपातिकतर्फ मतगणना जारी छ। कुल खसेको एक करोड ९ लाख ७७ हजार ७११ मतमध्ये सोमबार राति २ बजेसम्म १ करोड १ लाख १३ हजार ६२३ मतगणना भएको छ। थ्रेसहोल्ड कटाउन कुल सदर मतको तीन प्रतिशत ल्याउनुपर्छ। अहिलेसम्मको बदर मतको अनुपात हेर्दा थ्रेस होल्ड कटाउन करिब ३ लाख १७ हजार ८ सय मत ल्याउनुपर्छ। लगभग अन्तिम चरणमा पुगेको गणनाअनुसार ६ वटा पार्टीले मात्र थ्रेसहोल्ड कटाउने देखिन्छ। रास्वपाले ४८ लाख ११ हजार ६७३ (४८.०२%), कांग्रेसले १६ लाख १८ हजार ८३८ (१६.२३%), एमालेले १३ लाख ४८ हजार ३६८ (१३.५३%), नेकपाले ७ लाख ३२ हजार ९९२ (७.३३%), श्रम संस्कृतिले ३ लाख ४१ हजार ३२ (३.४०%) र राप्रपाले ३ लाख १५ हजार ४३८ (३.१६) मत पाएको छ। थ्रेसहोल्ड कटाउने दलको मात्र हिसाब गर्दा रास्वपाले ५२.३८%, कांग्रेसले १७.७१%, एमालेले १४.७६%, श्रम संस्कृतिले ३.७१% र राप्रपाले ३.४४% मत पाएका छन्। बाँकी मत पनि यही अनुपातमा पाए समानुपातिकतर्फका ११० सिटमध्ये रास्वपाले ५८, कांग्रेसले १९, एमालेले १६, नेकपाले ९, श्रम संस्कृति र राप्रपाले ४/४ सिट पाउने देखिन्छ। अन्तिम गणना आउँदासम्म एक सिट तलमाथि हुन सक्छ।

प्रत्यक्षतर्फ कुन उमेर समूहका कति सांसद ?



■ जेन-जी सांसद



प्रशान्त उप्रेती (२५ वर्ष) · मनीष खनाल (२६ वर्ष) · केपी खनाल (२६ वर्ष) · बब्लु गुप्ता (२८ वर्ष)

■ सबैभन्दा पाका सांसद



महावीर पुन (७१ वर्ष) · टेकबहादुर गुरुङ (७१ वर्ष)

■ नतिजा आएका १६५ सांसद कुन उमेर समूहमा कुन दलका कति ?

- ३० वर्षमुनि : रास्वपा ११ र श्रम संस्कृति १
- ३१-४० वर्ष : रास्वपा ४१, कांग्रेस ५, एमाले २ र राप्रपा १
- ४१-५० वर्ष : रास्वपा ४३, कांग्रेस ५, नेकपा ४, एमाले ३ र श्रम संस्कृति २
- ५१-६० वर्ष : रास्वपा २८, कांग्रेस ४, एमाले र नेकपा २-२
- ६१-७० वर्ष : कांग्रेस ३, रास्वपा र एमाले २-२ र नेकपा २
- ७१ वर्षमाथि : कांग्रेस १, स्वतन्त्र १

निर्वाचित भएका १४ महिलामध्ये २९ देखि ५५ वर्ष उमेर समूहका छन्। सबैभन्दा कान्छी रास्वपाकी २९ वर्षीया निशा डाँगी र सबैभन्दा जेठी ५५ वर्षीया इन्दिरा रानामगर छिन्।

सुवास भट्ट/नयाँ पत्रिका

निर्वाचनमा पुराना दलहरूको हैसियत व्यापक उलटफेर भएसँगै नयाँ प्रतिनिधिसभामा युवा उपस्थिति पनि बढ्दै छ। सोमबार रातिसम्म प्रत्यक्षतर्फका १६५ सिटको अन्तिम नतिजा आउँदा ५० वर्षसम्मका ११८ सांसद निर्वाचित भएका छन्। यीमध्ये १२ सांसद त ३० वर्षभित्रका छन्। ६० वर्ष नाघेका ११ जना मात्रै संसद् पुगेका छन्।

समानुपातिकतर्फ ११० सिटका लागि पनि मतगणना जारी छ। यसमा कुन दलबाट कुन उमेर समूहका कति सांसद आउँछन् ठ्याक्कै नतिजा आउन अझै केही दिन

» पृष्ठ २ मा क्रमशः

राष्ट्रिय सभाका १८ सांसदले लिए शपथ

काठमाडौं/ राष्ट्रिय सभाका नवनिर्वाचित १८ सदस्यले पद तथा गोपनीयताको शपथ लिएका छन्। ५९ सदस्यीय राष्ट्रिय सभामा रिक्त एकतिहाइ सदस्यका लागि ११ माघमा निर्वाचन भएको थियो। कोशी प्रदेशबाट रोशनी मेचे, सोमनाथ पोर्तेल र सुनीलबहादुर थापा, मधेश प्रदेशबाट रेखाकुमारी झा, धर्मेन्द्र पासवान, रञ्जित कर्ण र महन्थ ठाकुर, बागमती प्रदेशबाट गीता देवकाटा र प्रेमप्रसाद दंगाल तथा गण्डकी प्रदेशबाट जगत तिमिल्सिना र सम्झना देवकोटा निर्वाचित भएका थिए। त्यस्तै, लुम्बिनी प्रदेशबाट रामकुमारी झाँक्री, चन्द्रबहादुर केसी र वासुदेव घिमिरे, कर्णाली प्रदेशबाट मीनासिंह रखाल र ललितजंग शाही तथा सुदूरपश्चिमबाट लीलाकुमारी भण्डारी र खम्मबहादुर खाती निर्वाचित भएका थिए।



ठुला नेता ठुलै मतान्तरले पराजित

रास्वपाको जनलहरमा नेकपाका संयोजक प्रचण्डबाहेक गत वर्ष राष्ट्रिय दल बनेका सबै पार्टीका प्रमुख र पदाधिकारीहरू भएनन् अनुमोदित

०६४ मा समेत उपत्यकामा जोगिएका प्रमुख दल यसपटक किनारा लागे



(विस्तृत पृष्ठ ३)

जेन-जी आन्दोलनमा भएको ध्वंसपछिको पुनर्निर्माण सरकारले यो वर्ष चार अर्ब ३४ करोड खर्च गर्ने

आगामी दुई आर्थिक वर्षका लागि वार्षिक १० अर्ब १७ करोड बजेट सुनिश्चित गर्ने, क्षति पुगेका निजी प्रतिष्ठानलाई तीन वर्षसम्म सम्पत्ति करमा छुट दिने

(विस्तृत पृष्ठ ६)

जनादेशलाई सेयरबजारको भव्य स्वागत

निर्वाचनपछिको पहिलो दिन नेप्सेमा तीनपटक सकारात्मक सर्किट, नेप्से १६२.९३ अंकले बढेर २८७५.४३ विन्दुमा



मिलन विश्वकर्मा/नयाँ पत्रिका

निर्वाचनमार्फत प्राप्त ताजा जनादेशलाई सेयरबजारले 'भव्य' स्वागत गरेको छ। चुनावपछि खुलेको पहिलो कारोबार दिनमा नै नेपाल स्टक एक्सचेन्ज (नेप्से) इन्डेक्समा तीनपटक सकारात्मक सर्किट ब्रेक लागेको छ। यसलाई सरोकारवालाले स्थायी सरकार बन्ने अपेक्षाले लगानीकर्ता उत्साहित भएको रूपमा बुझेका छन्।

प्रतिनिधिसभाको निर्वाचनपछि सोमबार सेयर कारोबार खुला भएको थियो। सेयर कारोबार खुला भएको पहिलो मिनेट (११:००-११:०१) मै नेप्से इन्डेक्स चार प्रतिशतले बढेपछि २० मिनेटका लागि कारोबार बन्द गरियो। त्यसपछि खुलेको कारोबारमा पनि एक मिनेट (११:२०-११:२१)

» पृष्ठ २ मा क्रमशः

चुनावको नतिजाले लगानीकर्ता उत्साहित छन्



- **मुराहरि पराजुली**, प्रवक्ता, नेप्से

चुनावको जुन नतिजा आयो, त्यसले लगानीकर्तालाई उत्साहित बनाएको हुन सक्छ। लगानीकर्ता हौसिएर सेयर किन्न लागेका हुन सक्छन्। त्यसले माग बढायो र नेप्से इन्डेक्स बढायो। त्यसमा अत्यधिक वृद्धि देखिएपछि सर्किट ब्रेकर लगायौं। विभिन्न परिस्थितिका कारण बजार अत्यधिक बढ्ने वेलामा लगानीकर्ताले हौसिएर धेरै सेयर नकिनून् र घट्ने वेलामा पनि आत्तिएर सेयर बिक्री नगरून् भनेर सर्किट ब्रेकर लगाउने गरिन्छ। यसमा लगानीकर्तालाई सोच्ने मौका दिएको हो।

स्थिर सरकारको आशा सञ्चार भएको छ



- **सागर ढकाल**, अध्यक्ष
स्टक ब्रोकर एसोसिएसन अफ नेपाल

चुनावमा रास्वपाको बहुमत आयो। त्यसलाई बजारले सम्मान गरेको छ। विगतमा स्थायी सरकार नहुँदा पुँजी बजारसम्बन्धी नीतिले प्राथमिकता पाउन सकेनन्। अहिले रास्वपाले एकल बहुमत ल्याएसँगै स्थायी सरकार बन्ने आशा छ। त्यसमाथि रास्वपाले आफ्नो घोषणापत्रमा पुँजी बजारलाई प्राथमिकतामा राखेको छ। त्यसले गर्दा अब पुँजी बजारमैत्री नीति आउने अपेक्षा छ।



सांसद आइसके, बैठक बस्ने ठाउँ अझै बनेन

संघीय संसद् भवन निर्माण नसकिएकाले सोही भवनको बहुउद्देश्यीय सभा कक्षमा शपथ गराउने तयारी



नयाँ बन्दै गरेको संसद् भवन, जुन अझै पूर्ण भएको छैन। तस्बिरहरू : **अमुल थापा**



नयाँ भवनभित्रैको बहुउद्देश्यीय सभा कक्ष, जहाँ शपथ र बैठक गराउने तयारी छ

नयाँ पत्रिका

निर्वाचनको मतगणना सकिँदै गर्दा संसद् सचिवालय सांसदहरूको शपथग्रहण तयारीमा जुटेको छ। तर, सिंहदरबारस्थित निर्माणाधीन संसद् भवन तयार भइनसकेकाले सोही भवनमा रहेको एक हलमा शपथ गराउने तयारी छ।

संसद् सचिवालयले शपथको तयारी गरे पनि सांसदहरूलाई राख्ने भवन छैन। सिंहदरबारभित्र निर्माणाधीन संघीय

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

रवि र बालेनसँग मोदीको फोन संवाद, नयाँ सरकारका लागि शुभकामना

सरकार गठनअघि नै फोनमार्फत रास्वपा नेतृत्वलाई बधाई दिने मोदी पहिलो विदेशी सरकार प्रमुख

नयाँ पत्रिका

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने तथा भावी प्रधानमन्त्रीका रूपमा प्रस्तुत रास्वपाका वरिष्ठ नेता बालेन्द्र (बालेन) शाहसँग सोमबार टेलिफोन संवाद गरेका छन् । मोदीले साँझ सामाजिक सञ्जाल एक्समार्फत दुई नेतासँग भएको टेलिफोन वार्ताबारे सार्वजनिक गर्दै नयाँ सरकार गठनका लागि शुभकामना व्यक्त गरेका छन् ।

फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा रास्वपाले करिब दुईतिहाइ नजिक सिट जितेर सरकार गठनको तयारी गरिरहेका वेला भारतीय प्रधानमन्त्रीले नेताद्वयसँग संवाद गरेका हुन् । सरकार गठनअघि नै फोनमार्फत रास्वपा नेतृत्वलाई बधाई दिने उनी पहिलो विदेशी सरकार प्रमुख बनेका छन् । मोदीले ताजा जनादेशअनुसार नेपालमा बन्ने नयाँ सरकारसँग मिलेर काम गर्न भारत प्रतिबद्ध रहेको सन्देश दिएका छन् ।

'राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने तथा वरिष्ठ नेता बालेन्द्र शाहसँग हार्दिक टेलिफोन संवाद भयो । नेपालको निर्वाचनमा उहाँहरूको विजय तथा रास्वपाको प्रभावशाली सफलताप्रति दुवै नेताहरूलाई बधाई दिएँ,' मोदीले सोमबार सामाजिक सञ्जालमा लेखेका छन्, 'आगामी नयाँ सरकारका लागि शुभकामना व्यक्त गर्दै भारत र नेपालको पारस्परिक समृद्धि, प्रगति र दुवै देशका जनताको कल्याणका लागि भारत प्रतिबद्ध रहेको सन्देश पनि दिएँ ।' साथै, मोदीले थप भनेका छन्, 'हाम्रा संयुक्त प्रयासमार्फत आगामी वर्षहरूमा भारत-नेपाल सम्बन्ध नयाँ उचाइमा पुग्नेमा म विश्वस्त छु ।'

जनादेशलाई...

पृष्ठ १ बाट क्रमशः

मै नेप्से इन्डेक्स पाँच प्रतिशतले बढ्यो । त्यसपछि ४० मिनेटका लागि कारोबार बन्द गरिएको थियो । त्यसपछि खुलेको कारोबारमा पनि पहिलो मिनेट (१२:००-१२:०१) मै नेप्से इन्डेक्स ६ प्रतिशतले बढ्यो । लगातार तीनपटक सर्किट ब्रेक लागेपछि सोमबारका लागि कारोबार बन्द गरियो । यसरी सोमबार मुस्किलले तीन मिनेट मात्रै कारोबार भयो ।

सोमबार नेप्से १६२.९३ अंकले बढेर २८७५.४३ विन्दुमा पुगेको छ । सोमबार दुई सय ६१ कम्पनीको सेयर कारोबार हुँदा दुई सय ५७ कम्पनीको सेयर मूल्य बढेको छ । तर, रिलायन्स स्पिनिङ मिल्सको सेयर मूल्य भने १.४९ प्रतिशतले घटेको छ । अन्य कम्पनीको सेयर मूल्य भने स्थिरजस्तै छ । सोमबार ५५ करोड ५९ लाख ६३ हजारको सेयर कारोबार भएको छ । ११ लाख ४३ हजार सात सय ६७ कित्ता खरिद-बिक्री हुँदा चार हजार ५१ पटक सेयर कारोबार भएको छ ।

कारोबार सुरु भएको एक घण्टा नबित्दै चार प्रतिशतले नेप्से इन्डेक्स घटे वा बढेमा २० मिनेटका लागि ब्रेकर लाग्छ । त्यसपछि खुलेको कारोबार दुई घण्टा नबित्दै नेप्से इन्डेक्स पाँच प्रतिशतले बढे वा घटेमा ४० मिनेटका लागि कारोबार बन्द गरिन्छ । त्यसपछि खुलेको कारोबारमा नेप्से इन्डेक्स ६ प्रतिशतले बढे वा घटेमा सो दिनकै लागि कारोबार बन्द गरिने व्यवस्था छ ।

यसअघि गत २ असोजमा नकारात्मक सर्किट लागेको थियो । २३ र २४ भदौमा भएको जेन-जी आन्दोलन र त्यसको क्षति, त्यसपछि देखिएको अनिश्चिततालगायतका कारण लगानीकर्ताको मनोबल खस्किएपछि उक्त दिन नकारात्मक सर्किट ब्रेक लागेको थियो । त्यसअघि १६ असार ०७७, २८ मंसिर ०७८, २५ मंसिर ०८०, २१ फागुन ०८० मा सेयर बजारमा सकारात्मक सर्किट लागेको थियो । सेयर बजारमा सर्किट ब्रेकका घटना एकदमै न्यून हुन्छन् ।

निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले एकल बहुमत प्राप्त गरेको छ । रास्वपाले वरिष्ठ नेता बालेन्द्र शाहको नेतृत्वमा सरकार बनाउँदै छ, जुन सरकार पाँच वर्षसम्म टिक्ने अपेक्षा गरिएको छ । यसअघि संसद्मा कुनै पनि पार्टीको एकल बहुमत नहुँदा कुनै पनि सरकार पाँच वर्षसम्म टिक्न सकेनन् ।

स्टक ब्रोकर एसोसिएसन अफ नेपालका अध्यक्ष सागर ढकालले स्थायी सरकार बन्ने आशामा लगानीकर्ताको विश्वास बढेको बताए । 'चुनावमा रास्वपाको बहुमत आयो । त्यसलाई बजारले सम्मान गरेको छ । विगतमा स्थायी सरकार नहुँदा पुँजी बजारसम्बन्धी नीतिले प्राथमिकता पाउन सकेनन् । यसका मुद्दा नै ओझेलमा थिए,' उनले भने, 'तर, अहिले रास्वपाले एकल बहुमत ल्याएसँगै स्थायी सरकार बन्ने आशा छ । त्यसमाथि रास्वपाले आफ्नो घोषणापत्रमा पुँजी बजारलाई प्राथमिकतामा राखेको छ । त्यसले गर्दा अब पुँजी बजारमैत्री नीति आउने अपेक्षा छ । त्यो कार्यान्वयन भएको अवस्थामा सेयर बजार वार्षिक रूपमा १०-१५ प्रतिशतले बढ्दै जानेछ । सेयर बजारमा स्थिरता आउने आशा छ । यसले दीर्घकालीन रूपमा फाइदा नै हुनेछ ।'

यस्तै, नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीले रास्वपाको बहुमतले लगानीकर्तामा आत्मविश्वास देखिएको बताए । 'तुलनात्मक रूपमा रास्वपाले घोषणापत्रमा पुँजी बजारसम्बन्धी राम्रो एजेन्डा राखेको छ । अर्थतन्त्रसम्बन्धी पनि राम्रा एजेन्डा छन् । त्यसमाथि रास्वपाले जसलाई (डा. स्वर्णिम वाग्ले) अर्थमन्त्री बनाउने चर्चा छ । उहाँसँग सेयर बजारसहित समग्र अर्थतन्त्रसम्बन्धी राम्रो ज्ञान छ । अन्तर्राष्ट्रिय रूपमा पनि उहाँ परिचित हुनुहुन्छ । यी यस्ता कारणले अब अर्थतन्त्रले लय लिन्छ भन्ने छ । त्यसले लगानीकर्ताको आत्मबल बढाएको छ,' उनले भने, 'त्यसको असर सोमबारको सेयर बजारमा देखिएको छ । यो सेयर बजारमा आत्मविश्वास महत्त्वपूर्ण छ भन्ने उदाहरण पनि हो ।' नेप्सेको यस्तो वृद्धि टिकाउ हुनेमा चुनौती रहेको बताउँदै लगानीकर्ता संयमित हुन आवश्यक रहेको एक विज्ञले बताए ।

सांसद आइसके...

पृष्ठ १ बाट क्रमशः

संसद् भवन पाँचपटक म्याद थप्दा पनि निर्माण सम्पन्न हुन सकेको छैन । संसद् सचिवालयले निर्माणाधीन भवनको अतिरिक्त हललाई तयार गर्न लगाएर त्यहीं शपथ गराउने तयारी गरेको छ ।

संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार निर्वाचन आयोगबाट अन्तिम मतपरिणाम प्रतिवेदन प्राप्त भएपछि नवनिर्वाचित सांसदहरूलाई शपथ गराइनेछ । 'सरकारले निर्माणाधीन भवनभित्रै प्रतिनिधिसभा कक्षसहित केही पूर्वाधार १ चैतभित्र तयार गरिदिने भनेको थियो । तर, सम्भव देखिएन । वैकल्पिक रूपमा त्यहीं भएको बहुउद्देश्यीय सभा कक्षलाई तत्कालका लागि व्यवस्था गर्ने गरी अघि बढेका छौं,' प्रवक्ता गिरीले भने, 'त्यो हलको निर्माण अन्तिम चरणमा भएकाले त्यसैलाई सकाउन भनेका छौं । शपथ र आवश्यकताअनुसारका केही बैठक त्यही हलमा हुन्छ ।'

संविधानको धारा ८८ मा संघीय संसद्को प्रत्येक सदनका सदस्यले सदन वा त्यसको कुनै समितिको बैठकमा पहिलोपटक भाग लिनुअघि संघीय कानुनबमोजिम शपथ लिनुपर्ने व्यवस्था छ । निर्वाचनको अन्तिम परिणाम आइसकेको ३० दिनभित्र राष्ट्रपतिबाट संसद् अधिवेशन आह्वान हुन्छ । अधिवेशनको पहिलो बैठकअघि सांसदहरूलाई शपथ गराइन्छ ।

शपथ गराउनुअघि सुरुमा ज्येष्ठ सदस्यले राष्ट्रपतिबाट शपथ लिन्छन् । त्यसपछि ज्येष्ठ सदस्यले अन्य सदस्यलाई पद तथा गोपनीयताको शपथ गराउँछन् । यसपालि प्रतिनिधिसभामा ज्येष्ठ सदस्यका रूपमा काग्रेसका टेकबहादुर गुरुङ र स्वतन्त्र महावीर पुन ७१ वर्षका छन् । उनीहरूमध्ये जो ज्येष्ठ छन् उनैले शपथ गराउनेछन् । शपथपछि सांसदहरूले प्रतिनिधिसभा सदस्यको लोगो पाउँछन् ।

बानेश्वरको संसद् भवन जेन-जी आन्दोलनमा जलेपछि अहिले राष्ट्रिय सभा कृषि समितिको हलमा चलिरहेको छ ।

Invitation for Sealed Quotation for Supply and Delivery of Office Calendar, 2083

Jyoti Bikash Bank Limited (JBBL) invites sealed quotation from eligible Nepalese companies/firms for **Supply and Delivery of Office Calendar, 2083.**

Sealed quotation must be submitted to the General Service Department, Jyoti Bikash Bank Ltd, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 16th March 2026.

The Bank retains the discretion to fully or partially accept or reject any or all RFQ without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

Re-Invitation for Sealed Bid for the Managed Disaster Recovery Service
First Notice Published on 12th January 2026
Second Notice Published on 3rd February 2026

Jyoti Bikash Bank Limited (JBBL) reinvites sealed bids from eligible Nepalese firm/company for the Managed Disaster Recovery Service as mentioned below.

S.N.	Particular
1	Managed Disaster Recovery Service under Private Cloud Model

Sealed Bid must be submitted to the General Service Department, Jyoti Bikash Bank Limited, Head Office, Kamalpokhari, Kathmandu within office hours on or before 9th February 2026.

The Bank retains the discretion to fully or partially accept or reject any or all bid without providing any reasons.

For more details, please scan the QR Code

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

Head Office:
Kamalpokhari-01, Kathmandu, Nepal
Phone No.: 01-5970306/07/08/09/10
Web: www.jbbl.com.np | E-mail: info@jbbl.com.np

Request for Proposal (RFP)

ALL NEPAL FOOTBALL ASSOCIATION
ANFA Complex, Satdobato, Lalitpur, Nepal
Invitation for Bids No: ANFA/RFP/23/082-083
Date of publication: 10th March 2026

1. The **All-Nepal Football Association** invites proposals from eligible bidders for the **Title Sponsorship Rights, Marketing, Broadcasting & Digital Rights of Martyr's Memorial ANFA Women's League 2082.**
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur Ph. no. 01-5201060 Email: procurment@the-anfa.com** or through **ANFA Website www.the-anfa.com [more>downloads> general>RFP 23 (Women's League)]**
3. Bidders submitting their bids, should deposit the cost of bidding document of **NRs. 1000.00** in the following Rajaswa (revenue) account as specified below:
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : **Nepal Investment Mega Bank Limited, Durbarmarg**
   Name of the Office : **All Nepal Football Association**
   Office Account No. : **00101010031354**
4. Bids must be submitted to the office **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur** by hand/courier on or before **12.00 PM** on **16th March 2026**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14.00 PM** on **16th March 2026** at the office of **All Nepal Football Association (ANFA), Satdobato, Lalitpur**.
6. ANFA reserves the right for proposal/bid selection or rejection without assigning any reason whatsoever.

समानुपातिकमा...

पृष्ठ १ बाट क्रमशः

गरी उसले ६ महिला सांसद संसद्मा पठाउनुपर्छ । प्रत्यक्षमा एउटै महिला पनि निर्वाचित नभएकाले सबै समानुपातिकबाटै पठाउनुपर्छ ।

त्यस्तै, श्रम संस्कृति पार्टीले प्रत्यक्षमा तीन सिट जित्दा महिला सांसद छैनन् । उसले समानुपातिकमा चार सिट जित्ने देखिन्छ । कुल सात सिटको ३३ प्रतिशत अर्थात् कम्तीमा दुई महिला समानुपातिकबाटै पठाउनुपर्छ । राप्रपाले पनि समानुपातिकबाट दुई महिला सांसद संसद्मा पठाउनुपर्ने देखिन्छ । प्रत्यक्षमा एक सिट पुरुष सांसदले जितेकामा समानुपातिकमा चार सिट ल्याउने अवस्था रहेकाले कुल पाँच सिटको ३३ प्रतिशत अर्थात् दुई महिला पठाउनुपर्छ ।

चाउरिए पुराना दल

०७९ को निर्वाचनमा राम्रो जनमत पाएका सबै पुराना दल यसपालि नराम्ररी चाउरिएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीले प्रत्यक्षमा ७६ प्रतिशत सिट जितेर समानुपातिकमा पनि ४८ प्रतिशत हिस्सा सुनिश्चित गर्दा काग्रेस, एमाले र नेकपालाई ठुलो क्षति पुगेको हो ।

तुलनात्मक रूपमा सबैभन्दा ठुलो मार एमालेलाई परेको छ । ०७९ मा प्रत्यक्षतर्फ ४५ सिट जितेको एमाले यसपालि १६५ सिटकै नतिजा आउँदा नौ सिटमा सीमित भएको छ । एमालेको नतिजा समानुपातिकमा पनि उस्तै कमजोर छ । ०७९ मा समानुपातिकतर्फ सबैभन्दा धेरै २७ लाख ९१ हजार मत पाएकोमा यसपालि आधा खुम्चिएको छ । सोमबार राति १२ बजेसम्म एक करोड मत गणना हुँदा एमालेलाई करिब साढे १३ लाख मात्रै प्राप्त भएको छ । समानुपातिकतर्फ कुल एक करोड नौ लाख ७७ हजार मत खसेको छ ।

०७९ को निर्वाचनमा प्रत्यक्षमा केवल नौ सिट जितेको रास्वपाले अहिले १२५ सिट जितेको छ । त्यतिवेला समानुपातिकमा ११ लाख २४ हजार मात्रै मत पाएको उसले एक करोड गणना हुँदा झन्डै आधा अर्थात् ४८ लाख कटाएको छ । रास्वपाले सबैतिर एकछत्र जित निकाल्दा काग्रेस पनि नराम्ररी खुम्चिएको छ । ०७९ मा प्रत्यक्षतर्फ ५७ सिट जितेकोमा अहिले १८ सिटमै सीमित भएको छ । त्यतिवेला समानुपातिकमा २६ लाख ६६ हजार मत पाएको काग्रेसले यसपालि अहिलेसम्म १६ लाख मात्रै प्राप्त गरेको छ ।

नेकपा पनि आधा नै खुम्चिएको छ । ०७९ मा प्रत्यक्षमा १८ सिट जितेको नेकपा (तत्कालीन माओवादी)ले अहिले आठ सिट मात्रै जितेको छ । अझ यो पार्टी त्यतिवेला प्रत्यक्षमा १० सिट जितेको तत्कालीन एकीकृत समाजवादीसहित २२ कम्युनिस्ट पार्टी तथा समूह जोडिएर बनेको हो । यो अवस्थामा पनि नेकपाको समानुपातिक मतसमेत घटेको छ । ०७९ मा ११ लाख ६२ हजार मत ल्याएको नेकपा (तत्कालीन माओवादी मात्र)ले यसपालि मतगणना उत्तरार्धतिर पुग्दा सवा सात लाख मात्रै कटाएको छ ।

त्यस्तै, ०७९ मा प्रत्यक्षमा सात सिट जितेको राप्रपा अहिले एक सिटमै सीमित भएको छ भने आठ सिट जितेको जसपा, तीन सिट जितेको नागरिक उन्मुक्ति तथा एक-एक सिट जितेका नेमकिपा, जनमत र राष्ट्रिय जनमोर्चा 'क्लिनस्विप' भएका छन् । बरु नयाँ उदाएको श्रम संस्कृतिले तीन सिट जितेको छ । श्रम संस्कृतिले समानुपातिक सिटका लागि थ्रेसहोल्ड पनि कटाएको छ । राप्रपाले समेत समानुपातिकमा अधिल्लो निर्वाचनको भन्दा कम मत पाएको छ भने थ्रेसहोल्ड कटाउन तीन हजार भोट आवश्यक छ । प्रत्यक्षको एक सिटमा स्वतन्त्र उम्मेदवार विजयी भएका छन् ।

समानुपातिकतर्फको ११० सिटका लागि पनि मतगणना उत्तरार्धतिर पुग्दा रास्वपालाई नै झन्डै आधा मत प्राप्त भएको छ । समानुपातिकमा कुल एक करोड नौ लाख ७७ हजार ७११ मत खसेकोमा राति १२ बजेसम्म एक करोड मत गणना हुँदा रास्वपालाई ४८ लाख प्राप्त भएको छ । ११० सिटमा यो मतको हिस्सा ५३ सिट हुन आउँछ ।

त्यस्तै, काग्रेसले १६ लाख, एमालेले करिब साढे १३ लाख र नेकपाले सवा सात लाख मात्रै मत पाएका छन् । श्रम संस्कृतिले तीन लाख ४० हजार पाएर थ्रेसहोल्ड कटाएको छ भने तीन लाख १४ हजार कटाएको राप्रपालाई थ्रेसहोल्ड कटाउन तीन हजार मत आवश्यक छ । थ्रेसहोल्ड कटाउन कुल सदर मतको तीन प्रतिशत ल्याउनुपर्छ । अहिलेकै रेसियोमा मत पाए थ्रेसहोल्ड कटाउने पनि देखिन्छ । मत प्राप्तको यही रेसियो कायम रह्यो भने समानुपातिकमा काग्रेसले १८, एमालेले १४, नेकपाले आठ तथा श्रम संस्कृति र राप्रपाले तीन-तीन सिट पाउने देखिन्छ ।

हालसम्म गणना भएको हिसाबमा ६ दलले पाउने सिटसंख्या ९९ हुन आउँछ । यसमा थ्रेसहोल्ड नकटाउने दलले पाएको मतअन्तर्गतको बाँकी ११ सिट पनि ६ दलमै जोडिन्छ । निर्वाचन आयोगका अनुसार समानुपातिक प्रणालीतर्फ कुल ६३ दलले भाग लिएका छन् । ५७ दलले थ्रेसहोल्ड नकटाउने देखिएको छ ।

थ्रेसहोल्ड नकटाउने मत १० प्रतिशत पुग्ने आयोगको अनुमान छ । यो कुल सदर मतको १० लाख ५९ हजार ३४९ मत हो । सदर मतबाट यो घटाउँदा ९५ लाख ३४ हजार १४२ मत हुन आउँछ । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनअनुसार यसलाई नै कुल सदर मत मानेर ६ दलले प्राप्त गरेको मत प्रतिशतका आधारमा सिट बाँडफाँट हुनेछ । यही ९५ लाख ३४ हजार १४२ को आधारमा ११० सिटको बाँडफाँड हुनेछ । निर्वाचन आयोगका प्रवक्ता नारायण भट्टराईका अनुसार समानुपातिक मत गणना सक्न बुधबार बिहानसम्म लाग्नेछ ।

'आयोगले निर्धारित संख्यामा समानुपातिक क्लस्टरअनुसारको प्रतिनिधित्व हुने गरी निर्वाचित हुने सांसदको नाम सिफारिस गर्न राजनीतिक दलहरूलाई पत्राचार गर्नेछ,' प्रवक्ता भट्टराईले भने, 'दलहरूले बन्दसूचीभित्रबाट नाम सिफारिस गरेपछि सो नामावली समावेशी क्लस्टरबमोजिम मिले नमिलेको रुजु गरी समानुपातिकतर्फका निर्वाचित सांसदको नाम यकिन गरी प्रमाणपत्र उपलब्ध गराउने कार्य गर्नेछ ।' ५ चैतभित्र यी सबै काम सम्पन्न गरिसक्ने लक्ष्यसहित आयोगले काम गरिरहेको पनि उनले बताए ।

प्रत्यक्षतर्फ...

पृष्ठ १ बाट क्रमशः

लाग्नेछ । तर, बढी सिट जित्ने निश्चित भएको रास्वपाले मनोनयन सूचीमा अधिकांश युवालाई नै समेटेकाले अबको संसद्मा समग्रमै ५० वर्ष ननाघेकाको बाहुल्य हुने देखिन्छ ।

प्रत्यक्षमा १२५ सिट जितेको रास्वपामा युवा सांसदकै बाहुल्य देखिन्छ । प्रत्यक्षमा निर्वाचितहरूको उमेरगत विवरण विश्लेषण गर्दा ३० वर्ष वा मुनिका १२ जना छन् । जसमध्ये ११ जना रास्वपाबाट नै निर्वाचित भएका हुन् । एकजना श्रम संस्कृति पार्टीबाट निर्वाचित भएका छन् ।

सबैभन्दा कान्छो सांसद बनेका छन् मकवानपुर २ बाट निर्वाचित २५ वर्षीय प्रशान्त उप्रेती । त्यस्तै, नवलपरासी पूर्व २ बाट निर्वाचित मनीष खनाल र कैलाली २ बाट निर्वाचित केपी खनाल पनि २६ वर्षका छन् । त्यस्तै, सिराहा १ बाट निर्वाचित बब्लु गुप्ता र रूपन्देही २ बाट निर्वाचित सुलभ खरेल २८ वर्षका छन् । झापा १ बाट निर्वाचित निशा डाँगी, काठमाडौं ५ बाट निर्वाचित सस्मित पोखरेल र खोटाङ १ बाट निर्वाचित आरेन राई तीनैजना २९ वर्षका छन् । जेन-जी उमेर समूहबाट सांसद बनेका यी आठजनामा राईबाहेक सबै रास्वपाका हुन् । राई भने श्रम संस्कृति पार्टीका हुन् । यीबाहेक ३० वर्ष उमेरका चारजना सांसद बनेका छन् । सिराहा २ बाट शिवशंकर यादव, सप्तरी २ बाट रामजी यादव, चितवन ३ बाट सोविता गौतम र काठमाडौं १ बाट रञ्जु दर्शना रास्वपाबाटै उम्मेदवारी दिएर निर्वाचित भएका हुन् ।

३१ देखि ४० वर्ष उमेरका ४९ सांसद निर्वाचित भएका छन् । त्यस्तै, ४१ देखि ५० वर्ष उमेर समूहका ५७ जना सांसद बनेका छन् । ३६ सांसद ५१ देखि ६० वर्ष उमेरका छन् । ६१ वर्षदेखि माथिका १० सांसद छन् जसमा काग्रेसका टेकबहादुर गुरुङ र स्वतन्त्र उम्मेदवारी दिएका महावीर पुन सबैभन्दा धेरै उमेर ७१ वर्षका छन् । गुरुङ मनाङ र पुन म्याग्दीबाट निर्वाचित भएका हुन् ।

कुन उमेर समूहमा कुन दलका कति ?

३० वर्षमुनिका १२ सांसद :

रास्वपाका ११ र श्रम संस्कृतिका १

- प्रशान्त उप्रेती - मकवानपुर २ (२५ वर्ष)
- मनिष खनाल - नवलपरासी पूर्व २ र केपी खनाल - कैलाली -२ (२६ वर्ष)
- बब्लु गुप्ता - सिराहा १ र सुलभ खरेल - रूपन्देही २ (२८ वर्ष)
- निशा डाँगी - झापा १, सस्मित पोखरेल - काठमाडौं ५, आरेन राई - खोटाङ १ (२९ वर्ष)
- शिवशंकर यादव - सिराहा २, रामजी यादव - सप्तरी २, सोविता गौतम - चितवन ३ र रञ्जु दर्शना - काठमाडौं १ (३० वर्ष)

३१ देखि ४० वर्षसम्मका ४९ सांसद : रास्वपाका ४१, कांग्रेसका ५, एमालेका २ र राप्रपाका १

- रुविना आचार्य - मोरङ ६ र सुशान्त वैदिक - प्युठान १ (३१ वर्ष)
- योगेश गौचन थकाली (काग्रेस) - मुस्ताङ १ (३२ वर्ष)
- तपेश्वर यादव- सिराहा ४, उज्ज्वलकुमार झा- महोत्तरी ३, बदनकुमार भण्डारी - काभ्रेपलाञ्चोक २ र झविलाल डुम्रे - स्याङ्जा २ (३३ वर्ष)
- सन्तोष राजवंशी - मोरङ ४, दीपककुमार साह - महोत्तरी २, सोम शर्मा - बागलुङ २, सागर ढकाल - गुल्मी १, ज्ञानबहादुर शाही (राप्रपा) - जुम्ला १ (३४ वर्ष)
- सुनील लम्साल - रूपन्देही १, खगेन्द्र सुनार - बाँके ३, निस्कल राई (काग्रेस) - इलाम १ (३५ वर्ष)
- बालेन्द्र शाह - झापा ५, पुष्पाकुमारी चौधरी - सप्तरी १, सुशीलकुमार कानु - पर्सा ३, जगदीश खरेल - दोलखा १, तोसिमा कार्की - ललितपुर ३, कन्हैया बनियाँ - रूपन्देही ४, सुहाङ नेम्वाङ (एमाले) - इलाम २ (३६ वर्ष)
- प्रकाश पाठक - झापा २, आशिका तामाङ - धादिङ १, प्रकाश गौतम - मकवानपुर १ र हरिप्रसाद भुसाल - अर्घाखाँची १ (३७ वर्ष)
- रविन महतो - सर्लाही २, धनेन्द्र कार्की - सिन्धुली १, पुकार बम - काठमाडौं ४, तौफिक अहमद खान - रूपन्देही ५, सुदन गुरुङ - गोरखा १, कमल सुवेदी - दाङ ३, दीपकराज बोहरा - कञ्चनपुर २, सन्दीप राना (कांग्रेस) - पाल्पा १, क्षितिज थेबे (एमाले) - ताप्लेजुङ १ (३८ वर्ष)
- रहवर अन्सारी - बारा ४, राजीव खत्री - भक्तपुर २, राजन गौतम - नवलपरासी पूर्व १, सुशील खड्का - बाग्लुङ १, विपिनकुमार आचार्य - दाङ २, जगतकुमार जोशी - कैलाली ३, लालविक्रम थापा - सुनसरी २ र मो. फिरदोष आलम (काग्रेस) - रौतहट २ (३९ वर्ष)
- कृष्णकुमार कार्की - मोरङ २, गणेश कार्की - मोरङ ३, पारशमणि गेलाल - उदयपुर १, प्रमोदकुमार महतो - महोत्तरी १, ज्ञानेन्द्रसिंह महता - कञ्चनपुर ३ र खडकबहादुर बुढा (काग्रेस)- जाजरकोट १ (४० वर्ष)

४१ देखि ५० वर्षका ५७ :

रास्वपाका ४३, कांग्रेसका ५, नेकपामा ४, एमालेका ३ र श्रम संस्कृतिका २

- यज्ञमणि न्यौपाने - मोरङ १, सूर्यबहादुर तामाङ - उदयपुर २, शम्भुकुमार यादव - सिराहा १, अरविन्द साह - बारा ३, ऐनबहादुर महर (एमाले) - बझाङ १, हर्कराज राई (श्रम संस्कृति) - सुनसरी १, ध्रुवराज राई (श्रम संस्कृति) - भोजपुर १ (४१ वर्ष)
- आशा झा - मोरङ ५, अशोककुमार चौधरी - सुनसरी ३, चन्दनकुमार सिंह - बारा २, हरि ढकाल - चितवन १ (४२ वर्ष)
- नीतिमा भण्डारी कार्की - सर्लाही १, गणेश पौडेल - रौतहट ४, गणेश धिमाल - बारा १, सुनील केसी - काठमाडौं २, जगदीश खरेल - ललितपुर २, उत्तमप्रसाद पौडेल - कास्की २, विक्रम तिमिल्सिना - नुवाकोट १, अभिषेकप्रताप शाह (काग्रेस) - कपिलवस्तु ३, युवराज दुलाल (नेकपा) - सिन्धुपाल्चोक २ (४३ वर्ष)
- अमरकान्त चौधरी - सप्तरी ३, आशिष गजुरेल - सिन्धुली २, विराजभक्त श्रेष्ठ - काठमाडौं ८, सागर भुसाल - पर्वत १, कृष्णहरि बुढाथोकी- रामेछाप १ (४४ वर्ष)
- धर्मराज केसी - लमजुङ १, माधवबहादुर थापा - पाल्पा २, मनीष झा - धनुषा ३, बासना थापा (काग्रेस) - दैलेख १ (४५ वर्ष)
- बुद्धिप्रसाद पन्त - पर्सा १, गणेश पराजुली - काठमाडौं ७, रुकेश रन्जित - भक्तपुर १, कवीन्द्र बुर्लाकोटी - गोरखा २, खडकराज पौडेल - कास्की १, रमेशकुमार सापकोटा - सुर्खेत २, मोहम्मद इस्तियाक राई (एमाले) - बाँके २ (४६ वर्ष)
- शिशिर खनाल - काठमाडौं ६, बुद्धरत्न महर्जन- ललितपुर १, कोमल ज्ञवाली - कैलाली १, जयपति रोकाया (काग्रेस) - हुम्ला १, रमेशकुमार मल्ल (नेकपा)- सल्यान १ (४७ वर्ष)
- रवीन्द्र पटेल - रौतहट ३, अचुतम लामिछाने - नुवाकोट २, डा. लेखजंग थापा - रूपन्देही ३, खेमराज कोइराला - कैलाली ४, मोहन आचार्य (कांग्रेस) - रसुवा १, सन्तोष सुब्बा (काग्रेस) - तेह्रथुम १, गोपाल शर्मा (नेकपा) - रुकुम पश्चिम १ (४८ वर्ष)
- रामविनोद यादव - धनुषा २, महेन्द्रबहादुर शाही (नेकपा) - कालीकोट १, दीपककुमार साह - सुनसरी ४ (४९ वर्ष)
- टेकबहादुर शाक्य - पर्सा ४, रवि लामिछाने - चितवन २, धनञ्जय रेग्मी - स्याङ्जा १, आनन्दबहादुर चन्द - कैलाली ५, शम्भुप्रसाद ढकाल - झापा ४, यज्ञबहादुर बोगटी (एमाले) - अछाम २ (५० वर्ष)

५१ देखि ६० वर्षका ३६ सांसद :

रास्वपाका २८, कांग्रेसका ४, एमाले र नेकपाका २-२

- राजकिशोर महतो - धनुषा ४, डोलप्रसाद अर्याल - काठमाडौं ९, प्रदीप विष्ट - काठमाडौं १०, स्वर्णिम वाग्ले - तनहुँ १, गोविन्द पन्थी - गुल्मी २, ठाकुरसिंह थारू - बर्दिया १, नरेन्द्रकुमार गुप्ता - नवलपरासी पश्चिम २, धनबहादुर बुढा (नेकपा) - डोल्पा १ (५१ वर्ष)
- नरेन्द्र साह कलवार - सर्लाही ३, विना गुरुङ - कास्की ३, मोहनलाल आचार्य - कपिलवस्तु १, श्रीधर पोखरेल - बर्दिया २, नरेन्द्रकुमार केरुङ (काग्रेस) - पाँचथर १ (५३ वर्ष)
- गौरी कुमारी - महोत्तरी ४, राजेशकुमार चौधरी - रौतहट १, ताराप्रसाद जोशी - डडेलधुरा १, वर्षमान पुन (नेकपा) - रोल्पा १ (५४ वर्ष)
- इन्दिरा रानामगर - झापा २, अमरेशकुमार सिंह - सर्लाही ४, राजुनाथ पाण्डे - काठमाडौं ३, विक्रम खनाल - नवलपरासी पश्चिम १, जनकसिंह धामी - कञ्चनपुर १ (५५ वर्ष)
- बोधनारायण श्रेष्ठ - धादिङ २, मधुकुमार चौलागाईं - काभ्रेपलाञ्चोक १, श्रीराम न्यौपाने - तनहुँ २, सुरेशकुमार चौधरी - बाँके १, (५६ वर्ष)
- रामाकान्तप्रसाद चौरसिया - पर्सा ३, भरतप्रसाद पराजुली - सिन्धुपाल्चोक १, गणेशसिंह ठगुन्ना (एमाले) - दार्चुला १ (५७ वर्ष)
- खड्ग शाही (काग्रेस) - मुगु १ र विष्णुबहादुर खड्का (काग्रेस) - सुर्खेत १ (५९ वर्ष)
- विश्वराज पोखरेल - ओखलढुंगा १, हरिमोहन भण्डारी - बैतडी १, राजेन्द्रकुमार राई (एमाले) - धनकुटा १ (५९ वर्ष)
- देवराज पाठक- दाङ १, जनकराज गिरी (काग्रेस) - बाजुरा १ (६० वर्ष)

६१ देखि ७० वर्षका ९ सांसद : कांग्रेसका ३, रास्वपा र एमालेका २-२ र नेकपाका १

- प्रकाशसिंह कार्की (काग्रेस) - सोलुखुम्बु १, अर्जुनकुमार कार्की (एमाले)- संखुवासभा १ (६२ वर्ष)
- विक्रम थापा - कपिलवस्तु २, लक्ष्मीप्रसाद पोखरेल (एमाले) - दैलेख २ (६३ वर्ष)
- सीताराम साह - सप्तरी ४ (६५ वर्ष)
- मातृका यादव (नेकपा) - धनुषा १ (६७ वर्ष)
- भरतबहादुर खड्का (काग्रेस) - डोटी १ (६८ वर्ष)
- भरतकुमार स्वाँर (काग्रेस) - अछाम १, पुष्पकमल दाहाल 'प्रचण्ड' (नेकपा) - रुकुम पूर्व १ (७० वर्ष)

सबैभन्दा धेरै उमेर ७१ वर्षका २ सांसद

- टेकबहादुर गुरुङ (काग्रेस) - मनाङ १, महावीर पुन (स्वतन्त्र) - म्याग्दी १

ठुला नेता ठुलै मतान्तरले पराजित

रास्वपाको जनलहरमा नेकपाका संयोजक प्रचण्डबाहेक गत वर्ष राष्ट्रिय दल बनेका सबै पार्टीका प्रमुख र पदाधिकारीहरू भएनन् अनुमोदित

प्रेम गौतम/नयाँ पत्रिका

हालै सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा कांग्रेस, एमाले, नेकपा र मधेशकेन्द्रित दलका शीर्ष नेताहरू नै पराजित भएका छन्। 'हेभिवेट'का रूपमा विगतमा निर्वाचन जित्दै आएका ठुला नेताहरू यसपटक ठुलै मतान्तरले पराजित भए।

संगठन र प्रभावका कारण उनीहरूले विगतमा जित्दै आएका थिए। तर, योपटक रास्वपाका लहरमा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डबाहेक गत वर्ष राष्ट्रिय दल बनेका सबै पार्टीका प्रमुख पराजित भए, त्यो पनि धेरै मतान्तरले। गत संसदका दुई ठुला दल कांग्रेस र एमालेका निर्वाचन लडेका सबै पदाधिकारी पराजित भए। त्यति मात्र होइन, पुराना पार्टीका अन्य चर्चित नेताहरू पनि पराजित भएका छन्। यसले राजनीतिक वृत्तमा तरंग सिर्जना गरेको छ।

कांग्रेसले उम्मेदवार बनाएका सबै पदाधिकारी पराजित भएका छन्। सभापति गगन थापासहित आठ पदाधिकारी उम्मेदवार बनेका थिए। निर्वाचनको मुखमा विशेष महाधिवेशन गरेर पदाधिकारी बनेका सबै उम्मेदवार पराजित भएका हुन्। सभापति थापा सर्लाही ४ बाट रास्वपाका अमरेशकुमार सिंहसँग पराजित भए। सिंहले थापालाई झन्डै ११ हजार मतले पराजित गरेका छन्। रास्वपा उम्मेदवार सिंह ३५ हजार ६८८ मत ल्याएर सांसद निर्वाचित हुँदा थापाले २२ हजार ८३१ मत ल्याएका छन्।

महामन्त्रीहरू प्रदीप पौडेल र गुरुराज घिमिरे पनि पराजित भएका छन्। पौडेल काठमाडौं ५ मा र घिमिरे मोरङ ४ बाट रास्वपाका उम्मेदवारसँग पराजित भएका हुन्। पौडेल रास्वपाका सस्मित पोखरेलसँग साढे २१ हजार मतान्तरले पछि परे। पोखरेल ३० हजार ७३७ मत ल्याउँदा पौडेल ९ हजार १५९ मतमा सीमित भए। पौडेल गत निर्वाचनमा यही क्षेत्रबाट निर्वाचित भएका थिए। अर्का महामन्त्री घिमिरे रास्वपाका सन्तोष राजवंशीसँग २८ हजार मतले पराजित भएका छन्। राजवंशीले ४० हजार ८३३ मत ल्याउँदा घिमिरेले १२ हजार ८१८ मतमा सीमित भए।

कांग्रेसका सात सहमहामन्त्रीहरू पनि पराजित भएका छन्। सहमहामन्त्रीहरूमा फरमुल्लाह मन्सुर, उदयशमशेर राणा, प्रकाश रसाइली स्नेही, योगेन्द्र चौधरी र कर्णबहादुर बुढा पराजित भएका हुन्। मन्सुर बारा ३ बाट रास्वपाका अरबिन्द साहसँग पराजित भए। ४० हजार ६९७ मत ल्याएर साह निर्वाचित हुँदा मन्सुरले जम्मा १० हजार ५२ मत मात्रै ल्याए। राणा ललितपुर १ बाट रास्वपाकै बुद्धरत्न महर्जनसँग पराजित भए। महर्जनले २३ हजार ३७३ मत ल्याएर जित्दा राणाले १३ हजार ५२० मत ल्याए। रसाइली एमालेका ऐनबहादुर महरसँग पराजित भए। महरले १८ हजार ५४३ मत ल्याउँदा रसाइलीले १६ हजार ३०४ मत ल्याए। चौधरी दाङ १ बाट रास्वपाकै देवराज पाठकसँग पराजित भए। पाठकले ४२ हजार ६०२ मत ल्याउँदा चौधरी १५ हजार २८० मतमा सीमित भए।



बुढा डोल्पाबाट आफ्नै सहोदर भाइ नेकपामा धनबहादुर बुढासँग पराजित भए। धनबहादुरले ६ हजार ८०२ मत ल्याउँदा कर्णबहादुरले २ हजार ९४७ मत ल्याए। कांग्रेसका चर्चित नेताहरू शेखर कोइराला, एनपी साउद, विजय गच्छदार, विमलेन्द्र निधि र मीनेन्द्र रिजाल पनि पराजित भएका छन्।

झापा ५ मा एमाले अध्यक्ष केपी ओलीलाई रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह बालेनले ४९ हजार ६१४ मतले पराजित गरेका छन्। बालेनले ६८ हजार ३४८ मत ल्याउँदा ओली १८ हजार ७३४ मतमा समेटिए। एमाले अध्यक्ष मात्रै होइन, निर्वाचन लडेका तीनैजना उपाध्यक्ष पनि पराजित भएका छन्। रुपन्देही २ बाट उम्मेदवार बनेका उपाध्यक्ष विष्णु पौडेल रास्वपाका सुलभ खरेलसँग भारी मतान्तरले पराजित भए। खरेल ५६ हजार ५५० मत ल्याएर निर्वाचित हुँदा पौडेल १२ हजार ८६१ मतमा रोकिए।

एमालेका अर्का उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ लमजुङबाट पराजित भएका छन्। उनी पनि रास्वपाकै धर्मराज केसीसँग पराजित भए। केसीले ३३ हजार ८९८ मत ल्याउँदा गुरुङ १६ हजार ८७६ मतमा खुम्चिए। अर्का उपाध्यक्ष गोकर्ण विष्ट गुल्मी २ बाट पराजित भए। उनी भने थोरै मतान्तरले पराजित भए। उनी पनि रास्वपाकै गोविन्द पन्थीसँग पराजित भए। पन्थीले १६ हजार ९६७ मत ल्याउँदा विष्टले १६ हजार ४०६ मत ल्याए।

एमाले महासचिव शंकर पोखरेल दाङ २ बाट रास्वपाकै सहमहामन्त्री विपिन आचार्यसँग भारी मतान्तरले पराजित भए। आचार्यले ४३ हजार ५५९ मत ल्याउँदा पोखरेल १५ हजार २८७ मतमा सीमित भए।

उपमहासचिवद्वय लेखराज भट्ट र रघुवीर महासेठ दुवै तेह्रो स्थानमा खुम्चिए। भट्टको क्षेत्र कैलाली ४ मा रास्वपाका खेमराज कोइराला २८ हजार ५५६ मतसहित निर्वाचित भए। दोस्रो स्थानमा कांग्रेसका गोखरबहादुर विष्टले ११ हजार ३०१ मत ल्याए भने भट्टले ९ हजार ४४४ मतमा सीमित भए। महासेठ धनुषा ४ मा तेस्रो हुँदा रास्वपाका राजकिशोर महतोले ४८ हजार २७० मत ल्याएर निर्वाचित भए। दोस्रो स्थानमा आएका कांग्रेसका महेन्द्र यादवले १५ हजार ८०९ मत ल्याए भने महासेठ ११ हजार ५२९ मतमा खुम्चिए।

सचिव भानुभक्त ढकाल तेह्रथुमबाट पराजित भए। ढकाललाई कांग्रेसका सन्तोष सुब्बाले पराजित गरे। सुब्बाले ११ हजार ५६१ मत ल्याउँदा ढकाल १० हजार ६८२ मतमा रोकिए। अर्का सचिव राजन भट्टराई पनि काठमाडौं ४ बाट पराजित भए। काठमाडौं ४ मा पुकार बम २९ हजार १४२ मत ल्याएर निर्वाचित हुँदा दोस्रो स्थानमा कांग्रेसका सचिन तिमल्सिनाले ८ हजार ८२४ मत ल्याए। भट्टराई भने ५ हजार ७३३ मतमा सीमित भए।

सचिव महेश बस्नेत भक्तपुर २ बाट रास्वपाका राजीव खत्रीसँग पराजित भए। खत्रीले ४२ हजार ३३४ मत ल्याउँदा बस्नेत १० हजार ९९६ मतमा सीमित भए। अर्का सचिव शेरधन राई भोजपुरबाट पराजित भएका छन्। उनलाई श्रम संस्कृति पार्टीका ध्रुव राईले पराजित गरे। ध्रुवले १६ हजार ६६३ मत ल्याउँदा शेरधन १४ हजार ७५० मतमा सीमित भए।

पूर्ववरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल काठमाडौं ५ बाट रास्वपाकै सस्मित पोखरेलसँग पराजित भए। सस्मित ३० हजार ७३७ मतसहित निर्वाचित हुँदा दोस्रो स्थानमा कांग्रेसका महामन्त्री प्रदीप पौडेलले नौ हजार १५९ मत ल्याए। तेस्रो स्थानमा आएका ईश्वर पोखरेल चार हजार ७०१ मतमा रोकिए।

पूर्वउपमहासचिव प्रदीप ज्ञवाली गुल्मी १ बाट रास्वपाकै सागर ढकालसँग पराजित भए। ढकाल २९ हजार ६४२ मतसहित विजयी हुँदा ज्ञवालीले १५ हजार १८१ मत ल्याए। तेस्रो स्थानमा कांग्रेसका चन्द्र भण्डारी १३ हजार ५०५ मतमा रोकिए। झापा २ मा पूर्वसभामुखसमेत रहेका एमालेका देवराज घिमिरेलाई पूर्वउपसभामुख रास्वपाकी इन्दिरा रानामगरले ४८ हजार ७४२ मतान्तरले पराजित गरिन्। ६० हजार ११० मत पाएकी रानामगरले घिमिरेलाई ११ हजार ३६८ मतमै रोकिइन्।

नेकपाका सहसंयोजक माधवकुमार नेपाल, वरिष्ठ नेताहरू नारायणकाजी श्रेष्ठ, भीम रावल, महिन्द्रराय यादव, राजेन्द्र पाण्डे, गिरिराजमणि पोखरेल र शक्ति बस्नेत पराजित भए। रौतहट १ बाट नेपाल रास्वपाका राजेशकुमार चौधरीसँग पराजित भए। नेपालले ७ हजार ६६९ मत ल्याउँदा चौधरी २८ हजार ९४६ मतसहित निर्वाचित भए। सर्लाही ३ बाट श्रेष्ठले १३ हजार ३३८ मत ल्याउँदै रास्वपाका नरेन्द्र साह कलवार ४६ हजार ८९० मतसहित निर्वाचित भए। सर्लाही २ बाट यादवले ८ हजार ५२३ मत ल्याउँदा रास्वपाका रविन महतो ४२ हजार ५१२ मतसहित निर्वाचित भए। अछाम १ मा रावलले १० हजार २३३ मत ल्याउँदा कांग्रेसका भरतकुमार स्वार १० हजार ७५९ मतले निर्वाचित भए। धादिङ १ बाट पाण्डेले १४ हजार ७०९ मत ल्याउँदा रास्वपाकी आशिका तामाङ ३९ हजार १२८ मतसहित विजयी भइन्। महोत्तरी १ मा पोखरेलले १२ हजार ६२४ मत ल्याउँदा रास्वपाका प्रमोद महतो ३४ हजार ६३६७ मतसहित विजयी भए। जाजरकोटबाट बस्नेतले १७ हजार ४०७ मत ल्याउँदा कांग्रेसका खड्गबहादुर बुढा २० हजार १४२ मत ल्याएर निर्वाचित भए।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन र पूर्वअध्यक्ष कमल थापा पनि पराजित भए। झापा ३ बाट लिङ्देनले १७ हजार २९४ मत ल्याउँदा रास्वपाका प्रकाश पाठक ३८ हजार ६७४ मतसहित निर्वाचित भए। काठमाडौं ५ बाट थापाले १ हजार ९२२ मत ल्याउँदा रास्वपामा सस्मित पोखरेल ३० हजार ७३७ मतसहित निर्वाचित भए।

जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, राष्ट्रिय मुक्ति पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष सिके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह पनि पराजित भएका छन्। सप्तरी ३ बाट जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले १५ हजार २३९ मत ल्याउँदा रास्वपाका अमरकान्त चौधरी ३२ हजार ८७५ मतसहित निर्वाचित भए। सर्लाही २ बाट राजेन्द्र महत्तोले ५ हजार ९९२ मत ल्याउँदा रास्वपाका रविन महतो ४२ हजार ५१२ मतसहित विजयी भए। सप्तरी २ बाट जनमत पार्टीका अध्यक्ष सिके राउतले ९ हजार ८८० मत ल्याउँदा रास्वपाका रामजी यादव २८ हजार ४०४ मतसहित निर्वाचित भए। रौतहट ३ मा प्रभु साहले ९ हजार ८९० मत ल्याउँदा रास्वपाका रवीन्द्र पटेल २७ हजार ३१८ मतसहित निर्वाचित भए।

संक्षेप

सल्यानका १४ मध्ये १० उम्मेदवारको जमानत जफत

सल्यान/ सल्यानका १४ उम्मेदवारमध्ये चारजनाले मात्र आफ्नो जमानत बचाउन सफल भएका छन्। बाँकी १० उम्मेदवारको जमानत जफत भएको छ। जिल्ला निर्वाचन कार्यालय सल्यानका अनुसार नेपाली कम्युनिस्ट पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, कांग्रेस र एमालेका उम्मेदवारले मात्र आफ्नो जमानत बचाउन सफल भएका छन्। नेकपाका रमेशकुमार मल्ले २९.०९ प्रतिशत, रास्वपाका ललितकुमार चन्ले २६.२२ प्रतिशत, कांग्रेसका केशबहादुर विष्टले २२ दशमलव ०२ र एमालेका गुलाबजंग शाहले १९ दशमलव २८ प्रतिशत मत प्राप्त गरेका छन्। नेकपा माओवादी, राप्रपा, नेसनल रिपब्लिक नेपाल, श्रम संस्कृत पार्टी, राष्ट्रिय जनमोर्चा, संयुक्त नागरिक पार्टी, नेपाल मजदुर किसान पार्टी, मंगोल नेसनल अर्गनाइजेसन र दुई स्वतन्त्र उम्मेदवारको जमानत जफत भएको जिल्ला निर्वाचन कार्यालय सल्यानले जनाएको छ। एक लाख ६२ हजार ४ सय ४९ मतदाता रहेको सल्यानमा ८१ हजार १६७ मत खसेको थियो। त्यसमध्ये ७९ हजार ७०९ सदर तथा ३ हजार ४५८ मत बदर भएको थियो। निर्वाचनमा जम्मा सदर मतको दश प्रतिशतभन्दा कम मत पाउने उम्मेदवारको धरौटी जफत हुने प्रावधानअनुसार सल्यानका १४ उम्मेदवारमध्ये १० जनाको जमानत जफत भएको हो।

प्रतिनिधिसभामा उठेकामध्ये दुई पत्रकारले मात्रै जिते चुनाव

काडमाडौं/ भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मुलुकभर आठ पत्रकार प्रत्यक्षतर्फको निर्वाचनमा चुनावी प्रतिस्पर्धामा थिए। तर, उनीहरूमध्ये दुईजनाले मात्रै जित हासिल गर्न सकेका छन्। बाँकी ६ जनाको हार भएको छ। हालसम्म प्राप्त मतपरिणामअनुसार निर्वाचन जित्नेमा जगदीश खरेल र राजीव खत्री रहेका छन्। उनीहरू दुवै राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार हुन्। खरेल ललितपुर २ बाट चुनावी मैदानमा थिए। उनले ३९ हजार ४९१ मत ल्याए। उनको मत निकटतम प्रतिद्वन्द्वी प्रेमकृष्ण महर्जनको भन्दा ३२ हजार ७१ ले धेरै छ। कांग्रेस उम्मेदवार महर्जनले सात हजार ४२० मत ल्याए। अर्का विजयी उम्मेदवार खत्रीले भक्तपुर २ बाट ४२ हजार ३३४ मत ल्याएका छन्। उनका निटकतम प्रतिद्वन्द्वी एमाले सचिव महेश बस्नेत हुन्। बस्नेतले १० हजार ९६६ मत प्राप्त गरे। खत्रीले बस्नेतले भन्दा ३१ हजार ३६८ धेरै मत ल्याए। बाँकी ६ पत्रकारले भने हार व्यहोरेका छन्। हार व्यहोर्ने कविर राणा, ऋषि धमला, दीपेन्द्र रोकाय, जन्मदेव जैसी, दिवाकर साह र मनऋषि धिताल छन्।

गौरादहका मेयरलाई घरमै आएर हातपात

झापा/ झापाको गौरादह नगरपालिकाका नगरप्रमुख छत्रपति सुवेदीमाथि हातपात भएको छ। सुवेदीलाई आइतबार साँझ घरमै आएर



गौरादह नगरपालिका- ५ का ३४ वर्षीय भीष्म सिटौलाले हातपात गरेका हुन्। मादक पदार्थ सेवन गरेर पुगेका सिटौलाले गालीगलौजसँगै हातपात गरेका थिए। सिटौलालाई आइतबार नै पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। उनलाई अभद्र व्यवहार मुद्दामा सोमबार नै जिल्ला प्रशासन कार्यालय झापाबाट १० दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। अभद्र व्यवहारको कारण भने खुलिनसकेको प्रहरीले जनाएको छ।

कांग्रेस सभापति थापा राजीनामा दिने मनस्थितिमा

उपसभापति शर्मासहित आफूनिकट बुद्धिजीवीहरूसँग परामर्श, एक-दुई दिनमै निर्णय सुनाउने

नयाँ पत्रिका

प्रतिनिधिसभा निर्वाचनमा 'सर्मनाक' पराजयसँगै कांग्रेस सभापति गगनकुमार थापाले परिस्थितिको समीक्षा थालेका छन्। उनले सोमबार उपसभापति विश्वप्रकाश शर्मा तथा पार्टीका पदाधिकारीहरू र आफूनिकट बुद्धिजीवीहरूसँग परामर्श थालेका छन्।

विशेष महाविधेशनपछि सभापति निर्वाचित भएर चुनावमा होमिएको र पार्टी हारको नैतिक दायित्व लिनुपर्ने निष्कर्षसहित थापाले राजीनामा गर्ने मनस्थिति बनाएको नेताहरूलाई सुनाएका छन्। निर्वाचनमा प्रत्यक्षतर्फ कुल १६५ सिटमध्ये कांग्रेसले जम्मा १८ सिट जितेको छ। सभापति थापासहित सबै पदाधिकारी र वरिष्ठ नेताहरूले निर्वाचन हारेका छन्।

'सभापतिले पार्टीको अनपेक्षित परिणामको नैतिक जिम्मेवारी लिएर पदबाट राजीनामा गर्ने इच्छा सुनाउनुभएको छ। यसक्रममा उहाँले उपसभापति शर्मासहित पदाधिकारी र निकटस्थ बुद्धिजीवीहरूसँग एक्लाएक्लै छलफल गरिरहनुभएको छ,' थापानिकट स्रोतले नयाँ पत्रिकासँग भन्यो, 'सभापति थापाले एक-दुई दिनभित्रै चुनावी समीक्षा र आफ्नो निर्णय सुनाउने सम्भावना छ।' यद्यपि, उनीनिकट नेताहरूले अहिले नै राजीनामा दिनु उपयुक्त नभएको भन्दै केन्द्रीय कार्यसमिति बैठक बोलाएर समीक्षा गर्नुपर्नेमा जोड दिएका छन्।

'पार्टीको केन्द्रीय कार्यसमिति बैठक बसेर चुनावको समीक्षा गर्ने कुराकानी भइरहेको छ। सभापतिसहित सबै नेताहरूले त्यहीँ समीक्षा गर्नेछौँ र आगामी समयका लागि निर्णय लिनेछौँ,' कांग्रेस प्रवक्ता देवराज चालिसेले भने। स्रोतका अनुसार सभापति थापाले पार्टी केन्द्रीय समिति बैठकमा राजीनामा दिने र उपसभापति शर्मालाई कार्यवाहक सभापतिको जिम्मेवारी दिएर नियमित महाधिवेशन गर्ने प्रस्ताव राख्ने विकल्पमा पनि समीक्षा गरिरहेका छन्। उनीनिकट एक नेताले भने, 'उहाँले राजीनामा घोषणा गर्ने होइन, यदि इच्छा नै हो भने केन्द्रीय कार्यसमिति बैठकमा राजीनामाको प्रस्ताव राख्नुपर्छ, केन्द्रीय समितिले स्वीकार गरेछ भने ठिकै छ, स्वीकार भएन भने उहाँले जिम्मेवारीबाट पन्छिन मिल्दैन भनेका छौँ।'

पार्टीको विशेष महाविधेशनको वैधानिकताबारे सर्वोच्च अदालतमा मुद्दा विचाराधीन छ भने निवर्तमान सभापति शेरबहादुर देउवानिकट नेताहरूले विशेष महाधिवेशनको औचित्य सकिएको भन्दै समीक्षा गर्नुपर्नेमा जोड दिन थालेका छन्। देउवानिकट नेता एवं नेपाल तरुण दलका पूर्वअध्यक्ष जितजंग बस्नेतले भनेका छन्, 'विशेष महाधिवेशनको औचित्य त समाप्त भयो, तर यसले एउटा कुरा छर्लंग देखायो राजनीतिमा नैतिक चरित्रको खडेरी कति गहिरो रहेछ।'

विशेष महाधिवेशनसँगै १ माघमा थापा कांग्रेस सभापतिमा निर्वाचित भएका थिए। निर्वाचित भएको ५० दिनको समयमा प्रतिनिधिसभा निर्वाचनमा जानुपरेका कारण समयको अभावले कांग्रेस बर्दलिएको सन्देश दिन नसकिएको निकटवर्ती नेताहरूको धारणा छ। उपसभापति शर्माले गत साता सार्वजनिक दुईवटा भिडियो सन्देशमा पार्टीले चुनावमा व्यहोरेको हारको कारक वर्तमान नेतृत्व नभएर निवर्तमान नेतृत्वले पनि जिम्मा लिनुपर्ने र सँगै समीक्षा गर्नुपर्ने बताउँदै आएका छन्।

बालेनले बुझाए खर्च विवरण

झापा/ झापा ५ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित बालेन्द्र शाह (बालेन)ले खर्च विवरण बुझाएका छन्। उनले सोमबार जिल्ला निर्वाचन कार्यालय झापामा खर्च विवरण बुझाएका हुन्। निर्वाचन कार्यालय झापाका प्रमुख तुलसीकुमार नेपालले यसपटक सबैभन्दा पहिला खर्च विवरण बुझाउने उम्मेदवार बालेन भएको बताए। प्रत्यक्षतर्फको मतगणना सकिएको ३० दिनभित्र खर्च विवरण बुझाइसक्नुपर्ने कानुनी व्यवस्था रहेको उनले बताए।

बालेनका प्रतिनिधि नवीन भण्डारीले निर्वाचन कार्यालयमा खर्च विवरण पेस गरेका हुन्। विवरणअनुसार निर्वाचनमा १४ लाख १७ हजार २८९ रुपैयाँ खर्च छ। शाहले बुझाएको विवरणमा १५ दिनका लागि सवारीसाधन भाडा खर्च (दुईवटा सवारी) दुई लाख ९३ हजार आठ सय रुपैयाँ छ। यस्तै, हवाई भाडा ३५ हजार, मतदाता प्रशिक्षण कार्यक्रममा खाजा खर्च २८ हजार ९७०, वडास्तरीय प्रचार कार्यक्रममा ५८ हजार, नमुना मतपत्र छपाइमा ४९, हजार ८५०, निर्वाचन कार्यालय सञ्चालन (पानी खर्च) एक लाख २० हजार, झापा ५ निर्वाचन कार्यालय सञ्चालन (स्टेसनरी खर्च) २२ हजार ८२०, प्रचारप्रसार सामग्री छपाइ (कागज एवं ब्यानर) एक लाख ५७ हजार ४१, प्रचारप्रसार सामग्री (ब्यानर तथा स्टिकर) एक लाख ९९ हजार ८०८ र मनोनयनका लागि १० हजार खर्च भएको उल्लेख छ।

---

०६४ मा समेत उपत्यकामा जोगिएका प्रमुख दल यसपटक किनारा लागे

संघीय राजधानीमै प्रमुख दलहरू शून्यताको स्थितिमा पुगेपछि कार्यकर्ता निराश

शिवहरि घिमिरे/नयाँ पत्रिका

काठमाडौं उपत्यकाका १५ वटा सिटमा कांग्रेस, एमाले र नेकपा शून्य बनेका छन्। ०७० यता भएका चुनावमा उपत्यकाका क्षेत्र जित्दै आएका कांग्रेस र एमालेले यसपटक लज्जास्पद हार व्यहोरेका छन्।

कांग्रेस, एमाले र नेमकिपाको गढ मानिने उपत्यकाका तीन जिल्लाका १५ वटै निर्वाचन क्षेत्रबाट साढे तीन वर्षअघि मात्र स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टीले बाजी मारेको छ। यसअघि ०७९ को चुनावमा उपत्यकाबाट रास्वपाका पाँच उम्मेदवारले जितेका थिए। अन्य १० वटा क्षेत्रमध्ये नेमकिपाले एक, एमालेले दुई र बाँकी कांग्रेसले जितेको थियो। तर, यसपटक भने भारी मन्तान्तरसहित उपत्यकाका सबै क्षेत्र रास्वपाले खोसेको छ। संघीय राजधानीमै विगतका शीर्ष दलहरू शून्यताको स्थितिमा पुगेपछि उनीहरूको राजनीतिक भविष्य नै अन्योल देखिएको छ।

राजनीतिक विश्लेषक राधेश्याम अधिकारीले यसपटकको चुनावी परिमाणलाई सुनामीका रूपमा लिन सकिने बताए। 'यसलाई सामान्य निर्वाचन भन्न मिल्दैन, यो सुनामी नै हो, सामान्य अवस्थामा नभएको असाधारण चुनावले नेमकिपाले हालसम्म नहारेको भक्तपुर १ पनि खोसिएको छ,' उनले भने, 'यो चुनावको परिणामबारे राजनीतिक दल र विज्ञहरू फेल खाए। जनताको भावना तथा आशा दललले बुझ्न नसकेको कुरा यहींबाट प्रस्ट हुन्छ, किनकि यस्तो परिणाम आउला भनेर कसैले पनि सोच्न सकेका थिएनन्।'

०६४ मा भएको निर्वाचनमा काठमाडौं १ मा कांग्रेसका प्रकाशमान सिंह र भक्तपुर १ बाट नेमकिपाका



● राजनीतिक विश्लेषक
राधेश्याम अधिकारी भन्छन्-

यसलाई सामान्य निर्वाचन भन्न मिल्दैन, यो सुनामी नै हो, सामान्य अवस्थामा नभएको असाधारण चुनावले नेमकिपाले हालसम्म नहारेको भक्तपुर १ पनि खोसिएको छ। यो परिणामबारे राजनीतिक दल र विज्ञहरू फेल खाए। जनताको भावना तथा आशा दललले बुझ्न नसकेको कुरा यहींबाट प्रस्ट हुन्छ।

नारायणमान बिजुक्छे निर्वाचित भएका थिए। अन्य क्षेत्रमा माओवादीले जितेको थियो। तत्कालीन समयमा माओवादीको लहर नै चलेका वेलासमेत एक-एक सिट जोगाएका कांग्रेस, नेमकिपाले यसपटक भने नराम्रोसँग पराजित भए।

०७० मा काठमाडौं १ मा कांग्रेसका प्रकाशमान सिंह १५ हजार १३८ मतसहित विजयी भएका थिए। काठमाडौं २, ३ र ७ बाट एमालेका क्रमशः माधवकुमार नेपाल २१ हजार ६४८, रामेश्वर फुयाँल १३ हजार १०४ र रामवीर मानन्धर १३ हजार २९८ मतसहित विजयी भएका थिए। काठमाडौं ४, ५, ६, ८, ९ र १० बाट कांग्रेसका क्रमशः गगन थापा २२ हजार ३३६, नरहरि आचार्य १३ हजार ६६४, भीमसेनदास प्रधान १४ हजार १५१, नवीन्द्रराज जोशी १३ हजार ७७४, ध्यानगोविन्द रञ्जित १४ हजार ४८३ र राजेन्द्रकुमार केसी २० हजार ३९२ मतसहित विजयी भएका थिए।

भक्तपुर १ बाट नेमकिपाका नारायणमान बिजुक्छे २० हजार ४४६ मत र भक्तपुर २ बाट कांग्रेसका रामेश्वरप्रसाद ढुंगेल २१ हजार १२१ मतसहित विजयी भएका थिए। तीन क्षेत्र रहेको ललितपुरमा कांग्रेसले क्लिन स्विप गरेको थियो। १ बाट उदयशमशेर राणा १८ हजार ५६०, २ बाट चन्द्र महर्जन २३ हजार २३९ र ३ बाट मदनबहादुर अमात्य २३ हजार ५६६ मतसहित विजयी भएका थिए।

कांग्रेस र एमालेले ०७४ को निर्वाचनमा काठमाडौं उपत्यकाका धेरैजसो निर्वाचन क्षेत्रमा जितेका थिए। उपत्यकाका १५ सिटमध्ये एमालेले नौ, कांग्रेसले चार, माओवादी र नेमकिपाले एक-एक सिट जितेका थिए। ०७९ को निर्वाचनमा काठमाडौंबाट पाँच, भक्तपुरबाट एक सिट र ललितपुरबाट एक गरी कांग्रेसले सात सिट जितेको थियो। रास्वपाले काठमाडौंमा चार र ललितपुरमा एक गरी तीन, एमालेले काठमाडौंबाट एक र ललितपुरबाट एक गरी दुई सिट जित हात पारेका थिए।

यसपटकको निर्वाचनमा रास्वपाबाट काठमाडौं १ मा रञ्जु दर्शना, २ मा सुनिल केसी, ३ मा राजुनाथ पाण्डे, ४ मा पुकार बम, ५ मा सस्मित पोखरेल, ६ मा शिशिर खनाल, ७ मा गणेश पराजुली, ८ मा विराजभक्त श्रेष्ठ, ९ मा डिपी अर्याल र १० मा प्रदीप विष्ट निर्वाचित भएका छन्। खनाल, पराजुली र श्रेष्ठ ०७९ मा पनि सांसद बनेका थिए। त्यस्तै, ललितपुर १ मा बुद्धरत्न महर्जन, २ मा जगदीश खरेल र ३ मा तोसिमा कार्की निर्वाचित भएका छन्। कार्की यसअघिको चुनावमा पनि सोही क्षेत्रबाट निर्वाचित भएकी थिइन्। ०६४ देखि नै जोगिँदै आएको नेमकिपाको गढ मानिएको भक्तपुर १ मा पनि रुकेश रञ्जित विजयी भए। भक्तपुर मा २ पनि रास्वपाका राजीव खत्री फराकिलो मतान्तरले विजयी भइसकेका छन्।

०७९ को चुनावमा काठमाडौंका १० मध्ये १, ३, ४, ५ र १० मा कांग्रेस र रास्वपा २, ६, ७ र ८ मा विजयी भएको थियो। ९ मा एमालेले जितेको थियो। ललितपुर १ मा कांग्रेस, २ मा एमाले र ३ मा रास्वपा विजयी भएका थिए। भक्तपुर १ मा नेमकिपाले जित्दा २ मा कांग्रेस विजयी भएको थियो। तर, यसपटक भने उपत्यकाका सबै क्षेत्र रास्वपाकै पोल्टामा परेका छन्।

प्रधानमन्त्री कार्कीको ऐतिहासिक सफल नेतृत्व

प्रधानमन्त्री सुशीला कार्कीलाई नेपालको राजनीतिक इतिहासमा कठिन परिस्थितिलाई सम्हाल्न सक्ने सफल नेतृत्वकर्ताका रूपमा सम्झिइनेछ



● मेघराज शंकर

अग्रलेख

कहिलेकाहीँ कसैलाई नसोचिएको ऐतिहासिक जिम्मवारी सम्हाल्नुपर्ने परिस्थिति आइपर्छ। यस्तै एक असाधारण तथा विषम परिस्थितिमा सक्रिय राजनीतिभन्दा टाढा रहेकी र न्यायपालिकाको सर्वोच्च पदमा पुगिसकेकी एक महिलाले अचानक नेपालको कार्यकारी नेतृत्व सम्हाल्नुपर्‍यो। २७ भदौ ०८२ का दिन पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको प्रधानमन्त्री पदमा आगमन केवल औपचारिक संवैधानिक प्रक्रिया मात्र थिएन, त्यो समयको जटिलता, राजनीतिक अन्योल र राज्य संयन्त्रमा देखिएको गतिरोधलाई निकास दिने एक विकल्प थियो। उनको प्रधानमन्त्रीमा नियुक्ति प्रक्रिया तत्कालीन अवस्थामा जे-जस्तो बाध्यात्मक परिस्थिति भए पनि संकट व्यवस्थापन, संयमित निर्णय क्षमता र संस्थागत मर्यादाप्रति उनको प्रतिबद्धताले त्यो अध्यायलाई केवल संक्रमणकालीन व्यवस्था नभई उत्तरदायित्व र सेवाभावको एक सफल पाठका रूपमा इतिहासमा अंकित गराएको छ।

संकटको कालो बादल र निकासको विकल्प : कार्की प्रधानमन्त्री कुन प्रक्रियाबाट नियुक्त भइन् र मुलुकका लागि के गरिन् भन्ने प्रश्नको खोजी गर्नुअघि उनी कस्तो अवस्थामा प्रधानमन्त्री भइन् भन्ने कुरा मनन गर्नुपर्छ। २३ र २४ भदौको जेन-जी आन्दोलनले देशलाई पूरै झकझकायो। शान्तिपूर्ण प्रदर्शनमा सहभागी भएका युवा संसद् भवन घेर्न पुगेपछि १९ जना युवाको प्रहरीको गोलीबाट मृत्यु भएपश्चात् जनआक्रोश भड्कियो। सयौँ प्रदर्शनकारी युवा घाइते भए। सडकमा क्रोध उत्पन्न भयो, हरेक अनुहारमा पीडा र आक्रोश पैदा भयो। २४ भदौमा सरकारविरुद्ध जनआक्रोश झनै चर्किंदा सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, सुरक्षा निकायका कार्यालय, निजी घर र व्यापारिक प्रतिष्ठानमा आगजनी र तोडफोड भयो। लोकतन्त्रको घर भनिएको सिंहदरबार खरानीमा परिणत भयो। न्यायको मन्दिर सर्वोच्च अदालतमा समेत आगो झोसियो।

परिस्थिति झन् खराब बन्ने भएपछि प्रधानमन्त्रीले राजीनामा दिए। सुरक्षाका लागि उनलाई निवासबाटै नेपाली सेनाले उद्धार गर्नुपर्‍यो। राजनीतिक दलका नेता भूमिगत भए। अस्पताल सयौँ घाइतेले भरिए। दुई दिनको अवधिमा देशका विभिन्न ठाउँमा गरेर सुरक्षाकर्मीसहित ७६ जनाको ज्यान गयो। जेलका कैदी भागे। सुरक्षाकर्मीका सयौँ हतियार र सुरक्षा सामग्री लुटियो। प्रहरी कार्यालयमा आगो लगाइयो। शान्ति सुरक्षाको जिम्मा पाएको प्रहरी आफैँ असुरक्षित भयो। प्रहरीसँग बस्ने भवन थिएन, बर्दी थिएन, सवारीसाधन थिएनन्। सबै खोसियो, जलाइयो। प्रहरीको मनोबल गिरेको थियो। देश हजारौँ टन बम बर्साइएजस्तै अवस्थामा पुग्यो।


देशभर एउटै प्रश्न गुन्जिरहेको थियो, अब के हुन्छ ? लोकतन्त्रको भविष्य के होला ? संविधान जोगिन्छ कि जोगिँदैन ? यही अत्यासलाग्दो परिस्थितिमा राजा फर्कने हल्ला फैलियो। नेपाली सेनाले कस्तो भूमिका खेल्ला भन्ने चिन्ता र उत्सुकता थियो। विदेशी शक्तिको प्रतिक्रिया के हुने हो भन्ने त्रासले वातावरण झनै भयावह बनेको थियो। यस्तो कालो बादल छाएको परिस्थितिमा प्रधानमन्त्री को बन्ला भन्ने कुतूहल र संशय सुरु भयो।

जिम्मेवारीको भारी बोक्ने साहस : देश यसरी बनाउनुपर्छ भनेर अगाडिदेखि नै विचार विमर्श गर्ने व्यक्तिलाई जेन-जीले प्रधानमन्त्री बनाउन चाहेनन् वा उनीहरूले चाहना राखेनन्। राज्य सञ्चालनसँग अनुभव भएका र युवाले विश्वास गरेका तथा अलिक आसलाग्दा व्यक्ति त्यो विषम परिस्थितिको जिम्मेवारी सम्हाल्न कोही तयार भएनन्। त्यहीवेला युवाको समर्थनमा सुशीला कार्कीलाई प्रस्ताव भयो र उनले त्यो कहालीलाग्दो क्षणबाट देशलाई निकास दिने प्रण गरिन्।

कार्कीका लागि त्यो पद अवसरभन्दा बढी जिम्मेवारी थियो र सत्ता प्राप्तिको क्षण मात्र नभएर इतिहासको कठोर परीक्षा पनि थियो। उनको स्वीकृतिले एउटा सन्देश दियो कि संकटको घडीमा पदभन्दा उत्तरदायित्व ठुलो हुन्छ। सो समयमा संविधान, लोकतन्त्र तथा जनाधिकार संरक्षण गर्ने र युवाको विश्वास जित्ने अभिभारा उनको काँधमा आएको थियो। न्यायालयको उनको अनुभव र परिवर्तनप्रतिको झुकावले गर्दा उनीप्रति युवाको विश्वास देखियो। सम्भवतः त्यतिवेलाका प्रधानमन्त्री केपी शर्मा ओलीले पनि यो विकराल परिस्थितिमा देशलाई राजा वा सेनाको शासनबाट जोगाउन कार्की नै उपयुक्त व्यक्ति हुन् भन्ने ठानेर नै उनको नाम सिफारिस गरेका थिए।

कार्की प्रधानमन्त्रीमा नियुक्ति हुँदै गर्दा देशको परिस्थिति निकै जटिल थियो। देश रगत, खरानी र आँसुमा डुबेको थियो। सिंहदरबार र सर्वोच्च अदालतमा लागेको आगो राम्ररी निभिसकेको थिएन। जलेर खरानी भएका भवन र गाडीको थुप्रोले बमबारी भएको स्थानजस्तो देखिन्थ्यो। प्रधानमन्त्री बस्ने भवन र कार्यकक्षसमेत थिएन। उनले पाएको मूलः जिम्मेवारी ६ महिनाभित्रमा चुनाव गराउनु थियो। यस्तो अवस्थामा मुलुकमा चुनाव गराएर लोकतन्त्र पुनर्स्थापित गर्ने हिम्मत गर्नु साँच्चै साहसको काम थियो। भौतिक क्षतिको पुनर्निर्माण मात्र होइन, विभाजित राजनीति, खण्डित समाज, चुलिएको जनआक्रोश र असीमित जनआकांक्षा धानेर अगाडि बढ्नु खुकुरीको धारमा हिँड्नु जस्तै थियो।

पीडितको शिरमा राखिएको ममताको हात : २३ र २४ भदौको घटनाको सबैभन्दा ठुलो प्रभाव मानवीय क्षति र त्यसबाट सिर्जित मनोविज्ञान र भावनामा थियो। धेरै युवाको ज्यान गएको थियो। सयौँ घाइते अस्पतालमा छट्पटाइरहेका थिए। मृतक र घाइतेका आफन्त शोक र आक्रोशमा थिए। तिनलाई सान्त्वना र आशा मात्र होइन, जीवनको भरोसा पनि दिन आवश्यक थियो।



प्रधानमन्त्री बनेलगत्तै उनले घाइतेको निःशुल्क उपचार र मृतकका परिवारलाई राहतको घोषणा गरिन्। तर, त्यो केवल प्रशासनिक निर्णय थिएन। उनी आफैँ अस्पताल पुगिन्। शय्यामा सुतिरहेका घाइतेको निधारमा हात राखेर स्वास्थ्य अवस्थाको जानकारी लिइन्। राजनीतिक भाषणभन्दा त्यो स्पर्श शक्तिशाली थियो। त्यो स्पर्शले सरकार र नागरिकबिचको दूरी घटायो। त्यो एक व्यक्तिमा गरिएको स्नेह मात्र नभएर समग्र पीडितप्रति देखाएको मातृत्वभाव थियो। साथै, राज्य निर्दयी छैन, संवेदनशील छ भन्ने सन्देश थियो।

जनअपेक्षा र संवैधानिक सीमाको सन्तुलन : आन्दोलनमा सहभागी युवाले नै रोजेको व्यक्ति प्रधानमन्त्री भएपछि केहीले देश पूरै युवाको सत्तामा गयो, अब युवाले भनेजस्तो हुन्छ, पुराना सत्ताधारी तत्काल पक्राउ पर्छन् भन्ने आकांक्षा राखे। तर, देशको संविधान, कानुन र संस्थागत निकाय यथावतै रहेको अवस्थामा जनआक्रोशकै आधारमा काम गर्न सकिने अवस्था थिएन। त्यसो गरिएको भए देश झन् ठुलो द्वन्द्वमा फस्न सक्थ्यो।

यस सवालमा उनको नेतृत्वको अर्को परीक्षा आयो- आक्रोशलाई सम्मान गर्दै कानुनी प्रक्रियाबाट पछि नहट्ने वा जनआक्रोशबमोजिम प्रक्रिया थाल्ने। सो परिस्थितिमा सरकारले जनअपेक्षाको सम्मान गर्दै परिस्थितिलाई शान्ति र एकताको माध्यमबाट सामान्य बनाउनुपर्थ्यो। त्यसैले, सरकारले जेन-जी आन्दोलनमा भएको दमन र क्षतिको अवस्था यकिन गर्न तत्काल छानबिन समिति गठन गरी छानबिन थाल्यो। छानबिनका नाममा कसैलाई गैरकानुनी रूपमा पक्राउ गरेर स्थिति भड्काउने काम भएन। कानुन र विधिभित्रै रहेर सूचना संकलन गरियो।

यससँगै युवा र सरकारबिच वार्ताका क्रममा युवा समूहमै अनेक मतान्तर हुँदा परिस्थिति निकै जटिल बनेको थियो। त्यो परिस्थितिमा पनि सरकारले युवा समूहसँग वार्ता गरी सम्झौता गर्‍यो। मन्त्रिपरिषद् विस्तार गर्ने विषयमा पनि निकै चर्काचर्की भयो, तर परिस्थितिलाई परिपक्व ढंगले चलाउँदा नकारात्मक परिणाम आएन।

> कार्कीको नेतृत्व पहिलो महिला प्रधानमन्त्री बन्नुको गौरवमा सीमित छैन। उनको विशेषता संकटको घडीमा संयम, संवेदनशीलता र संवैधानिक निष्ठालाई सँगै अगाडि बढाउनुमा छ।

आलोचना, लाञ्छना र धैर्यको मार्ग : लोकतन्त्र र संविधान आफ्नो नियन्त्रणबाहिर जान लागेपछि बचाउने आसमा कार्कीलाई प्रधानमन्त्री बनाउन सहमति दिएका दलहरू, उनै कार्कीले सहज वातावरण तयार गरेर लोकतन्त्र बौरिएपछि कडा आलोचना र विरोधमा उत्रिए। कसैले विदेशीको इसारामा सरकार बनेको भने, कसैले लोकतन्त्रविरोधी भएको आरोप लगाए, कसैले गैरसंवैधानिक ठहर गरे। त्यति मात्र होइन, प्रधानमन्त्रीको उमेर र स्वास्थ्य अवस्थालाई लिएर व्यक्तिगत लाञ्छना र खिसिट्युरीसमेत भयो। सरकारले गरेका हरेक काममा असहयोग र प्रतिकारको धम्की दिन थालियो।

कार्कीसँग दुई विकल्प थिए। केही युवाले भनेजस्तै दलका नेता र कार्यकर्तालाई तत्काल कारबाही गर्न प्रक्रिया अगाडि बढाउने वा आलोचनालाई सहेर संयमपूर्वक चुनावको तयारी थाल्ने। उनले प्रतिशोधको बाटो रोजिनन्। नेताहरूसँग व्यक्तिगत द्वेष नराखी संवादलाई अगाडि बढाइन्। लोकतन्त्रमा असहमति शत्रुता होइन र आलोचना असफलता होइन भन्ने सोचबाट अगाडि बढिन्। उनले चुनावलाई नै अन्तिम समाधानका रूपमा अघि सारिन्। सबै दलको सहकार्यलाई चुनावको अनिवार्य सर्त मानेर सबैको सहभागितालाई प्राथमिकतामा राख्दै चुनावी वातावरण तयार गर्न लागिपरिन्। आफूले गर्न सक्ने कामबाटै आलोचनाको भद्र प्रतिकार गर्दै छलफल र संवादलाई रोजेर अगाडि बढ्दा नै ऐतिहासिक जिम्मेवारी पूरा गर्ने अनुकूल वातावरण तयार भयो।

अभाव र रिक्तताको परिपूर्ति : मुलुकले अर्बौंको क्षति व्यहोरेपछि आर्थिक अभाव नहुने कुरै भएन। तर, यससँगै सामाजिक एकता सुरक्षाको पनि अभाव थियो। समाज नयाँ र पुरानो भन्ने मनोविज्ञानबाट विभाजित थियो। जेलका कैदी भागेपछि र सुरक्षाकर्मीका हतियार लुटिएपछि समाजमा असुरक्षाको त्रास फैलिएको थियो। अर्कोतर्फ सरकार नै संवैधानिक कि असंवैधानिक भन्ने कानुनी प्रश्न अदालत पुगेको थियो।

चुनावका लागि उम्मेदवारको मनोनयन खुलेपछि त झन् समस्या गहिरियो। चुनाव गराएर घर जाने भनिरहेका मन्त्रीसमेत उम्मेदवार बन्न धमाधम राजीनामा दिएर हिँडे। अभाव आफ्नै मन्त्रिपरिषद्मा रह्यो, आफैँले बनाएका मन्त्रीबाटै असहयोग भयो। यही क्रममा बिबिसी न्युज सर्भिसले चुनावको मौन अवधि सुरु हुनुभन्दा केही दिनअघि मात्रै जेन-जी आन्दोलनका क्रममा बाहिर आएका भिडियोहरू समेटेर तयार पारेको एक डकुमेन्ट्री सार्वजनिक गर्दै तत्कालीन सरकार र सुरक्षा निकायका प्रमुखले नै जेन-जी युवालाई गोली हान्न आदेश दिएको भन्ने समाचार बाहिर ल्यायो। त्यसले राजनीतिक क्षेत्र र सामाजिक सञ्जालमा ठुलो हलचल पैदा गर्‍यो। चुनाव नै भाँडिन्छ कि भन्ने त्रास फैलियो। यस्तो अवस्थालाई हतासिएर वा निराश भएर समाधान खोज्ने अवस्था थिएन। सरकार अडिग बनेर चुनावमा केन्द्रित भयो।

ऐतिहासिक उपलब्धि : अन्ततः चुनाव सम्पन्न भयो। देशले पुनः लोकतान्त्रिक बाटो समात्यो। कार्कीको नेतृत्व केवल पहिलो महिला प्रधानमन्त्री बन्नुको गौरवमा सीमित छैन। उनको विशेषता संकटको घडीमा संयम, संवेदनशीलता र संवैधानिक निष्ठालाई सँगै अगाडि बढाउनुमा छ। गम्भीर स्वभाव, दृढ निर्णय क्षमता, सहनशीलता र दूरदृष्टिपूर्ण सोचले नै उनलाई सफल बनायो। अबको नेतृत्व र पुस्ताले उनीमाथि सतही टिप्पणी गर्नुभन्दा संकटबाट जोगाएर उनले सकुशल हस्तान्तरण गरेको संविधान र लोकतन्त्रलाई इमान्दारीपूर्वक आत्मसात् गर्नु आवश्यक छ। उनले अपनाएका कुशल रणनीति भावी पुस्ता र नेतृत्वका लागि उदाहरण बन्न सक्छन्। इतिहासले उनलाई केवल पहिलो महिला प्रधानमन्त्री भनेर मात्र होइन, कठिन परिस्थितिलाई सम्हाल्न सक्ने सफल नेतृत्वका रूपमा सम्झनेछ।

---

३ प्रश्न

राजनीतिक विश्लेषक **चन्द्रकिशोर**लाई



मधेश प्रदेशको निर्वाचन परिणामलाई कसरी हेर्नुभएको छ ?

०६४ तिर उदाएका क्षेत्रीय शक्तिको अवस्था केही तलमाथि हुँदै आए पनि उनीहरू बलियो स्थितिमै थिए। तर, जेन-जी आन्दोलनपछिको परिदृश्यमा मधेशको राजनीतिक मैदानमा शून्यता सिर्जना भयो। मधेशको भूगोल सानो भए पनि यहाँको प्रतिनिधित्वको संख्या ठुलो छ। यही भूगोललाई रास्वपा र कांग्रेसले रणनीतिक रूपमा प्रयोग गरे। रास्वपाले मधेशीलाई प्रधानमन्त्रीको उम्मेदवारका रूपमा अघि सार्‍यो। कांग्रेसले पनि सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर मधेशबाटै उठायो। गगनले मधेशलाई मूलधारमा जोड्ने आफ्नो नीति अघि सारे पनि त्यसअघि नै बालेन र घन्टी मधेशीको मनमा बसिसकेका थिए। कांग्रेसले मधेशी जनताले बुझ्ने भाषामा आफ्ना दीर्घकालीन महत्त्वका नीति र रणनीति सम्प्रेषण गर्ने भ्याएन। एमाले त पहिल्यैदेखि मधेशमा रक्षात्मक स्थितिमै थियो। समग्रमा यसैको प्रतिबिम्ब हो, अहिलेको परिणाम।

मधेशमा मधेशकै मुद्दा बोक्ने दलहरू यसरी शून्यमा झर्नुको कारण के हुन सक्छ ?

विगतमा संविधान निर्माण प्रक्रियाप्रति असहमतिको आन्दोलन विनाकुनै उपलब्धि टुंगियो। मधेशका क्षेत्रीय शक्तिले त्यहाँका नारा र मुद्दालाई सत्तासित साटे। पालिका र प्रदेशमा उनीहरूका प्रतिनिधि रहँदा पनि जनताले सुशासन पाएनन्। तीनै तहका सत्तामा रहँदा क्षेत्रीय शक्तिले आफ्ना नारा र एजेन्डा बिर्सिंदै गए। उनीहरूले पनि कांग्रेस, एमालेकै विकृति र विसंगतिलाई अँगाले। आफ्ना एजेन्डा बिर्सिएकाले मधेशी जनताले तिनको साथ छाडेका हुन्।

मधेशी दलहरूले के गरे भने राष्ट्रिय राजनीतिमा 'कम ब्याक' गर्न सक्लान् त ?

मधेशको राजनीति अहिले संवेदनशील मोडमा छ। ताजा र आफूहरू जोडिन सक्ने एजेन्डामा आधारित राजनीति मात्र जनताले स्विकार्छन्। बासी एजेन्डा र नारा लिएर आउने दललाई जनताले पत्याउँदैनन्। त्यसैले, काठमाडौंतिर गएको विश्वास फर्काउन नयाँ एजेन्डा र नारा लिएर आए भने क्षेत्रीय शक्ति पुनः उठ्न सक्छन्।

प्रेरक प्रसंग

सम्पत्तिका असली हकदार

श्रावस्ती नगरको एक सानो गाउँमा अमरसेन नाम गरेका एक धनी व्यक्ति बस्थे। उनका चार छोरा थिए। सबैको विवाह भइसकेको थियो। सबै अलग-अलग व्यवसाय गरी बस्थे। वृद्धावस्थामा पुग्दै गर्दा अमरसेनलाई आफ्नो बचेको सम्पत्तिको उत्तराधिकारी कुन छोरालाई बनाउँदा ठिक हुन्छ भन्ने चिन्ताले सताउन थाल्यो। त्यसैले, एक दिन चारै छोरालाई पत्नीका साथमा बोलाएर उनले भने- म केही वर्षका लागि तीर्थयात्रामा जाँदै छु। म तिमीहरू सबैलाई गहुँका पाँच-पाँच दाना दिएर जाँदै छु। जसले म चार वर्षपछि फर्किंदा ती दानालाई हिफाजतसाथ फिर्ता गर्नेछ, उसैलाई म सबै सम्पत्तिको उत्तराधिकारी बनाउनेछु।

चार वर्षसम्म जाबो पाँच दाना गहुँ कसले सम्झिबस्छ ? आखिर जेठो छोरा भएको नाताले सम्पत्ति मैले नै त पाउने हो भन्दै जेठा छोराले ती गहुँका दाना फोहोरमा फालिदिए। माहिला छोराले पिताले राम्रो मान्लान् भनेर पाँच दाना गहुँलाई पिताको आशीर्वाद ठानेर खाइदिए। साहिँला छोराले बडो हिफाजतसाथ सम्हालेर पिता फर्किएपछि बुझाउन भनी दराजको सबैभन्दा सुरक्षित स्थानमा राखे। कान्छा छोराबुहारीले समझदारीपूर्वक सोचविचार गरेर पाँचै दानालाई जमिनमा रोपे। त्यसबाट गहुँका पाँच बोट हुर्किए। केही गहुँ फल्यो। फेरि उनीहरूले फलेको जति सबै गहुँ जमिनमै रोपिदिए। त्यसबाट झनै धेरै गहुँ फल्यो। हेर्दाहेर्दै गहुँका पाँच दाना पाँच, पच्चीस, पचास बोरामा परिणत भए।

चार वर्षपछि अमरसेन तीर्थयात्राबाट फर्किए। उनले जेठा, माहिला र साहिँला छोराहरूको कहानी सुने। उनी कान्छा छोराबुहारीकहाँ पनि पुगे। कान्छा छोराले भने- बाबा, हजुरले दिएका पाँच दाना गहुँ हामीले जमिनमा रोप्यौँ। त्यसबाट फलेजति सबै गहुँ पुनः अर्कोपटक रोप्यौँ। त्यसैगरी, रोप्दारोप्दै अहिले पाँच दाना ५० बोरामा परिणत भएका छन्। हामीले त्यसलाई गोदाममा राखेका छौँ। त्यो सबै हजुरकै हो।

कान्छा छोराबुहारीको सोच देखेर अमरसेनले तत्काल दराजका चाबी र सबै सम्पत्ति उनीहरूलाई दिँदै भने- मेरो बचेको सम्पत्तिको असली हकदार तिमीहरू नै हौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

०१५ को झल्को दिने चुनाव

०८२ को चुनाव परिणामले २०१५ को चुनावको झझल्को दिएको छ। फरक केवल यही छ कि त्यतिवेलाको लहर कांग्रेसका पक्षमा थियो भने यतिवेलाको लहर रास्वपाको पक्षमा छ। त्यसवेला पनि तराई कांग्रेसको जमानत जफत भएको थियो भने यसवेला पनि मधेशवादी दल शून्यमा झरेका छन्। त्यस वेलाको प्रजापरिषद्को हालतमा यस वेलाको कांग्रेस पुगेको छ। पछिल्ला वर्षमा विचारको राजनीति समाप्त भएको छ भने प्रियतावादको राजनीति सुरु भएको छ। यो कहानी नेपालको मात्र होइन, संसारभरकै हो। तर, म यहाँ एउटा कुरा भन्न चाहन्छु। सानो देश हुनुको नियति बिपीले जति भोगे, त्यति रास्वपाले भोग्नुपर्नेछैन।

● **डा. शिवशंकर यादव**, छपकैया, वीरगन्ज
sy@ gmail.com

प्रतिवेदन सार्वजनिक गर

२३ र २४ भदौको राजनीतिक आन्दोलनका क्रममा भएको हत्या, हिंसा, आगजनी र लुटपाटका विषयमा अध्ययन गर्न गठित जाँचबुझ आयोगले आइतबार प्रधानमन्त्री सुशीला कार्कीसमक्ष आफ्नो प्रतिवेदन बुझाएको छ। सरकारले सो प्रतिवेदन हालसम्म सार्वजनिक गरेको छैन। आयोगको प्रतिवेदन यसरी गुपचुप राख्न पाइँदैन। हामी जनताले प्रतिवेदनमा लेखिएका हरेक अक्षर र त्यसका भावना जान्न, सुन्न र बुझ्न पाउनुपर्छ। नयाँ सरकार आउनासाथ प्रतिवेदन सार्वजनिक गरियोस्।

● **आकृति गुरुङ**, विशालनगर, काठमाडौं

विकल्प त खोज्नैपर्छ

पछिल्लो निर्वाचन परिणामपछि एमालेभित्र छटपटी सुरु भएको देखिन्छ। बहुमत ल्याएर सरकार बनाउने दाबीसाथ निर्वाचनमा होमिएको एमाले यतिखेर प्रत्यक्षतर्फ आठ सिटमा खुम्चेको छ। यो हारका प्रमुख जिम्मेवार अध्यक्ष केपी शर्मा ओली नै हुन्। त्यसैले, यतिखेर एमालेभित्र सुरु भएको नेतृत्वमा विकल्पको खोजीले मूर्तरूप लिनुपर्छ। यसमा अध्यक्ष ओली स्वयंले पनि उच्च नैतिकता देखाउन सक्नुपर्छ। अन्यथा, एमाले नेपालको राजनीतिक इतिहासमा मात्र भेटिनेछ कुनै दिन।

● **गौरव महर्जन**, कीर्तिपुर, काठमाडौं

समृद्धिको मृगतृष्णा र ताजा जनादेश

नेपाली राजनीतिमा एउटा उखान निकै प्रचलित छ- 'जुन जोगी आए पनि कानै चिरेका।' सात दशकका थुप्रै क्रान्ति र व्यवस्था परिवर्तनले अनुहार बदले पनि भुइँमान्छेको नियति र देशको मूल प्रवृत्ति उस्तै छ। सत्तामा पुग्नेबित्तिकै व्यक्तिगत स्वार्थ र भ्रष्टाचारको दलदलमा भासिने पुरानो रोग कायमै छ। यही निराशाको जगमा नयाँ शक्तिको उदय त भएको छ, तर तिनले नैतिक राजनीति स्थापना गर्लान् त भन्ने प्रश्न भने अझै अनुत्तरित छ।

आज देशको सबैभन्दा ठुलो शत्रु नीतिगत भ्रष्टाचार बनेको छ। व्यक्तिगत लाभका लागि ऐन-कानुन तोडमोड गर्ने प्रवृत्तिले मुलुक आक्रान्त छ। संघीयता सर्वसाधारणका लागि 'सेतो हात्ती' साबित हुँदै छ, जहाँ अनावश्यक संरचनाको भार कर र महँगीका रूपमा जनताको थाप्लोमा थुप्रिएको छ। विदेशी ऋण बोकेर भ्यु-टावरजस्ता अनुत्पादक क्षेत्रमा अर्बौं बजेट सिध्याउनुले हाम्रो शासकीय प्राथमिकताको विचलन स्पष्ट पार्छ।

हाम्रो शिक्षालाई श्रम, सिप र बजारसँग जोड्दै माटोमा पसिना बगाउनु गौरवको विषय हो भन्ने भाष्य निर्माण गर्न ढिला भइसकेको छ। भ्रष्टाचारमा लिप्त नेतृत्वमाथि निर्मम प्रहार गर्दै लगानीलाई भ्यु-टावरमा होइन, गुणस्तरीय सडक, सिँचाइ र साना उद्योगमा केन्द्रित गर्नुपर्छ। इतिहासले सधैँ अवसर दिँदैन। नेतृत्वले व्यक्तिगत सुविधा र बाह्य दबाबबाट माथि उठेर दृढ इच्छाशक्ति देखाउने हो भने सुधार हाम्रै पालामा सम्भव छ।

● **इन्द्रकुमार श्रेष्ठ**, कमलाकुञ्ज, ओखलढुंगा
sindrakm ar@ gmail.com

काठमाडौं उपत्यकामा वायु प्रदूषणका दुष्प्रभाव

वायु प्रदूषणको सम्पर्कमा आउँदा मानिसको मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव परी डिप्रेसनको दरसमेत बढ्न सक्छ



● डा. केदार कार्की

देशका अधिकांश भागमा पछिल्ला केही दिनयता आंशिकदेखि सामान्य बदली रहेको मौसम आगामी केही दिनसम्म पनि यस्तै रहने पूर्वानुमान छ। स्थानीय वायुको प्रभावले सिर्जना भएको मौसमी अवस्थामा क्रमिक सुधार हुँदै जाने जल तथा मौसम विज्ञान विभागले जनाएको छ। स्थानीय हावा र वायु प्रदूषणका कारण उपत्यका तुवाँलोले ढाकिएको छ। यो तुवाँलो हटाउन तीव्र हावा वा भारी वर्षा आवश्यक पर्छ। मौसमविद्का अनुसार हालको मौसमी अवस्था देशका विभिन्न भागमा देखिएका वन डढेलोको परिणाम हो।

अनियोजित सहरीकरण, सवारीसाधनको उत्सर्जन, जीवाश्म इन्धन जलाउनु, वनमा आगलागी, ईँटाभट्टा, निर्माण कार्य आदि काठमाडौंको हावा प्रदूषित हुनुका कारण हुन्। नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को प्रतिवेदनअनुसार काठमाडौं उपत्यकाको कुल वायु प्रदूषणको ३८ प्रतिशत सवारीसाधनबाट हुने उत्सर्जनका कारण हुने गरेको छ। यसका साथै, सहरको भौगोलिक अवस्थितिले उपत्यकाभित्र धुलो, धुवाँ र हानिकारक ग्यास जम्मा हुन सहज छ, जसले गर्दा हावाको गुणस्तर खराब हुन्छ। कारण जेसुकै होस्, काठमाडौंको हावाको सम्पर्कमा आउँदा धेरै गम्भीर स्वास्थ्य परिणाम देखिन सक्छन्। विशेषगरी, बालबालिका, वृद्धवृद्धा र पहिले नै स्वास्थ्य समस्या भएका व्यक्तिका लागि यो अति नै जाखिमपूर्ण हुन्छ। यसले दम, ब्रोन्काइटिस वा फोक्सोको क्यान्सरजस्ता श्वासप्रश्वाससम्बन्धी रोग मात्र निम्त्याउँदैन, मुटु र मस्तिष्कलाई पनि असर गर्छ र यसले काठमाडौंका औसत बासिन्दाको समग्र आयु घटाउँछ। वायु प्रदूषणले तत्काल स्वास्थ्य जोखिम निम्त्याउँछ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले काठमाडौं उपत्यकाभित्रका बासिन्दाले फोक्सो र आँखाको संक्रमणको बढ्दो समस्या सामना गरिरहेको बताएको छ। मन्त्रालय र विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले जनस्वास्थ्यको रक्षा गर्न वायुको गुणस्तर सुधारमा तत्काल जोड दिनुपर्ने बताएका छन्।


उड्डयन सुरक्षा–हवाई ट्राफिक अवरोध : उडानको समयमा कम 'भिजिबिलिटी' र हावामा अम्लीय प्रदूषकको प्रभावका कारण राष्ट्रिय र अन्तर्राष्ट्रिय उडानमा सुरक्षा जोखिम बढाउन सक्छ। यसका कारण विमानस्थलमा उडान रद्द वा ढिलाइ हुन सक्छ।

भूमि यातायात : कुहिरो र तुवाँलोले भिजिबिलिटीलाई उल्लेख्य रूपमा कम गर्दा दैनिक गतिविधिमा असर पर्छ र ट्राफिक दुर्घटनाको जोखिम बढ्छ।

कृषि प्रभाव : ओजोन र अन्य प्रदूषकका कारण सहरी क्षेत्रका बालीनालीमा क्षति पुग्छ। काठमाडौं उपत्यका र वरपरका कृषि क्षेत्रमा सूर्यको प्रकाशलाई अवरुद्ध गर्ने कणका कारण बोटबिरुवामा प्रकाश संश्लेषणमा कमी देख्न सकिन्छ।

आर्थिक प्रभाव : बढ्दो प्रदूषणका कारण पर्यटक आगमनमा गिरावट आउन सक्छ। बाहिर काम गर्न कठिन हुँदा उत्पादकत्व घट्न सक्छ, जसले प्रदूषण-सम्बन्धित रोगको उपचारमा स्वास्थ्य सेवा लागत बढाउन सक्छ।

स्वास्थ्यमा पर्ने प्रभाव : वायु प्रदूषणको लामो समयसम्म सम्पर्कमा रहँदा स्वास्थ्यमा गम्भीर असर पर्न सक्छ। डब्लुएचओले वायु प्रदूषणलाई सबैभन्दा महत्त्वपूर्ण वातावरणीय स्वास्थ्य जोखिम र गैर-संक्रामक रोगका लागि दोस्रो ठुलो जोखिम कारक मान्छ। नेपालमा वायु प्रदूषणले प्रत्येक वर्ष



४२ हजार एक सयजनाको मृत्यु निम्त्याउने गरेको छ। जसमध्ये १९ प्रतिशत पाँच वर्षमुनिका बालबालिका र २७ प्रतिशत ७० वर्षभन्दा माथिका वृद्धवृद्धा हुने गरेका छन्। जसले औसत आयु ४.१ वर्षले घटाउँछ। वायु प्रदूषणबाट हुने मृत्युको शीर्ष पाँचमा सिओपिडी, इस्केमिक मुटु रोग, स्ट्रोक, तल्लो श्वासप्रश्वास संक्रमण र नवजात शिशुको मृत्यु रहेका छन्।

वायु प्रदूषणको सम्पर्कमा आउँदा मानसिक स्वास्थ्यमा नकारात्मक प्रभाव पर्न सक्छ, स्वास्थ्य चिन्ता र जीवनशैली प्रतिबन्धका कारण तनाव र चिन्ता बढ्छ। यसले डिप्रेसनको दर पनि बढाउँछ। वायु प्रदूषणले हरितगृह ग्यास उत्सर्जनमा वृद्धि गर्छ, जसले जलवायु परिवर्तन, विश्वव्यापी तापक्रम वृद्धि र ओजोन तहको क्षय निम्त्याउन सक्छ।

वायु प्रदूषणले जलीय पारिस्थितिक प्रणालीमा बाधा पुर्‍याउँछ र पानीको गुणस्तरलाई असर गर्छ, जसले गर्दा दीर्घकालीन पारिस्थितिक असन्तुलन निम्त्याउँछ। यस्तै, अम्लीय प्रदूषकका कारण भवन र स्मारक छिटो जीर्ण हुन सक्छन्, प्रदूषकको सम्पर्कमा आउने सवारीसाधन र अन्य मेसिनरीको मर्मत लागतमा वृद्धि हुन्छ।

निष्कर्ष : काठमाडौं उपत्यका गम्भीर वायु प्रदूषणबाट ग्रस्त छ। काठमाडौंको वायु प्रदूषणको स्तरण डब्लुएचओको निर्देशिकाभन्दा धेरै माथि छ। तीव्र गतिमा बढ्दो जनसंख्या, सहरीकरण, बढ्दो सवारीसाधन तथा औद्योगिक उत्सर्जनका साथै जाडोमा प्रदूषकलाई बढाउने मौसमी वन डढेलोले यस संकटलाई झनै चर्काएको छ। काठमाडौं उपत्यकामा वायु प्रदूषण संकटमा पनि सम्बन्धित सबै सरोकारवालाले तत्काल कदम चाल्नु आवश्यक छ। प्रदूषणलाई वातावरणीय समस्याका रूपमा हेरिन्छ, तर नेपाल र काठमाडौंको अवस्थाले यसलाई जनस्वास्थ्य संकटमा परिणत गरेको छ, जसले यो प्रदूषित हावामा सास फेर्ने प्रत्येक नेपालीलाई प्रत्यक्ष असर गर्छ। सरकारले यस्तो अवस्थालाई कम गर्न केही कदम चालेको छ, जसमा सवारीसाधनको उत्सर्जनको अनुगमन र विद्युतीय सवारीसाधनका लागि कर छुट समावेश गरिएको छ। तर, अझै धेरै गर्न बाँकी नै छ। कार्बन उत्सर्जनमा कडा नियमन, औद्योगिक धुवाँ उत्सर्जन कम गर्न स्वच्छ प्रविधिको प्रवर्द्धन, खुला रूपमा फोहोर जलाउन प्रतिबन्ध र भवनको ऊर्जा दक्षता सुधारमा ध्यान केन्द्रित गर्नेजस्ता उपाय तत्काल अपनाउन आवश्यक छ।

खामेनीको छोरा मोजतबा बने इरानका नयाँ सर्वोच्च नेता

पिता सर्वोच्च नेता रहँदा दशकौंसम्म उनको भित्री घेरामा रहेर मोजतबाले शक्तिशाली सैन्यबल रिभोलुसनरी गार्डसँग गहिरो सम्बन्ध विकास गरे

संयुक्त राज्य अमेरिका र इजरायलले इरानमा सुरु गरेको युद्धको पहिलो दिनमै मारिएका आयतोल्लाह अली खामेनीका माइला छोरा मोजतबा खामेनी देशका नयाँ सर्वोच्च नेताको रूपमा चयन गरिएका छन् । ५६ वर्षीय मोजतबा कट्टरपन्थी मानिन्छन् । उनका पितासँगै आक्रमणमा मोजतबाकी आमा, श्रीमती र उनकी एक बहिनी पनि मारिएका थिए । तथापि, मोजतबा अहिलेसम्म इरानको तीव्र बमबारीमा बच्दै आएका छन् ।

इरानको सर्वोच्च नेता चयन गर्ने ८८ सदस्यीय धर्मगुरुहरू सहभागी 'विशेषज्ञ सभा'ले आम इरानीलाई मोजतबाप्रति समर्थन व्यक्त गर्दै देशको एकता कायम राख्न आह्वान गरेको छ । आइतबार इरानको सरकारी मिडियामा प्रसारित एक विज्ञप्तिमार्फत सभाले 'मोजतबा खामेनीलाई 'निर्णायक मत'का आधारमा चयन गरिएको' भनेको छ । सोही विज्ञप्तिमा इरानीहरू, अझ 'विशेष गरी मदरसा र विश्वविद्यालयका सम्भ्रान्त वर्ग र बुद्धिजीवीलाई वर्तमान नेतृत्वप्रति निष्ठा राख्न र एकता कायम राख्न' आग्रह गरिएको छ । मोजतबाले विगतमा कहिल्यै पनि कुनै सार्वजनिक पदधारण गरेका वा उम्मेदवारी दिएका छैनन् ।

शनिबार मारिएका पिता खामेनी भने आठ वर्ष राष्ट्रपति र त्यसपछि ३६ वर्षसम्म सम्पूर्ण शक्ति अभ्यास गर्ने सर्वोच्च नेता रहे । पिता सर्वोच्च नेता रहँदा दशकौंसम्म मोजतबाले उनको भित्री घेरामा रहेर काम गरे । यस अवधिमा उनले देशको शक्तिशाली अर्धसैनिक सुरक्षा बल 'इस्लामिक रिभोलुसनरी गार्ड कोर्प्स (आइआरजिसी)'सँग गहिरो सम्बन्ध विकास गर्दै आफूलाई निकै प्रभावशाली व्यक्तित्व साबित गरे ।

फेब्रुअरी २८ को आक्रमणमा पिता मारिनुअघिदेखि नै उनलाई भावी सर्वोच्च नेताको सबैभन्दा बलियो प्रतिस्पर्धीका रूपमा हेरिन्थ्यो । मोजतबा इरानका कट्टरपन्थी समूहका नेता हुन् । सर्वोच्च नेतामा उनको चयन इरानको संस्थापनमा कट्टरपन्थी गुट हाबी रहेको स्पष्ट संकेत हो । यसले इरानले जारी युद्ध रोक्न कुनै खालको सम्झौता गर्ला वा त्यसका लागि वार्तामा बस्ला भन्ने सम्भावनालाई कमजोर देखाउँछ । उसो त पिता सर्वोच्च नेता रहेसम्म मोजतबा खामेनीले उत्तराधिकारको विषयमा कहिल्यै पनि सार्वजनिक रूपमा छलफल गरेनन् । सम्भवतः शान्तिपूर्ण अवस्थामा पितापछि पुत्र सर्वोच्च नेता हुने चर्चाले सन् १९७९ को इस्लामिक क्रान्तिअघि देशमा कायम पहलवी राजतन्त्रको अभ्यासको सम्झना



> मोजतबा इरानका कट्टरपन्थी समूहका नेता हुन् । सर्वोच्च नेतामा उनको चयन इरानको संस्थापनमा कट्टरपन्थी गुट हाबी रहेको स्पष्ट संकेत हो । यसले इरानले जारी युद्ध रोक्न कुनै खालको सम्झौता गर्ला वा त्यसका लागि वार्तामा बस्ला भन्ने सम्भावनालाई कमजोर देखाउँछ ।

दिलाउने र विरोध हुने डर हुनुपर्छ । पिताको कार्यकालभरि मोजतबाले धेरै हदसम्म आफूलाई 'न्यून प्रोफाइल'मा राख्दै प्रायः सार्वजनिक व्याख्यान, शुक्रबारको धार्मिक प्रवचन वा राजनीतिक सम्बोधन दिएनन् । यसैकारणले धेरै इरानीले उनको आवाजसमेत सुनेका छैनन् ।

आरोपहरू

लगभग दुई दशकदेखि, देशभित्र र बाहिरका विरोधीले मोजतबाको नामलाई इरानमा हुने प्रदर्शनकारीमाथि हुने हिंसात्मक दमनसँग जोड्दै आएका छन् । इस्लामिक गणतन्त्र इरानभित्रको सुधारवादी शिविरले पहिलोपटक सन् २००९ मा उनीमाथि चुनावी धाँधली गरेको र लगत्तै उठेको हरित आन्दोलन दबाउन रिभोलुस्नरी गार्डअन्तर्गतको बासिज फौज प्रयोग गरेको आरोप लगाएका थिए ।

त्यस वर्षको राष्ट्रपतीय निर्वाचनमा महमुद अहमदिनेजाद विवादास्पद मतदानमार्फत राष्ट्रपतिको रूपमा पुनः निर्वाचित भएका थिए । लगत्तै सुधारवादी नेताहरूले चुनावमा धाँधली भएको मुद्दामा ठुलो विरोध प्रदर्शनको नेतृत्व गरे ।

त्यसयता बासिज फौज हरेकपटक उठ्ने देशव्यापी विरोध प्रदर्शन दबाउन प्रयोग हुने गरेको छ । पछिल्लोपटक दुई महिनाअघि संस्थापनविरुद्ध उठेको विशाल प्रदर्शन दबाउन पनि सोही बल प्रयोग गरिएको थियो । संयुक्त राष्ट्र संघ र अन्तर्राष्ट्रिय मानव अधिकार संगठनले त्यस आन्दोलन दबाउने क्रममा हजारौं मानिसलाई सरकारी फौजले मारेको बताइरहेका छन् । त्यस क्रममा सबैभन्दा ठुलो दमन जनवरी ८ र ९ को रातमा भएको तिनले औंल्याएका छन् । दिवंगत सर्वोच्च नेता अली खामेनी र संस्थापनले भने त्यस अवधिमा भएको अभूतपूर्व हत्याका लागि अमेरिका र इजरायलद्वारा प्रशिक्षित र वित्तपोषित 'आतंकवादी' र 'दंगाकारी' जिम्मेवार भएको बताएका छन् । तथापि, यस्तो दाबी नयाँ भने होइन, तिनले हरेकपटक संस्थापनविरोधी प्रदर्शनमाथि त्यस्तै आरोप लगाउने गरेका छन् ।

मध्यम श्रेणीका धर्मगुरु

मोजतबा खामेनीले युवाकालमै देशको वास्तविक शक्तिमध्ये एक रिभोलुसनरी गार्डभित्र घनिष्ठ सम्बन्ध विकास गर्न सुरु गरेका थिए । सन् १९८० को दशकमा भएको 'इरान-इराक युद्ध'को समयमा उनले विभिन्न सैन्य अप्रेसनका क्रममा सेनाको हबिब बटालियनमा सेवा गरेका थिए । उनका धेरै साथी, अन्य धर्मगुरुले त्यतिबेला तत्कालीन नवगठित इस्लामिक गणतन्त्रको सुरक्षा र गुप्तचर निकायका प्रमुख पद प्राप्त गर्न सफल भएका थिए ।

पश्चिमी सञ्चार माध्यममा प्रकाशित रिपोर्टअनुसार, अमेरिका र पश्चिमी प्रतिबन्धमा परेका खामेनीले धेरै देशमा सम्पत्ति जोडेर आर्थिक साम्राज्य पनि खडा गरेका छन् । कुनै कथित लेनदेनमा उनको नाम देखा नपरेको भए इरानी संस्थापनसँग सम्बन्धित आन्तरिक व्यक्ति र सहयोगीको सञ्जालमार्फत उनले वर्षौं लगाएर अर्बौं डलर रकम विदेश सारेको बताइन्छ । जस्तो, एक रिपोर्टमा अमेरिकी मिडिया ब्लुमबर्गले खामेनीलाई अली अन्सारीसँग जोडेको छ ।

गत वर्ष अन्सारीको बैंक 'अयन्देह'लाई सरकारले बलपूर्वक विघटन गरेपछि उनी चर्चामा थिए । त्यतिबेला नाम नखुलेका आन्तरिक व्यक्तिलाई ऋण दिएको र ठुलो ऋण जम्मा गरेको कुरा बाहिर आएको थियो । सो बैंकको विघटनले इरानको पहिले नै उच्च रहेको मुद्रास्फीतिलाई थप बढाउँदा कैयौं इरानीलाई जीविकोपार्जन गर्न थप कठिन भएको थियो । मोजतबा र अन्सारी दुवैले सार्वजनिक रूपमा आफूहरूबिचको सम्बन्धबारे उठेको प्रश्न र आरोपबारे टिप्पणी गरेका छैनन् । तिनको सम्पत्तिमा युरोपेली देशमा महँगो घरजग्गासमेत रहेको बताइन्छ ।

खामेनीको धार्मिक हैसियतमा पनि विवादको विषय हो । उनी सर्वोच्च नेताका लागि आवश्यक मानिने उच्चपदस्थ 'आयतोल्लाह' नभई मध्यमस्तरीय धार्मिक गुरु 'हुज्त अल-इस्लाम' मात्र हुन् । तथापि, सन् १९८९ मा देशको सर्वोच्च नेता बन्दा उनका पिता पनि आयतोल्लाह थिएनन्, पछि मात्र उनले सो स्थान हासिल गरे । त्यसलाई समायोजन गर्न त्यतिबेला सर्वोच्च नेता 'आयतोल्लाह' हुनुपर्ने कानुन संशोधन गरिएको थियो । मोजतबाको लागि पनि त्यस्तै खालको कुनै सम्झौता गरिन सक्छ । अब इरानका यी नवनियुक्त नेताले अमेरिका र इजरायलको तीव्र बमबारी भोगिरहेको देश र देशवासीमा एकता तथा आत्मविश्वासको भाव विकास गर्न सक्छन् कि सक्दैन, त्यो हेर्न बाँकी छ ।

- अलजजिराबाट

इतिहासमा आज

मार्च १०



इसापूर्व २४१ : रोमन फौजले 'एगेट्स युद्ध'मा कार्थेज पक्षका नौसेनालाई हराएपछि कार्थेज वार्तामा बस्न बाध्य भयो, जसले अन्ततः २३ वर्षदेखि चलिरहेको पहिलो प्युनिक युद्ध अन्त्य गऱ्यो ।

सन् १५३५ : स्पेनिस धर्मगुरु टोमेस डी बारलांगाको टोलीले गालापागोस टापु समूह पत्ता लगायो ।

सन् १६६१ : मुख्यमन्त्री कार्डिनल म्याजरिनको मृत्युपछि २२ वर्षीय फ्रान्सेली राजा लुई चौधौंले 'म नै राज्य हुँ' भन्दै प्रत्यक्ष निरंकुश शासन सुरु गरे ।

सन् १८०१ : बेलायतमा पहिलो आधिकारिक जनगणना सञ्चालन सुरु भयो, जसले देशभर एक करोड मानिस रहेको तथ्यांक सार्वजनिक गऱ्यो ।

सन् १८६२ : अमेरिकाले पहिलोपटक कागजी मुद्रा जारी गऱ्यो ।

सन् १८७६ : आविष्कारक एलेक्ज्यान्डर ग्राहम बेलले आफ्ना सहयोगी थोमस वाट्सनलाई विश्वको पहिलो टेलिफोन कल गरे ।

सन् १९०२ : अमेरिकी अदालतले चलचित्र क्यामेराको सम्पूर्ण अवधरणा विकास गरेको नभई त्यसको एक हिस्सा 'स्प्रोकेट प्रणाली' मात्र विकास गरेको फैसला गर्दै उनले सबै फिल्म निर्माणमा प्याटेन्ट पाउनुपर्ने दाबी गलत भएको बतायो ।

सन् १९४७ : दोस्रो विश्वयुद्धपछि जर्मनीको भविष्यबारे छलफल गर्न 'बिग फोर' भनिने अमेरिका, बेलायत, सोभियत संघ र फ्रान्सका विदेशमन्त्रीहरूको मस्कोमा छलफल भयो ।

सन् १९४८ : नासाको पूर्ववर्ती संस्था नाका (एनएसिए) का परीक्षण पाइलट हर्बर्ट 'हर्ब' एच हुभरले यसै दिन ध्वनिभन्दा छिटो उड्ने विमान चलाए ।

सन् १९५२ : जनरल फुल्गेन्सियो बाटिस्टाले क्युवामा सैन्य कु गरे । उनले सन् १९५९ जनवरी १ मा क्यास्ट्रो नेतृत्वको क्रान्तिले अपदस्थ नगर्दासम्म शासन गरे ।

सन् १९५९ : दलाई लामालाई चिनियाँ फौजले पत्रेर बेइजिङ लान सक्ने हल्लाबिच हजारौं तिब्बतीहरूले उनको सुरक्षाका लागि नोबुलिंगा दरबार घेरे । तर, चिनियाँ सेनाले भिडलाई तितरबितर बनायो भने बिचमा दलाई लामा भारततर्फ भागे ।

सन् १९७७ : अरुण ग्रह वरिपरिको चक्र पत्ता लाग्यो ।

सन् १९८२ : यही दिन सूर्यका नौवटै ग्रह (यमसमेत, जो त्यति वेला ग्रह नै मानिन्थ्यो) एउटै लाइनमा परे ।

नीतीशले दिल्लीको बाटो समाउँदा

बिहारमा अवसान हुन सक्छ उनको दल

नीतीश कुमारविना पार्टीले नेतृत्वको गम्भीर संकट सामना गर्नेछ



● डिके सिंह

डिके सिंह राजनीतिक विश्लेषक हुन् ।



बिहारका मुख्यमन्त्री पदबाट नीतीश कुमारको प्रस्थान एक न एक दिन हुनु नै थियो, कहिले भन्ने मात्र प्रश्न थियो । अन्ततः त्यो मिति पनि आयो । गत बिहीबार ७५ वर्षीय नीतीशले राज्यसभा चुनावका लागि आफ्नो मनोनयन पत्र दर्ता गराएसँगै दुई दशकपछि उनले मुख्यमन्त्री पद त्याग्ने निश्चित भएको छ । यस्तोमा नीतीश कुमारको निकट प्रस्थानले राजनीतिक वृत्तमा धेरैलाई आश्चर्य पारेन । बरु, प्रस्थानको समयले भने कैयौं छक्क परे । हुन पनि दसौंपटक मुख्यमन्त्रीको शपथ लिएको साढे दुई महिनापछि उनले राज्य सभा सदस्यमा उम्मेदवारी दिए ।

उसो त नीतीशलाई सम्मान गरेर यति लामो समयसम्म उनकै दल 'जनता दल (संयुक्त)' जद(यू) र भारतीय जनता पार्टी (भाजपा) धैर्य गरेकै हुन् । तर, यति लामो समय पदमा रहन सक्नुमा उनको राजनीतिक चालबाजीले प्रमुख भूमिका खेल्यो । हुन पनि यस अवधिमा उनले धेरै गठबन्धन बदले । सन् २०२० को चुनावपछि २४३ सदस्यीय बिहार विधानसभामा जद(यू) का केवल ४३ विधायक थिए । तैपनि पाँच वर्षको अवधिमा दुई पटक सत्तासाझेदार बदलेर उनी उनी मुख्यमन्त्री पदमा कायम रहिरहे ।

यस पटक विधानसभामा जद(यू) का ८५ र भाजपाका ८९ विधायक छन् । सत्तासाझेदारबिच लगभग समानजस्तो सिट संख्या भएका वेला नेतृत्व त्याग्न उनलाई केले बाध्य पाऱ्यो ? खासमा पछिल्लो समय नीतीशपछाडि आफ्नै पार्टीको पूर्ण समर्थन थिएन । जद(यू)का कैयौं शीर्ष नेताले स्वास्थ्यका कारण नीतीश अब शासन गर्न सक्षम नभएको विचार राख्दै आएको देखिन्थ्यो । अब नीतीशको कमजोर स्वास्थ्य गोप्य कुरा रहेन । विशेषतः कमजोर मानसिक स्वास्थ्यका कारण उनले विभिन्न अवसरमा आफ्नै पार्टीका नेता तथा सहकर्मीलाई समेत चिन्न नसकेको घटना बाहिरिरहेका छन् । विभिन्न सार्वजनिक कार्यक्रममा उनले गरेका व्यवहारले उनी अझै मुख्यमन्त्री कायम रहन सक्छन् त भन्ने बहस सुरु भएको थियो ।

थप कमजोरी बाहिरिनबाट जोगाउन उनीनजिकका सहयोगीले लामो समयदेखि उनको सार्वजनिक उपस्थिति नियन्त्रण गर्दै आएका थिए । मिडियासँगको उनको अन्तर्क्रिया पछिल्लो समय निकै कम छ । सार्वजनिक सभामा उनले लिखित भाषण पढ्न थालेको पनि धेरै भयो । उनका नजिकका सहयोगीले नेतृत्व त्यागेर छोरा निशान्तलाई उत्तराधिकारीका रूपमा अघि बढाउन मनाइरहेको समाचार आइरहेका थिए । नयाँ सरकार र पार्टीमा निशान्तको भूमिकाबारे चर्चा भइरहँदा निकट भविष्यमा बिहारमा भाजपाको पहिलो मुख्यमन्त्री हुने सम्भावना बढेको छ ।

'अटो पाइलट'को सरकार

खासमा नीतीश कुमारले पहिले नै मुख्यमन्त्री पदबाट राजीनामा दिनुपर्थ्यो । उसो त सन् २००५ देखि २०१० बिचको उनको कार्यकाल उल्लेखनीय थियो । त्यसवेला उनले बिहारको रूपान्तरणका लागि गरेको कामका कारण 'विकास पुरुष'को उपमा पाएका थिए । तर, पछिको उनको कार्यकाल भने त्यति सम्झनलायक रहेन । खासमा त्यस अवधिमा उनको मुख्य ध्यान जसरी पनि आफ्नो पद जोगाउनमा केन्द्रित भयो । बढ्दो उमेर र स्वास्थ्य समस्याको असर शासनमा पर्नुअघि नै बिहारको शासन राजनीतिक नेतृत्वभन्दा कर्मचारीतन्त्रले समहालेको थियो । एक हिसाबमा सरकार 'अटो पाइलट'स्वचालित रूप)मा चलिरहेको थियो । उसो त बिहारका जनता नीतीश कुमारप्रति धेरै ऋणी छन्, तर अब राज्यलाई नयाँ मुख्यमन्त्रीको आवश्यकता छ, जसले दीर्घकालीन दृष्टिकोण र बिहारका लागि स्पष्ट योजना अघि सार्न सकोस् ।

> नीतीश कुमारका छोरा निशान्तले उपमुख्यमन्त्री वा अरू जुनसुकै भूमिका पाए पनि बुबाको ठाउँ लिन भने सजिलो हुनेछैन । जद(यू)मा अहिले आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर प्रभाव रहेको कुनै अर्को नेता भेटिँदैनन् । यस्तोमा भोट तान्न सक्ने नेताविना बिस्तारै पार्टीभित्र फुट वा पलायन सुरु हुने सम्भावना बढ्नेछ ।

प्रारम्भमा लगातार दुइटा विधानसभा चुनाव हारेपछि नीतीश कुमारले राजनीति त्यागेर व्यवसाय गर्ने सोच रोखेको बताइन्छ । त्यति वेला उनकी श्रीमतीले आफूले जोगाएर राखेको बीस हजार भारु दिएर अन्तिमपटक चुनाव लड्न प्रेरित गरेको भनिन्छ । सन् १९८५ को त्यस चुनावमा सफलतापछि उनको राजनीतिक करिअरले उडान भऱ्यो । अहिले चार दशकपछि उनै नीतीश कुमार राजनीतिबाट सन्यास लिँदै छन् । नीतीशले छाडेपछि बिहारको राजनीतिमा के होला ? सम्भवतः यो सन् २००३ मा नीतीशको नेतृत्वमा गठन भएको जद(यू)को अन्त्यको सुरुवात हुन सक्छ । नीतीश कुमारका छोरा निशान्तले उपमुख्यमन्त्री वा अरू जुनसुकै भूमिका पाए पनि बुबाको ठाउँ लिन भने सजिलो हुनेछैन । उसो त जद (यू)सँग अहिले लोकसभामा १२ सिट र राज्यसभामा ८५ सदस्य छन्, तर नीतीश कुमारविना पार्टीले नेतृत्वको ठुलो खाडलको सामना गर्नेछ । जद(यू)मा अहिले आफ्नो निर्वाचन क्षेत्रभन्दा बाहिर प्रभाव रहेको कुनै अर्को नेता भेटिँदैनन् । यस्तोमा भोट तान्न सक्ने नेताविना बिस्तारै पार्टीभित्र फुट वा पलायन सुरु हुने सम्भावना बढ्नेछ । भाजपाको नजर पहिलेदेखि नीतीश कुमारको भोट बैंकमाथि भएकाले उनको प्रस्थानले त्यस प्रक्रियालाई तीव्र बनाउन सक्छ ।

विपक्षीका लागि अवसर ?

अर्को सम्भावना, बिहारमा मुख्यमन्त्री बनाउने भाजपाको लामो समयदेखिको सपना पूरा हुन सक्छ । त्यसबाहेक सम्भवतः पार्टीले राज्यमा विस्तार अभियान सुरु गर्नेछ, जसमा पहिलो निसाना नीतीश कुमारको भोटबैंक हुनेछ । बिहारको राजनीतिमा लामो समयतेदखि तीन प्रमुख राजनीतिक दल- भाजपा, जद(यू) र राष्ट्रिय जनता दल (आरजेडी) को प्रभुत्व रहेको छ । यीमध्ये पहिले दुई दल मिलेपछि तेस्रो दलको हार लगभग निश्चित थियो । यद्यपि, भाजपाले अवस्था परिवर्तन गर्ने प्रयास गरिरहेको छ ।

गत वर्षको विधानसभा चुनावअघि केही भाजपा नेता पार्टीको घोषणापत्र तयार गर्न केन्द्रीय गृहमन्त्री अमित शाहसँग भेट गर्न गएका वेलाको कुरा हो । शाहले विहारका नेतालाई आफ्ना चुनावी वाचा 'महत्त्वाकांक्षी' बनाउन आग्रह गरेका थिए । बैठकमा उपस्थित एक नेताले बताएअनुसार शाहले उनीहरूलाई 'तिमीहरूले सकेकोजति मतदातासँग वाचा गर । केन्द्र सरकारले बिहारको अनुहार परिवर्तन गर्न आवश्यक पर्ने सबै कुरा प्रदान गर्नेछ,' भनेका थिए । यसले पनि बिहारमा भाजपाको ठुलो विस्तारको योजना बनाएको संकेत गर्छ ।

अहिलेको सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको नीतीश कुमारको प्रस्थानले विपक्षीलाई कसरी असर गर्छ भन्ने पनि छ । सिद्धान्तमा, यसले आरजेडीलाई फाइदा पुऱ्याउनुपर्थ्यो ।

पार्टीले आफ्नो भोटबैंक विस्तार गर्ने आशा गर्न सक्छ, जुन हाल मुख्यतया मुस्लिम र यादवमा सीमित भएको मानिन्छ । उसो त पार्टीले नीतीश कुमारको भोटबैंक मानिने महिला, महादलित, अत्यन्त पिछडिएका वर्ग र कुर्मी समुदायमा पनि प्रभाव पार्ने प्रयास गर्दै छ । तर, आरजेडीका वर्तमान नेता तेजस्वी यादवले अहिलेसम्म आफ्नो पार्टीको सामाजिक आधार विस्तार गर्ने क्षमता वा इच्छाशक्ति प्रदर्शन गर्न सकेका छैनन् । जबकि, छिमेकमा अखिलेश यादवले गत लोकसभा चुनावमा समाजवादी पार्टीका लागि केही हदसम्म त्यस्तो सफलता हासिल गरेका थिए । यस्तो अवस्थाले प्रशान्त किशोरको जनसुरज पार्टीजस्ता नयाँ राजनीतिक खेलाडीका लागि आशा प्रदान गर्न सक्छ । तर, धरातल हेर्ने हो भने यसको सम्भावना पनि कमजोर छ ।

- द प्रिन्टबाट

अमेरिकाद्वारा भारतमाथि रुसी तेल खरिदमा लगाएको प्रतिबन्ध खुकुलो

नयाँदिल्ली / मध्यपूर्वमा बढ्दो तनावबिच अमेरिकाले केही समयका लागि रुसी तेल भिऱ्याउन भारतमाथि गरेको कडाइ खुकुलो पारेको छ । विशेषतः समुद्रमा फसेको रुसी तेल किन्न अनुमति दिन अमेरिकी सरकारले अस्थायी रूपमा प्रतिबन्ध खुकुलो पारेको छ ।

अमेरिकी वित्तमन्त्री स्कट बेसेन्टले विश्वव्यापी बजारमा तेलको प्रवाह सुनिश्चित गर्न ३० दिनको छुट दिइएको पुष्टि गरे । अहिलेको छुट रुसबाट किनेर भारतमा आइनपुग्दै प्रतिबन्ध खेपेका कारण समुद्रमा फसेका तेलसँग सम्बन्धित लेनदेनलाई मात्र लागू हुने भएकाले यसले रुसलाई महत्त्वपूर्ण वित्तीय लाभ प्रदान नगर्ने बेसेन्टले दाबी गरे । रुसी कच्चा तेल भरिएका कैयौं जहाज अहिले समुद्रमै फसेका छन् । आपूर्तिमा अनिश्चितकालीन रोकले भारतमा आसन्न ऊर्जा संकटको डर पैदा गरेको छ । भारत सरकारले आफूहरूसँग करिब २५ दिनलाई पुग्ने कच्चा तेल र ग्यासको भण्डार रहेको बताएको छ । भारतले अरब देशबाट किनिएका लाखौं ब्यारेल तेल र ग्यास अहिले इरान युद्धपछि 'स्ट्रेट अफ होर्मुज'मा अवरोध आएकाले त्यही अड्किएका छन् । साँघुरो चोकपोइन्ट 'स्ट्रेट अफ होर्मुज'बाट भारतले आयात गर्ने कच्चा तेल र ग्यास आयातको लगभग आधा नै आउने गर्छ । भारतले आफूलाई आवश्यक पर्नेमध्ये झन्डै ९० प्रतिशत कच्चा तेल अरू देशबाट आयात गर्ने गर्छ । विज्ञहरूका अनुसार होर्मुज बन्द हुँदा आउन सक्ने आपूर्ति संकटले भारतमा मुद्रास्फीति निम्त्याउन सक्छ । त्यसले भारतको वित्तीय घाटा नै बढाउने खतरा छ ।



यो छुट लागू भएपछि, समुद्रमै रोकिएका झन्डै १४.५ करोड ब्यारेल रुसी कच्चा तेल भारतीय बन्दरगाहमा उतार्न पाइनेछ । अमेरिकाले कडाइ गर्नुअघि भारते आफूले आयात गर्ने कुल तेलको अनुमानित २० प्रतिशत रुसबाट किनिरहेको थियो ।

अमेरिकाले अल्पकालीन पछिल्लो छुटले पनि भारतको रुसी तेल आयातप्रति अमेरिकाको कठोर नीतिमा उल्लेखनीय परिवर्तन आएको संकेत गर्छ । केही समयअघिसम्म ट्रम्पले भारतका सामानमाथि लगाएको ५० प्रतिशत भन्सार शुल्क लगाएमा आधा अर्थात् २५ प्रतिशत रुसबाट तेल आयात गरेकै कारण लागेको थियो । ट्रम्पले त्यतिवेला भारतले रुसी तेल खरिद गर्दा युक्रेनमा जारी युद्धलाई निरन्तता दिने गरी मस्कोलाई आर्थिक सहयोग पुगिरहेको आरोप लगाएका थिए ।

अर्थ पत्रिका

नयाँ पत्रिका
मंगलबार २६ फागुन ०८२

६ महिनामा १५ सय ट्रेडमार्क दर्ता

काठमाडौं/ चालू आर्थिक वर्षको ६ महिनामा एक हजार पाँच सय २० वटा ट्रेडमार्क दर्ता भएका छन्। उद्योग मन्त्रालयले सार्वजनिक गरेको 'उद्यमशीलता बुलेटिन'का अनुसार उद्योग विभागमा ती ट्रेडमार्क दर्ता भएका हुन्। बुलेटिनका अनुसार दोस्रो त्रैमासिक अवधिमा उद्योग विभागमा दर्ता भएका ट्रेडमार्कको संख्या एक हजार ८८ रहेको छ। पहिलो त्रैमासमा चार सय ३२ वटा ट्रेडमार्क दर्ता भएका थिए। यस अवधिमा पेटेन्ट भने दर्ता भएको देखिँदैन। दोस्रो त्रैमास अवधिमा ७० वटा ट्रेडमार्कसम्बन्धी मुद्दाको कारबाही टुंगो-किनारा लगाइएको छ। ६ महिनामा आइपुग्दा एक सय १३ पुगेको छ।

विभागले भारततर्फको निर्यातका लागि दिने सर्टिफिकेट अफ ओरिजिन सिफारिस संख्या ३७ पुगेको छ। दोस्रो त्रैमास अवधिमा मात्रै यस्तो सिफारिस १८ वटा दिइएको छ। त्यस्तै, उद्योग विभागबाट ६ महिनामा ३८ उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण सम्पन्न गरिएको छ। दोस्रो त्रैमासमा मात्रै १४ वटा उद्योगको प्रारम्भिक वातावरणीय परीक्षण गरिएको बुलेटिनमा उल्लेख छ।



राष्ट्र बैंकमा डेपुटी गभर्नर रिक्त

काठमाडौं/ नेपाल राष्ट्र बैंकमा डेपुटी गभर्नर पद रिक्त भएको छ। राष्ट्र बैंकका डेपुटी गभर्नरद्वय डा. नीलम ढुंगाना तिम्सिना र बमबहादुर मिश्रको कार्यकाल सोमबारदेखि सकिएको हो। पाँचवर्षे कार्यकाल पूरा गरी अनिवार्य अवकाश भएको दुवै डेपुटी गभर्नरलाई राष्ट्र बैंकले सोमबार बिदा गरेको हो। तर, नयाँ डेपुटी गभर्नरको नियुक्ति प्रक्रिया भने अझै अघि बढाइएको छैन।

सरकारले २५ फागुन ०७७ मा तिम्सिना र मिश्रलाई डेपुटी गभर्नरमा नियुक्ति गरेको थियो। रिक्त भएको डेपुटी गभर्नरका लागि छनोट प्रक्रिया भने थालिएको छैन। राष्ट्र बैंक ऐनअनुसार कार्यकारी निर्देशकमध्येबाट तीन योग्य व्यक्तिलाई डेपुटी गभर्नरका लागि गभर्नरले सिफारिस गर्ने व्यवस्था छ। गभर्नरको सिफारिस-सूची अर्थ मन्त्रालयले मन्त्रिपरिषद्मा पेस गर्ने र मन्त्रिपरिषद्ले तीनमध्ये दुईजनालाई डेपुटी गभर्नर नियुक्ति गर्ने प्रावधान छ।

जेन-जी आन्दोलनमा भएको ध्वंसपछिको पुनर्निर्माण

सरकारले यो वर्ष चार अर्ब ३४ करोड खर्च गर्ने

आगामी दुई आर्थिक वर्षका लागि वार्षिक १० अर्ब १७ करोड बजेट सुनिश्चित गर्ने, क्षति पुगेका निजी प्रतिष्ठानलाई तीन वर्षसम्म सम्पत्ति करमा छुट दिने

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले चालू आर्थिक वर्ष ०८२/८३ मा जेन-जी आन्दोलनमा भएको ध्वंसपछिको पुनर्निर्माणलाई चार अर्ब ३४ करोड रुपैयाँ खर्च गर्ने भएको छ। मन्त्रिपरिषद्को बैठकले २३ र २४ भदौको आन्दोलनबाट क्षतिग्रस्त भौतिक संरचनाहरूको पुनर्निर्माण र भौतिक सम्पत्तिको पुनर्व्यवस्थापनसम्बन्धी कार्ययोजना, २०८२ स्वीकृत गर्दै बजेट सुनिश्चित गरेको हो। कार्ययोजनाअनुसार चालू आवमा चार अर्ब ३४ करोड खर्च गर्ने र आगामी दुई आर्थिक वर्षहरूमा वार्षिक १० अर्ब १७ करोड रुपैयाँ बजेट विनियोजनका लागि एयरमार्क (बजेट सुनिश्चित) गरिनेछ।

गत २३ र २४ भदौको जेन-जी आन्दोलनका क्रममा भएको तोडफोड तथा आगजनीबाट साढे ८४ अर्ब ४५ करोड ७७ लाख रुपैयाँबराबरको भौतिक क्षति भएको सरकारी अध्ययनले देखाएको थियो। त्यस्तै, तीन वर्षभित्र पुनर्निर्माण सकिने र पुनर्निर्माणका लागि ३६ अर्ब ३० करोड २१ लाख रुपैयाँबराबरको बजेट आवश्यक पर्ने अनुमानसमेत गरिएको थियो। स्वीकृत कार्ययोजनाअनुसार पुनर्निर्माण तथा पुनर्व्यवस्थापनका लागि आवश्यक बजेट व्यवस्थापनमा समस्या नहुने अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयले बताए। 'चालू आर्थिक वर्षमा सरकारले खर्च कटौती गरिसकेकाले स्रोत व्यवस्थापनमा समस्या हुनेछैन,' उनले भने, 'कार्ययोजना कार्यान्वयनमा जान्छ।'

कार्ययोजनाअनुसार चालू आवमा भवनको पुनर्निर्माण गर्न ८० करोड ४२ लाख ५० हजार आवश्यक पर्नेछ। आगामी आवहरूमा भने प्रत्येक वर्ष ६ अर्ब ६४ करोड आठ लाख ४० हजारका दरले बजेट विनियोजन गर्ने उल्लेख छ। त्यस्तै, चालू आवमा सवारीसाधनका लागि एक अर्ब ३६ करोड १४ लाख ३० हजार खर्च गर्नेछ। अन्य सम्पत्ति व्यवस्थापन गर्न दुई अर्ब १७ करोड ५२ लाख खर्च गर्ने कार्ययोजना छ। आगामी आवमा पनि यही दरमा बजेट विनियोजन गर्दै लैजाने उल्लेख छ।

संघीय मन्त्रालय तथा निकायहरूको भवन संरचनामा भएको सामान्य क्षतिको मर्मत-सम्भार तथा पूर्ण क्षति भएका संरचनाको पुनर्निर्माणको पूर्वतयारीका लागि अनुमानित खर्च ८० करोड ४२ लाख बजेट रहेको छ। यो खर्च सम्बन्धित निकायको आर्थिक वर्ष ०८२/८३ मा विनियोजित बजेटबाट व्यवस्थापन गर्ने कार्ययोजनामा उल्लेख छ।

दैनिक कार्य सञ्चालन गर्न आवश्यक पर्ने सवारीसाधन सम्बन्धित सरकारी निकायहरू रहेका मौजुदा सवारीसाधनबाट व्यवस्थापन गर्ने उल्लेख छ। अन्य सम्पत्तिको हकमा पनि सरकारी निकायमा उपलब्ध साधनबाट कार्य व्यवस्थापन गर्ने कार्ययोजनामा उल्लेख छ। सवारीसाधन र भवनहरूको अनिवार्य बिमा गर्ने पनि भनिएको छ। प्रदेश र स्थानीय तहको हकमा पनि यस्तै योजना बनाइएको छ।

गत ३० पुसमा राष्ट्रिय योजना आयोगका सचिव रविलाल पन्थको संयोजकत्वमा गठित समितिले २३ र २४ भदौको आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्यांकन प्रतिवेदन मन्त्रिपरिषद्मा पेस गरेको थियो। सोही प्रतिवेदन कार्यान्वयनका लागि कार्ययोजना तयार पार्न आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठको संयोजकत्वमा समिति बनेको थियो। समितिले कार्ययोजना तयार पारी मन्त्रिपरिषद्मा पेस गरेको थियो। मन्त्रिपरिषद्ले स्वीकृत गरेसँगै कार्ययोजना कार्यान्वयनमा आउने भएको हो। समितिमा आयोगका सचिव रविलाल पन्थ, अर्थसचिव डा. घनश्याम उपाध्याय, नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक रामु पौडेल सदस्य छन् भने सदस्यसचिवमा सहसचिव हरिशरण पुडासैनी छन्।



यसरी हुन्छ स्रोत व्यवस्थापन

राजस्व परिचालन सुस्त रहेको, संघीयताको परिवेशमा सरकारी खर्चहरू बढिरहेको अवस्थामा सरकारी वित्त दबाबमा रहेको कार्ययोजनामा उल्लेख छ। यस्तो अवस्थामा पुनर्निर्माण र पुनर्व्यवस्थापन गर्नका लागि विद्यमान स्रोतको विवेकशील विनियोजन गर्ने र नयाँ वित्तीय स्रोतहरू पहिचान गरी परिचालन गर्नुपर्ने स्थिति रहेको भनिएको छ। साना, टुक्रे र तत्काल नतिजा दिन नसक्ने आयोजना कटौती गर्ने, तीन करोडभन्दा कम रकम लाग्ने भौतिक पूर्वाधार निर्माणका कार्य संघीय सरकारबाट नगर्ने, साना आयोजना ससर्त अनुदानका रूपमा सम्बन्धित तहमा हस्तान्तरण गर्ने र सवारी सुविधामा मापदण्ड बनाएर कार्यान्वयन गर्ने उल्लेख छ। पुनर्निर्माण योजनासम्बन्धी प्रतिवेदनलाई आधार लिई आर्थिक वर्ष ०८३/८४ र ०८४/८५ का लागि बजेट विनियोजन गर्ने कार्ययोजनामा उल्लेख छ।

प्रदेशले चालू आवमा ८१ करोड २५ लाख खर्च गर्नुपर्ने

चालू आर्थिक वर्षमा पुनर्निर्माणका लागि प्रदेश सरकारहरूले ८१ करोड २५ लाख रुपैयाँ खर्च गर्नुपर्नेछ। जसमध्ये भवन निर्माणका लागि आठ करोड ९७ लाख ५० हजार रुपैयाँ खर्च गर्नुपर्नेछ। त्यस्तै, सवारीसाधनमा ३४ करोड ५४ लाख र अन्य सम्पत्तिमा ३७ करोड ७४ लाख खर्च गर्ने उल्लेख छ। आगामी दुई आर्थिक वर्षमा वार्षिक एक अर्ब ४६ करोड ५२ लाख १० हजार रुपैयाँ बजेट विनियोजन गर्नुपर्ने उल्लेख छ। भवनमा वार्षिक ७४ करोड २४ लाख १० हजार, सवारीसाधनमा ३४ करोड ५४ लाख र अन्य सम्पत्तिमा ३७ करोड ७४ लाख विनियोजन गर्ने उल्लेख छ। प्रदेश सरकारका मन्त्रालय तथा निकायहरूको भवन संरचनामा भएको सामान्य क्षतिको मर्मत-सम्भार तथा पूर्ण क्षति भएका संरचनाको पुनर्निर्माणको पूर्वतयारीका लागि अनुमानित आठ करोड ९७ लाख प्रदेशका मन्त्रालयहरूमा चालू आर्थिक वर्षमा विनियोजित बजेटमध्ये बचत रहने रकमबाट व्यवस्थापन गर्ने उल्लेख छ।

स्थानीय सरकारले यो वर्ष एक अर्ब ४२ करोड खर्च गर्ने

स्थानीय तहहरूका लागि चालू आर्थिक वर्ष एक अर्ब ४२ करोड ४७ लाख रुपैयाँ खर्च गर्नुपर्ने कार्ययोजनामा उल्लेख छ। आगामी दुई प्रत्येक आर्थिक वर्षका लागि तीन अर्ब २१ करोड ९२ लाखका दरले बजेट आवश्यक देखिन्छ।

चालू आवमा स्थानीय तहरूले भवन पुनर्निर्माणका लागि २४ करोड ६७ लाख ७० हजार रुपैयाँ खर्च गर्नुपर्ने कार्ययोजनामा उल्लेख छ। त्यसपछिका आर्थिक वर्षहरूमा दुई अर्ब चार करोड १२ लाख ७० हजारका दरले विनियोजन गर्नुपर्ने भनिएको छ। सवारीसाधनलाई चालू आवसहित तीन आवमै ३४ करोड ९१ लाख ९० हजार र अन्य सम्पत्तिका लागि ८२ करोड ८७ लाख ८० हजारका दरले खर्च तथा विनियोजन गर्ने कार्ययोजना छ।

स्थानीय तहका लागि भवन संरचनामा भएको आंशिक तथा सामान्य क्षतिको मर्मत-सम्भार तथा पूर्ण क्षति भएका भवनको पुनर्निर्माणका लागि आवश्यक पूर्वतयारीका लागि आवश्यक रकम २४ करोड ६७ लाख स्थानीय तहमा चालू आर्थिक वर्षमा विनियोजित बजेटमध्ये बचत रहने रकमबाट व्यवस्थापन गर्ने उल्लेख छ।

क्षति पुगेका निजी क्षेत्रका प्रतिष्ठानलाई राहतका प्याकेज

२३ र २४ भदौको आन्दोलनका क्रममा निजी व्यावसायिक प्रतिष्ठानहरूको २७ अर्ब ४९ करोडबराबर र व्यक्ति-घरपरिवारको ६ अर्ब पाँच करोड ८४ लाख क्षति गरी कुल ३३ अर्ब ५४ करोड ८७ लाख क्षति भएको छ। यसमध्ये भवन तथा घरमा ४५.५ प्रतिशत, सवारीसाधनमा ५.५ प्रतिशत र अन्य सम्पत्तिमा ४९ प्रतिशत क्षति भएको छ। करिब २३ अर्बका लागि बिमा कम्पनीहरूमा दाबी परेको छ।

क्षति भएका निजी प्रतिष्ठान तथा निजी भौतिक संरचनाको पुनर्निर्माण गर्ने प्रयोजनका लागि नक्सा पास गर्नुपर्ने अवस्थामा नक्सापासबापतको रकम छुट दिने व्यवस्था गर्ने र क्षति पुगेका निजी व्यावसायिक प्रतिष्ठानलाई क्षतिका आधारमा तीन वर्षसम्म सम्पत्ति करमा छुट दिने व्यवस्था गर्ने उल्लेख छ। आन्दोलनका क्रममा पूर्ण क्षति भएका निजी सवारीसाधनको लगत कट्टा गर्दा लाग्ने सवारीसाधन कर मिनाहा दिने व्यवस्था गर्ने पनि उल्लेख छ।

बिमा भएका भौतिक संरचनाहरूको बिमा रकम तुरुन्त उपलब्ध गराउने व्यवस्था गर्ने कार्ययोजनामा भनिएको छ। त्यस्तै, बिमा कम्पनीमा बिमा रकम उपलब्ध गराउन तरलता अभाव भएमा नेपाल राष्ट्र बैंक तथा कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोषबाट सहुलियत ब्याजदरमा अल्पकालीन सापटी लिन सक्ने व्यवस्था गर्ने उल्लेख छ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय
ललितपुर

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मितिः २०८२।११।२६ (2026 March 10)

पूर्वाधार विकास कार्यालय, ललितपुरको तपशिल बमोजिमको निर्माण कार्यहरु खरिद सम्बन्धी मिति २०८२।१०।१५ मा प्रकाशित सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरु मध्ये निम्नानुसारका न्यूनतम मूल्याङ्कित सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताको बोलपत्र; सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) तथा ITB 33.1 बमोजिम स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

क्र.सं.	योजनाको नाम	बोलपत्रदाताको नाम	कबोल रकम रु. (VAT र PS समेत)
1	Upgrading of RadhaKrishna Mandir to Huchiltar Road,Tokha 1, Kathmandu [IDOLTP/W/NCB/185/2082-83]	Simachaur builders Pvt. Ltd, Kathmandu	22,96,327.40
2	Upgrading of Nayabasti Chihane Khola Sadak, Budhanilkantha 13, Kathmandu [IDOLTP/W/NCB/186/2082-83]	Om Bajra Construction and Suppliers Pvt. Ltd., Kathmandu	15,44,399.77
3	Upgrading works on Salghari Malta Motor Bato, Bagamati RM-2, Lalitpur [IDOLTP/W/NCB/187/2082-83]	Vigor Construction Pvt. Ltd., Dhading	49,46,787.00
4	Upgrading of Basketball Court Sadak Pitch Uttar Tarfako Bato Purbako Bato Dhalan, Budhanilkantha 8,Kathmandu [IDOLTP/W/NCB/188/2082-83]	Kapileshwor Nirman Sewa, Nuwakot	11,40,206.35
5	Upgrading of Thuli Brahmayani Mandir Jane Bato Cha.Na.Pa-8, Bhaktapur [IDOLTP/W/NCB/189/2082-83]	Samir Nirman Sewa, Bhaktapur	11,97,076.30
6	Upgrading of Pokhrel Gaun Pipalbot bata Shyam Krishna Dahalko Ghar bata Birauta jaane Sadak, Changunarayan 4, Bhaktapur [IDOLTP/W/NCB/190/2082-83]	Eco Promotional Construction Pvt. Ltd., Kathmandu	13,53,776.79
7	Upgrading of Hattiban Gwarko Road, Lalitpur-15 [IDOLTP/W/NCB/191/2082-83]	Kopila Nirman Sewa and Suppliers, Dolakha	16,91,586.50
8	Upgrading of 1) Araniko School bata Dr. Sumitra Gautan ko ghar hudai Sirutar jane bato, 2) Sirutar Jane Sadak bata Araniko School jane Sadak, Suryabinayak 4, Bhaktapur [IDOLTP/W/NCB/192/2082-83]	Karuna Builders and Suppliers Pvt. Ltd., Kathmandu	70,33,581.16
9	Upgrading of Helipad Sanga Jane Purano Sadak, Suryabinayak 10, Bhaktapur [IDOLTP/W/NCB/193/2082-83]	Fortified Builders Pvt. Ltd., Kathmandu	44,51,793.95
10	Upgrading of Kedar chowk dekhi purba tarfa sadak ,Madhyapur Thimi 1 ,Bhaktapur[IDOLTP/W/NCB/194/2082-83]	Chaulagain Builders and Suppliers Pvt.Ltd., Kathmandu	14,61353.86

कार्यालय प्रमुख

प्रत्यक्षबाट दश व्यवसायी संसद् प्रवेश



नयाँ पत्रिका

२१ फागुनको निर्वाचनमा प्रत्यक्षतर्फ उम्मेदवार बनेका बहुसंख्यक व्यवसायीमध्ये नौजना विजयी भएका छन्। विभिन्न दलबाट दर्जनौं व्यवसायी चुनावी प्रतिस्पर्धामा उत्रिएका भए पनि नौजना अनुमोदित भएर संसद् प्रवेश गर्दै छन्। फोर्ब्सको अर्बपतिको सूचीमा सूचीकृत एक मात्रै नेपाली व्यवसायी विनोद चौधरीसहित दर्जनौं उम्मेदवार भने पराजित भएका छन्।

रसुवामा निर्माण व्यवसायी आचार्य

निर्माण व्यवसायी मोहन आचार्य रसुवाबाट प्रतिनिधिसभामा निर्वाचित भएका छन्। नेपाली कांग्रेसबाट उम्मेदवारी दिएका उनले निकटतम प्रतिद्वन्द्वी रास्वपाका वसन्त भट्टलाई पाँच हजार ८५ मतले पराजित गरे। विजयी आचार्यले १० हजार ६ सय ५६ मत ल्याउँदा भट्टले पाँच हजार पाँच सय ७१ मत मात्रै ल्याए। कांग्रेस केन्द्रीय सदस्य आचार्य यसअघि ०७९ मा पनि रसुवाबाट निर्वाचित भएका थिए।

स्याङ्जा १ बाट पर्यटन व्यवसायी रेग्मी

स्याङ्जा १ मा प्रतिस्पर्धामा पर्यटन यवसायीमा धनञ्जय रेग्मी विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका रेग्मीले २९ हजार ७१ मत ल्याएर विजयी भएका छन्। उनीसँगै प्रतिस्पर्धामा आएका मुक्तिनाथ विकास बैंक र मुक्तिनाथ कृषि कम्पनीका पूर्वअध्यक्ष भरतराज ढकाल र पूर्वबैंकर मीनप्रसाद गुरुङ भने पराजित भए।

कुरियर व्यवसायी कार्की सोलुखुम्बुमा

कुरियर तथा कार्गो व्यवसायी प्रकाशसिंह कार्की सोलुखुम्बुमा विजयी भएका छन्। नेपाली कांग्रेसबाट उम्मेदवार बनेका कार्कीले १३ हजार एक सय ६६ मत ल्याए। उनका निकटतम प्रतिद्वन्द्वी नेकपाका असीम राईले नौ हजार ४१४ मत ल्याएको देखिन्छ।

भक्तपुर १ मा व्यवसायी रञ्जित

भक्तपुर १ मा भक्तपुर उद्योग वाणिज्य संघका महासचिव रुकेश रञ्जित विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका रञ्जितले ३३ हजार चार सय ३६ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी नेपाल मजदुर किसान पार्टीका प्रेम सुवालले २८ हजार एक सय ४७ मत ल्याए।

सिन्धुपाल्चोक १ मा पराजुली

सिन्धुपाल्चोक १ मा ऊर्जा व्यवसायी भरतराज पराजुली विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका उले २४ हजार चार सय १२ मत ल्याएका छन्। उनका निकटतम प्रतिस्पर्धी नेकपाका माधव सापकोटाले १७ हजार तीन सय २७ मत ल्याए।

बारा २ मा आइएमईका साह

बारा २ मा भुक्तानी सेवाप्रदायक आइएमईका लगानीकर्ता अरविन्द साह विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका उनले ४० हजार ६ सय ९७ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी नेपाली कांग्रेसका फरमुल्लाह मन्सुरले १० हजार ५२ मत ल्याए।

उदयपुर १ मा व्यवसायी गेलाल

उदयपुर १ मा व्यवसायी पारसमणि गेलाल विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका गेलाललले ३० हजार पाँच सय ९० मत ल्याए। उनका निटकतम प्रतिस्पर्धी श्रम संस्कृति पार्टीका राजेशकुमार राईले ११ हजार ६ सय ६ मत ल्याए।

तनहुँ २ मा ऊर्जा व्यवसायी न्यौपाने

ऊर्जा व्यवसायी श्रीराम न्यौपाने तनहुँ २ मा विजयी भएका छन्। रास्वपाबाट उम्मेदवार बनेका उनले ३२ हजार ६ सय ८७ मत ल्याउँदा निकटमत प्रतिस्पर्धी कांग्रेसका शंकर भण्डारीले १४ हजार एक सय ३५ मत ल्याएको देखिन्छ।

दोलखामा ऊर्जा व्यवसायी खरेल

दोलखाबाट ऊर्जा उद्यमी जगदीश खरेल निर्वाचित भएका छन्। रास्वपा उम्मेदवार बनेका उनले ३२ हजार तीन सय ७६ मत ल्याए। उनका निकटतम प्रतिस्पर्धी एमालेका पार्वत गुरुङले १७ हजार चार सय ४९ मत ल्याए।

सर्लाही १ मा युवा व्यवसायी नीतिमा

युवा व्यवसायी नीतिमा भण्डारी कार्की पनि सर्लाही १ बाट विजयी भएकी छिन्। रास्वपाबाट उम्मेदवार बनेकी उनले ४४ हजार एक सय ८१ मत ल्याइन्। उनका प्रतिस्पर्धी कांग्रेसका शम्भुलाल श्रेष्ठले ३६ हजार तीन सय १० मत ल्याए। नीतिमा बाजेका सेकुवामा आबद्ध छिन्।

कपनमा खुल्यो करेन्ट मार्टको दोस्रो आउटलेट



काठमाडौं/ काठमाडौं उपत्यकामा करेन्ट मार्टको दोस्रो शाखा सञ्चालनमा ल्याइएको छ। हट एन्ड स्पाइसी नुडल्स सेगमेन्टअन्तर्गतको करेन्ट नुडल्स उत्पादक संस्था यसोदा फुड्सले कपनस्थित (रिलायन्स कलेजनजिक) नयाँ शाखाको औपचारिक सुरुवात गरेको हो। कपनस्थित यस करेन्ट मार्टको उद्घाटन यसोदा फुड्सका ग्लोबल एक्जुकेटिभ डाइरेक्टर जिपी शाह र डाइरेक्टर प्रकाश पौडेलले संयुक्त रूपमा गरेका हुन्। कम्पनीले यसअघि बानेश्वरस्थित कात्यानी चोकमा पहिलो उपत्यका आउटलेट सञ्चालनमा ल्याएको थियो।

नयाँ शाखा सुरुवातको अवसर पारेर ग्राहकलाई करेन्ट मार्टमा उपलब्ध सम्पूर्ण उत्पादनको खरिदमा १० प्रतिशत विशेष छुटको व्यवस्था गरिएको कम्पनीले जनाएको छ। कम्पनीका अनुसार यस शाखमा उपभोक्ताले यसोदा फुड्सद्वारा उत्पादित सम्पूर्ण रेन्जका उत्पादन एकै छानामुनि प्राप्त गर्न सक्नेछन्। करेन्ट ब्रान्डका लोकप्रिय नुडल्स (चाउचाउ), विभिन्न प्रकारका स्न्याक्स, चिजबल्स, स्टिक्स तथा पोटाटो क्र्याकर्स उपलब्ध हुने बताइएको छ। त्यसैगरी, चिया पारखीका लागि करेन्ट गोल्ड मसला र सिटिसी चिया तथा विभिन्न प्रकारका मसला (जिरा पाउडर, धनियाँ पाउडर, रातो खुर्सानी पाउडर) आदि पनि मार्टमा उपलब्ध हुने कम्पनीले जनाएको छ। कम्पनीका एक्जुकेटिभ डाइरेक्टर शाहले भने, 'कपन र यसआसपासका उपभोक्ताले अब आफ्नै टोलबाट हाम्रा ताजा र गुणस्तरीय उत्पादन सहज रूपमा खरिद गर्न सक्नेछन्।'

ग्यालेक्सी ए-२६ सिरिज सार्वजनिक



काठमाडौं/ टेक्नोलोजी कम्पनी सामसङले स्मार्ट फोन सिरिज ग्यालेक्सी एस-२६ नेपाली बजारमा सार्वजनिक गरेको छ। एआई प्रविधिमा आधारित एस-२६ सिरिज अहिलेसम्मकै सबैभन्दा सहज, स्मार्ट र अनुकूल प्रविधिसमेत तयार गरिएको कम्पनीको भनाइ छ। यो सिरिज दैनिक फोनमा गर्ने विभिन्न कामलाई सजिलो बनाउन डिजाइन गरिएको कम्पनीले जनाएको छ। तालिका व्यवस्थापनदेखि कन्टेन्ट बनाउनसम्म प्रयोगकर्तालाई प्राविधिक जटिलताको सट्टा परिणाममा ध्यानकेन्द्रित गर्न सुनिश्चित गर्नेछ। एस-२६ अल्ट्रा, ग्यालेक्सी एस-२६ प्लस र ग्यालेक्सी एस-२६ मोडेल नेपालमा सोबारदेखि १८ मार्च २०२६ सम्म अग्रिम अर्डर खुला गरिएको बताइएको छ।

कम्पनीका अनुसार ग्यालेक्सी एस-२६ अल्ट्रामा उद्योगमै पहिलोपटक इन-बिल्ट गोपनीयता प्रदर्शन सुविधा समावेश गरिएको छ। जसले स्क्रिनमा देखिने सामग्रीको गोपनीयता सुरक्षित राख्न मद्दत गर्छ। यसका साथै सुधारिएको चिपसेट र ताप व्यवस्थापन प्रणालीले पातलो डिजाइनमै छिटो र शक्तिशाली प्रदर्शन दिने बताइएको छ।

ग्यालेक्सी एस-२६ सिरिज कोबाल्ट भायोलेट र कालो रङमा उपलब्ध हुनेछ। ग्यालेक्सी एस-२६ अल्ट्रा (१६/१ टेराबाइट)को मूल्य दुई लाख ९३ हजार नौ सय ९९, १२/५१२ जिबीको दुई लाख ४२ हजार नौ सय ९९ र १२/२५६ को मूल्य दुई लाख १२ हजार नौ सय ९९ तोकिएको छ। यसैगरी, ग्यालेक्सी एस-२६ प्लस १२/२५६ को एक लाख ८२ हजार नौ सय ९९ तथा ग्यालेक्सी एस-२६ १२/२५६ को मूल्य एक लाख ३३ हजार नौ सय ९९ निर्धारण गरिएको कम्पनीले जनाएको छ। प्रि-बुकिङ गर्ने ग्राहकले मोडेलअनुसार पाँच हजारदेखि १५ हजार रुपैयाँसम्मको स्टोरेज अपग्रेड अफर प्राप्त गर्न सक्नेछन्।

पुनर्वास महोत्सव सुरु

कञ्चनपुर/ कञ्चनपुरको दक्षिणी क्षेत्रमा पुनर्वास महोत्सव सुरु भएको छ। डेढ दशकपछि ६५ बिघा क्षेत्रमा फैलिएको आइबिआरडीमा सोमबारदेखि दोस्रो पुनर्वास महोत्सव सुरु भएको हो। पुनर्वास उद्योग वाणिज्य संघको आयोजनामा 'हाम्रो पुनर्वास राम्रो पुनर्वास' मूल नारासहित सुरु भएको महोत्सवको सुदूरपश्चिम प्रदेश सरकारका भूमि, व्यवस्था कृषि तथा सहकारीमन्त्री वीरबहादुर थापा (पातल)ले उद्घाटन गरेका हुन्।

महोत्सव उद्घाटन गर्दै मन्त्री थापाले महोत्सवबाट यस क्षेत्रको विकासमा टेवा पुग्ने बताए। पुनर्वास नगरका मेयर तोयप्रसाद शर्माले महोत्सवबाट स्थानीय किसानले उत्पादन गरेका कृषिउपज खपत गर्नुपर्नेमा जोड दिए। पुनर्वास उद्योग वाणिज्य संघका अध्यक्ष राजकुमार रायमाझीले स्थानीय क्षेत्रको विकासका लागि महोत्सव आयोजना गरिएको बताए। पुनर्वास नगरपालिकाका ओम श्री डेन्टल धनगढी, भागेश्वर चिनी उद्योगसहितका सरकारी, निजी क्षेत्रले महोत्सवलाई प्रवर्द्धन गरेको उनले जानकारी दिए।

महोत्सवमा एक सय १५ स्टलमा विभिन्न व्यावसायिकदेखि घरेलु उद्यमका उत्पादन राखिएका छन्।

तोलामा ३७ सयले घट्यो सुनको मूल्य

काठमाडौं/ स्थानीय बजारमा सोमबार सुनको मूल्य घट्यो। नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सो दिन सुन तोलाको तीन लाख १३ हजार दुई सय रुपैयाँमा कारोबार भएको छ। आइतबारको तुलनामा यो तीन हजार सात सय रुपैयाँले घटेको हो। सो दिन तोलाको तीन लाख १६ हजार नौ सयमा कारोबार भएको महासंघले जनाएको छ।

त्यस्तै, चाँदीको भाउ पनि घटेको छ। आइतबार प्रतितोला पाँच हजार चार सय ७५ रुपैयाँ कारोबार भएकामा सोमबार ६५ रुपैयाँले घटेर पाँच हजार चार सय १० रुपैयाँमा कारोबार भयो।

ऋण भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८२/११/२६)

तपशिलमा उल्लेखित ऋणीहरूले यस मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि. बाट विभिन्न शिर्षकअन्तर्गत ऋण लिई ऋण लिँदाको शर्त तथा भाखा बमोजिम तिर्नुपर्ने साँवा, व्याज तथा अन्य शुल्क बुझाउन पटक पटक विभिन्न मितिमा मौखिक, लिखित तथा सूचना प्रकाशन गरी ऋण परिचालन कार्यविधि २०८१ को व्यवस्था अनुसार तरताकिता गरिएकोमा बाँकि तिर्न बुझाउन नआउनु भएकोले यस संस्थाको ऋण परिचालन कार्यविधि २०८१ को नियम ३७ को उप नियम ९ र १० बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूले बुझाउनुपर्ने रकम तिर्न बुझाउन वा रकम तिरी बुझाईसकेको भए त्यसको प्रमाण पेश गर्न आउनु होला। अन्यथा बागमती प्रदेश सहकारी ऐन २०७६ को दफा ६४, बागमती प्रदेश सहकारी नियमावली २०७६ को दफा १५ र संस्थाको विनियम एवं नीति तथा कार्यविधि बमोजिम ऋणी साथै व्यक्तिगत जमानीकर्ताको धितो लिलाम बिक्रीको प्रक्रिया अवलम्बन गरी सोमा लागेको खर्चसहित बाँकी बक्यौता असुल उपर गरिनेछ। यसरी धितो लिलाम बिक्रीबाट पुरै बाँकी बक्यौता असुल उपर नभएमा ऋणी/जमानीकर्ता वा ऋणीको एकाघरको नाममा भएको चल अचल सम्पत्ति तथा जायजेथाबाट असुल उपर गरिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

क्र.स./ स.नं.	ऋणीको नाम थर र वतन	व्यक्तिगत जमानीको नाम थर र वतन
१/२०९	**ऋणीको नामः सरोज साह** ना.प्र.नं.: १०९८९/६३, सिराहा बाबु: धर्मनाथ साह बाजे: सुर्य साह ना.प्र. अनुसारको ठेगाना: असनपुर-५, सिराहा	**जमानीको नाम : विश्वनाथ साह** ना.प्र.नं.: ०२५९९४६, सिराहा बाबु : सुर्या साह बाजे : भानु साह ना.प्र. अनुसारको ठेगाना: असनपुर-५, सिराहा
२/४८६	**ऋणीको नामः दिलिप कुमार अधिकारी** ना प्र नं: ३७५१/५६, मोरङ बाबु: कृष्ण बहादुर अधिकारी बाजे: मेहरमान अधिकारी ना.प्र. अनुसारको ठेगाना : अमहिवेला ७, सुनसरी	**जमानीको नाम : तारा केईराला** ना .प्र नं: १४९८ मोरङ पतिः दिलिप कुमार अधिकारी ससुराः कृष्ण बहादुर अधिकारी ना.प्र. अनुसारको ठेगाना : विराटनगर-१५, मोरङ
३/५२५	**ऋणीको नामः मोहन कुमार श्रेष्ठ** ना प्र नं: २६०४/४/३७३२, सिन्धुपाल्चोक बाबु: हिराकाजी श्रेष्ठ बाजे: मान बहादुर श्रेष्ठ ना.प्र. अनुसारको ठेगाना : हगाम-५, सिन्धुपाल्चोक	**जमानीको नामः राम श्रेष्ठ** ना .प्र नं: २४/०१/१३२९० सिन्धुपाल्चोक बाजे: हिराकाजी श्रेष्ठ पिताः मोहन कुमार श्रेष्ठ ना.प्र. अनुसारको ठेगानाः हगाम-५, सिन्धुपाल्चोक
४/५३५	**ऋणीको नामः कमल कुमार थापा** ना प्र नं: ४६४७३८८१, महोत्तरी बाबु: रविन्द्र कुमार थापा बाजे: लाल बहादुर थापा ना.प्र. अनुसारको ठेगाना : खयरमारा-२, महोत्तरी	**जमानीको नामः धन कुमारी खड्का** ना .प्र नं: ३६४१०४१३ सर्लाही बाबु: जगत बहादुर खड्का पतिः कमल कुमार थापा ना.प्र. अनुसारको ठेगाना : हरिवन-२, सर्लाही
५/ ६२४	**ऋणीको नाम : शारदा भट्टराई** ना प्र नं: ६३६४६१६९२,झापा बाबु: धर्म प्रसाद भट्टराई पतिः राजेन्द्र कार्की ना.प्र. अनुसारको ठेगाना : फिक्कल-८, इलाम	**जमानीको नामः राजेन्द्र कार्की** बाबु: खड्क बहादुर कार्की बाजे: नर बहादुर कार्की ना.प्र. अनुसारको ठेगाना : विराटनगर-४, मोरङ
६/६३३	**ऋणीको नाम : रामचन्द्र उपाध्याय** ना प्र नं : १९८८९, प्युठान बाबु : भुमिराज उपाध्याय बाजे : लुकराज उपाध्याय ना.प्र. अनुसारको ठेगाना : तोरवाङ-५, प्युठान	**जमानीको नाम : रचना उपाध्याय** ना प्र नं : ३७३, दाङ बाबु : छविलाल उपाध्याय पति : रामचन्द्र उपाध्याय ना.प्र. अनुसारको ठेगाना : चौलाही-२, दाङ
७/ ९९५	**ऋणीको नाम : सुभास श्रेष्ठ** ना प्र नं : २२५१९, मकवानपुर बाबु : अशोक श्रेष्ठ बाजे : गोपाल लाल श्रेष्ठ ना.प्र. अनुसारको ठेगाना : हेटौडा-४, मकवानपुर	**जमानीको नाम : निर्मला श्रेष्ठ** ना प्र नं : १८२६४,मकवानपुर पति : अशोक श्रेष्ठ ससुरा : गोपाल लाल श्रेष्ठ ना.प्र. अनुसारको ठेगाना : हेटौडा-४, मकवानपुर
८/१००७	**ऋणीको नाम : लोकेन्द्र सुबेदी** ना प्र नं : ७०२८-२९६, बाग्लुङ बाबु : तेजेन्द्र सुबेदी बाजे : मनिराज सुबेदी ना.प्र. अनुसारको ठेगाना : हटिया-९, बाग्लुङ	**जमानीको नाम : लक्ष्मी पौडेल** ना प्र नं : २२८४२ ,रुपन्देही बाबु :मोतिलाल पौडेल पति : लोकेन्द्र सुबेदी ना.प्र. अनुसारको ठेगाना : गजेडी-१,रुपन्देही
९/ १००९	**ऋणीको नामः सागर गौतम** ना .प्र नं: ४१४१५/२११०४५/१०६६६, रामेछाप बाबु: विष्णु प्रसाद गौतम बाजे: जय नारायण गौतम ना.प्र. अनुसारको ठेगाना : लखनपुर-२, रामेछाप	**जमानीको नामः विष्णु प्रसाद गौतम** ना प्र नं: १६४/२११०४५,रामेछाप बाबु: जय नारायण गौतम बाजे: देवदत्त गौतम ना.प्र. अनुसारको ठेगाना : लखनपुर ०२, रामेछाप
१०/ १०४२	**ऋणीको नामः जगत बहादुर पार्की** ना प्र नं: ९५४५/१२५८८,डडेल्धुरा बाबु: टिका पार्की बाजे: डुमरे पार्की ना.प्र. अनुसारको ठेगाना : आलीताल-५, डडेल्धुरा	
११/ १०४९	**ऋणीको नाम : सुदिप काफ्ले** ना प्र नं: ३०१०९०/१७७५९४, काभ्रे बाबु: रमेश प्रसाद काफ्ले बाजे: टंकप्रसाद काफ्ले ना.प्र. अनुसारको ठेगानाः होक्से-१, काभ्रे	**जमानीको नाम : गणेश प्रसाद काफ्ले** ना प्र नं: ४३७९, काभ्रे बाबु: टंकप्रसाद काफ्ले बाजे: यमनिधी काफ्ले ना.प्र. अनुसारको ठेगानाः होक्से-१, काभ्रे
१२/ १०५०	**ऋणीको नाम : प्रकाश काफ्ले** ना प्र नं : ३०१०९०/१७२०५०, काभ्रे बाबु : रमेश प्रसाद काफ्ले बजे : टंकप्रसाद काफ्ले ना.प्र. अनुसारको ठेगानाः होक्से-१, काभ्रे	**जमानीको नाम : गणेश प्रसाद काफ्ले** ना प्र नं: ४३७९, काभ्रे बाबु: टंकप्रसाद काफ्ले बाजे: यमनिधी काफ्ले ना.प्र. अनुसारको ठेगानाः होक्से-१, काभ्रे
१३/ १०५१	**ऋणीको नाम : इश्वरी काफ्ले** ना प्र नं : ८९५६३, काभ्रे बाबु : बिष्णुप्रसाद अधिकारी पति : रमेश प्रसाद काफ्ले ना.प्र. अनुसारको ठेगाना : पाँचखाल-६, काभ्रे	**जमानीको नाम : रमेश प्रसाद काफ्ले** ना प्र नं : ३/६४५, काभ्रे बाबु : टंकप्रसाद काफ्ले बाजे : यमनिधी काफ्ले ना.प्र. अनुसारको ठेगाना : होक्से-१, काभ्रे
१४/ १०६१	**ऋणीको नाम : विकाश कुमार झा** ना प्र नं: ४४८७, सप्तरी बाबु: विवेकानन्द झा बाजे: दिनेश झा ना.प्र. अनुसारको ठेगाना : मौवाहा-१, सप्तरी	**जमानी को नाम : विश्वास झा** ना .प्र नं: ४४८६,सप्तरी बाबु: विवेकानन्द झा बाजे: दिनेश झा ना.प्र. अनुसारको ठेगाना : मौवाहा-१, सप्तरी
१५/ १०६२	**ऋणीको नामः विश्वास झा** ना .प्र नं: ४४८६,सप्तरी बाबु: विवेकानन्द झा बाजे: दिनेश झा ना.प्र. अनुसारको ठेगाना : मौवाहा-१, सप्तरी	**जमानीको नाम : विकाश कुमार झा** ना प्र नं: ४४८७, सप्तरी बाबु: विवेकानन्द झा बाजे: दिनेश झा ना.प्र. अनुसारको ठेगाना : मौवाहा-१, सप्तरी
१६/ टी-५८२	**ऋणीको नाम : सुशिल भट्टराई** ना प्र नं: ३५३८२५/४/१६, चितवन बाबु: चन्द्र बहादुर भट्टराई बाजे: अग्नीधर भट्टराई ना.प्र. अनुसारको ठेगाना : भरतपुर-१, चितवन	
१७/ टी-६०१	**ऋणीको नाम : प्रतिमा थापा** ना प्र नं: ४४१००८/२१३, गोरखा बाबु: धर्मजगं थापा क्षेत्री बाजे: निर्पजगं थापा क्षेत्री ना.प्र. अनुसारको ठेगाना : नाम्जुङ-३, गोरखा	**जमानीको नाम : भिम बहादुर पार्की** ना .प्र नं: ६८६३, सिन्धुपाल्चोक बाबु: नन्दराम पार्की बाजे: डुमरे पार्की ना.प्र. अनुसारको ठेगाना : आलीताल-५, डडेल्धुरा
१८/ टी-६६१	**ऋणीको नाम : कविन्द्र दुलाल** ना.प्र.नं:२४/०१/७३/०२५९७ सिन्धुपाल्चोक बाबु: दाल प्रसाद दुलाल बाजे: श्यामलाल दुलाल ना.प्र. अनुसारको ठेगाना : चौतारा-९, सिन्धुपाल्चोक	

॥समृद्धिको प्रतीक॥

मनिप्लान्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभ लि.

मनिप्लान्ट बचत तथा ऋण सहकारी संस्था लि.
काठमाडौं-३१, मिनभवन, सम्पर्क नं: ०१-४६२०२६५/४६२०४०९
Email: moneyplantsaccos@yahoo.com
Web: www.moneyplant.coop.np

कर्जा भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंकको शाखा कार्यालय बलम्बुबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, थप व्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी, संचालक, प्रोप्राइटर, जमानीकर्ता समेत लाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गर्न गराउन हुन ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ।

तपसिल

क्र.सं	ऋणीको नाम, ठेगाना	व्यक्तिगत जमानतकर्ताको विवरण
१.	**नाम : शर्मिला गुरुङ** ना.प्र.नं.: ३११००५/७९८१३, जि.प्र.का. मकवानपुर जारी मिति : २०६७/१०/२५ पतिको नाम : सुमन श्रेष्ठ ससुराको नाम : घन श्याम श्रेष्ठ ठेगाना : मकवानपुर जिल्ला, छतीवन वडा नं. ३ हाल : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६	**नाम : सुमन श्रेष्ठ** ना.प्र.नं.: २०१०५, जि.प्र.का. बारा जारी मिति : २०६२/१२/११ बावुको नाम : घन श्याम श्रेष्ठ बाजेको नाम : मान बहादुर श्रेष्ठ ठेगाना : बारा जिल्ला, अमलेखगंज वडा नं. ३ हाल : काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. १६
	धितोको विवरण	
	धनी ज्योति विकास बैंक लिमिटेड भई ऋणी शर्मिला गुरुङको नाममा यातायात व्यवस्था कार्यालय ऐकान्तकुना, ललितपुरमा दर्ता कायम रहेको बागमती प्रदेश ०१-०२५ च ७८५३, च्यासिस नं. : MAT464602MSR07437, ईन्जिन नं. 4SPCR10EYX617925 को TATA PICKUPS, XENON YODHA SC 4X2 मोडेलको सवारी साधन।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः बलम्बु फोन नं. ०१-४३१२४३३, ४३१२६२२
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति २०८२/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय दमक, झापाबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, थप व्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहां जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलवन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रूपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याइन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैंले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धित कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

बोलपत्र दर्ता गर्ने अन्तिम मिति — **२०८२/१२/२ गते /स्थान : शाखा कार्यालय, दमक, झापा**

बोलपत्र खोलिने मिति/समय — **२०८२/१२/०४ गते, सोमबार, दिनको ३ बजे**

क्र.सं	ऋणीको नाम, ठेगाना	जमानतकर्ताको विवरण
१	**१. नाम : बिमला सुन्दास दर्जी** ना.प्र.प.नं. ०४०३०४४-४७५४, जि.प्र.का. झापा जारी मिति :२०६३/१२/०८ पतिको नाम : धन बहादुर पाँचकोटी ससुराको नाम : बल बहादुर पाँचकोटी ठेगानाः दमक न.पा १, झापा	**१. नाम : धन बहादुर पाँचकोटी** ना.प्र.प.नं. ०४०३०४४-५५९, जि.प्र.का. झापा जारी मिति : २०६३/११/१४ बाबुको नाम : बल बहादुर पाँचकोटी, बाजेको नाम : दिल बहादुर पाँचकोटी ठेगानाः दमक न.पा १, झापा
	धितोको विवरण	
	बिमला सुन्दास दर्जीको नाममा मालपोत कार्यालय भद्रपुर, झापामा दर्ता श्रेष्ता कायम रहेको झापा जिल्ला, गरामनी ७ स्थित कित्ता नं. २५३ क्षेत्रफल १६९.०० ब.मी. भएको घरजग्गा तथा सम्पूर्ण लिगलिगापातसमेत।	

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय :
का.म.न.पा. वडा नं ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६/०७/०८/०९/१०
शाखा कार्यालयः दमक, झापा, फोन नं. ०२३-०५७५०८८/८९
website: www.jbbl.com.np, Email:info@jbbl.com.np

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय हेटौंडा, मकवानपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/११/२६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, व्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्यौंट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, व्याज, हर्जाना व्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्यौंट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ। कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण	
उदय बहादुर थापा मगरको नाति, मोहन बहादुर थापा मगरको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **बिश्वराज थापा मगर** (ना.प्र.नं. २४/४४६, जारी मिति २०५६/०७/१५, जि.प्र.का. मकवानपुर)।	
व्यक्तिगत जमानीकर्ताको विवरण	
१. भुवन सिंहको नाति, उदय बहादुर थापा मगरको छोरा, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **मोहन बहादुर थापा मगर** (ना.प्र.नं. ३१-०१-७३-०३१९६, जारी मिति २०७३/०३/०६, जि.प्र.का. मकवानपुर)।	२. उदय बहादुर थापा मगरको बुहारी, मोहन बहादुर थापा मगरको पत्नि, मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. ९ बस्ने **निर्मला थापा** (ना.प्र.नं. ८२८ सर्लाही, जारी मिति २०३९/०९/१९, जि.प्र.का. मकवानपुर)।
धितोको विवरण	
मोहन बहादुर थापा मगर (ना.प्र.नं. ३१-०१-७३-०३१९६, जारी मिति २०७३/०३/०६, जि.प्र.का. मकवानपुर) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको सिन्धुली जिल्ला, साविक सिद्धेश्वर गा.वि.स./न.पा. वडा नं. ६ हाल सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ६ स्थित कि.नं. ४२ को क्षेत्रफल ०-५-१८-१ (विगाहा) बमोजिमको घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।	

Siddhartha Bank

शाखा कार्यालय : हेटौंडा, मकवानपुर
फोन नं. ०५७-५२६७६७
Website : www.siddharthabank.com

नाम परिवर्तन गरिएको सूचना

यस कम्पनीको मिती २०८२/१०/२६ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८२/११/०८ गतेको निर्णय अनुसार बतास एडब्राइट प्राईभेट लिमिटेडको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि समेत सम्पूर्ण सकार्ने व्यहोर्ने गरी साविकको नाम परिवर्तन गरी **बि. एडब्राइट प्राइभेट लिमिटेड** (B. Adbrite Private Limited) कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ।

बि. एडब्राइट प्राइभेट लिमिटेड (B. Adbrite Private Limited)
काठमाण्डौं म.न.पा. वडा नम्बर ५ काठमाण्डौं
बागमती प्रदेश

घर बहालमा दिने सम्बन्धी आशय आव्हान गरिएको सूचना

सूचना प्रकाशित मिति २०८२/११/२६

एक प्रतिष्ठित राष्ट्रिय स्तरको वित्तिय संस्थाको कर्पोरेट कार्यालय सञ्चालनको लागि तपसिलमा उल्लेखित क्षेत्रमा मुख्य तथा शाखा बाटोमा न्यूनतम ४००० बर्गफिट देखि अधिकतम ६००० वर्ग फिटसम्मको क्षेत्रफल भएको पर्याप्त पार्किङ्ग सुविधा सहितको घर/फ्ल्याट आवश्यक भएकोले घर भाडामा दिन इच्छुक घरधनीहरुबाट आशय आव्हान गरिएको छ।

घर भाडामा चाहिएको स्थान सम्बन्धी विवरणः
काठमाडौंको बागबजार, पुतलीसडक, कमलादी, हात्तिसार, कमलपोखरी, ज्ञानेश्वर, नक्साल, रातोपुल, मैतिदेवी, अनामनगर, थापाथली, माइतिघर, बिजुलीबाजार, नयाँ बानेश्वर, पुरानो बानेश्वर, बत्तिसपुतली तिनकुने, शंखमुल, लाजिम्पाट, पानीपोखरी, बालुवाटार, दरबारमार्ग, उत्तरढोका, गैरिधारा, टंगाल र आसपासका क्षेत्र
आशय पेश गर्ने सम्पर्क नम्बर : ९७४५६१००१४ र ९७४५६१००१५
इमेल ठेगानाः financeadminnotice@gmail.com

एनएमबि बैंक लिमिटेड,
बबरमहल, काठमाडौं फोन नं: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मितिः २०८२/११/२६

यस बैंकका निक्षेपकर्ता श्री लिले थापाको नातिनी, श्री मन्सराम थापाको छोरी, रोल्पा जिल्ला, जंकोट गाविस वडा नं. ०७ घर भई हाल रोल्पा नगरपालिका वडा नं. ०८ जंकोट, रोल्पा बस्ने वर्ष ८१ को श्रीमती **सितलादेवी वली** ना.प्र.नं. ५४-०१-७३-०४३२४, जारी मिति २०७३/०९/०८, जारी जिल्ला रोल्पा) को मिति २०८२/१०/१२ गते निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको एकाघरको छोरा श्री प्रेम कुमार वलीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणपत्र लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ। अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको छोरा, श्री प्रेम कुमार वलीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

का.नि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
मंगलबार २५ फागुन ०८२
www.nayapatrikadaily.com
नयाँ पत्रिका

पोखराले एनपिएलको पारिश्रमिक नदिएको निसिमको गुनासो

पोखरा एभेन्जर्सले १०औँ टी-२० विश्वकप फाइनलमा न्युजिल्यान्डका जिमी निसिमले भारतविरुद्ध उत्कृष्ट प्रदर्शन गरेको भन्दै प्रशंसा गऱ्यो । पोखराले सामाजिक सञ्जालमा दिएको बधाईको प्रत्युत्तरमा निसिमले एनपिएलमा अझै पारिश्रमिक नपाएको गुनासो गरे ।

रातिं निसिमको कमेन्ट हटेको छ, कुरा बुझेपछि निसिम आफैंले कमेन्ट हटाएको पोखराको दाबी ।

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

न्युजिल्यान्डका बायाँ हाते फास्टबलर जिमी निसमले दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)मा आफ्नो पारिश्रमिक नपाएको गुनासो गरेका छन् । भारतमा आइतबार सम्पन्न १०औँ टी-२० विश्वकप क्रिकेट प्रतियोगितामा न्युजिल्यान्ड उपविजेता बनेको थियो । न्युजिल्यान्ड टी-२० विश्वकपमा दोस्रोपटक उपविजेता बनेपछि एनपिएलको फ्रेन्चाइज टोली पोखरा एभेन्जर्सले निसिम र न्युजिल्यान्डको खुलेर प्रशंसा गरेको थियो । पोखराले आफ्नो इन्स्टाग्राममा लेखेको छ, 'हाम्रा खेलाडी जिमी निसिमले विश्वकप फाइनलको १६औँ ओभरमा उत्कृष्ट प्रदर्शन गरेको छ । भारतविरुद्ध तीन विकेट, एक रन तथा दुई डट बल फ्याँकेर निसिमले उत्कृष्ट स्पेल गर्न सफल रह्यो ।' पोखराले निसिमको उत्कृष्ट प्रदर्शन भए पनि न्युजिल्यान्ड दुर्भाग्यपूर्ण दोस्रो स्थानमा सीमित भएको उल्लेख गरेको छ ।

पोखराले पोखरा एभेन्जर्सबाट दोस्रो एनपिएल खेलेको आफ्ना खेलाडी निसिमप्रति गर्व भएको जनाएको छ । पोखराले न्युजिल्यान्ड र आफ्ना खेलाडीको प्रदर्शन गरेको केही समयपछि निसिमले आफ्नो प्रतिक्रिया दिएका हुन् । उनले सामाजिक सञ्जालमार्फत आफूले नेपाल प्रिमियर लिग खेल्दा पारिश्रमिक नपाएको पहिलोपटक खुलासा गरेका छन् । निसिमले भनेका छन्, 'कुल, पे योर प्लेयर्स, ठिक छ आफ्नो खेलाडीको पैसा तिर ।'

पोखराका एभेन्जर्सका मुख्य लगानीकर्ता सुबोध त्रिपाठीले न्युजिल्यान्डका खेलाडी निसिमको पारिश्रमिक दिन आफूहरू तयार भएको बताए । 'हामी निसिमको एनपिएलमा आबद्ध भएबापत दिनुपर्ने पारिश्रमिक दिन तयार छ । नेपालको प्रशासनिक प्रक्रियाको ढिलाइले समस्या विदेशी खेलाडीहरूको पारिश्रमिक दिन ढिलाइ भएको हो,' त्रिपाठीले भने, 'हामीले तत्कालै खेलाडीसँग पनि वार्ता गरिरहेका छौं । सम्भवतः केही दिनभित्र नै रकम उसले पाउनेछन् ।'

पोखराको पोस्टमा गरेको कमेन्ट सोमबार राति भने हटेको छ । कुरा बुझेपछि निसिम आफैंले कमेन्ट हटाएको पोखराको दाबी छ । राष्ट्रिय खेलकुद परिषद्को प्रशासनिक प्रक्रिया र सदस्य सचिव फेरिँदाले पनि रकम तिर्नु समस्या भएको पोखराले जनाएको छ । 'निसिमको केवल १५ प्रतिशत मात्र पारिश्रमिक दिन बाँकी छ । फेरि यो डलरमै सबै कारोबार हुने भएकाले पनि केही प्राविधिक कठिनाइ सामना गर्नुपरेको छ,' पोखराले भनेको छ, 'सबै प्रक्रिया पूरा गरेर छिट्ट खातामा बाँकी रकम जम्मा हुनेछ ।' पोखराले निसिमको सम्झौता रकम खुलाएको छैन ।


फाइल तस्बिर

प्रक्रियागत रूपमा ढिलाइ भएको हो

● **सुबोध त्रिपाठी**, पोखरा एभेन्जर्स



पोखराले आफ्ना विदेशी खेलाडीको पारिश्रमिक दिन कुनै समस्या छैन । नेपालको कानुनी प्रक्रियागत पक्षले ढिलाइ भएको पक्का हो । सुरुमा राष्ट्र बैंकको अनुमति नचाहिने भनियो । पछि हामीले कारोबार गर्ने ग्लोबल आइएम बैंकले अनुमति चाहिन्छ भन्यो । त्यसपछि हामी राष्ट्रिय खेलकुद परिषद्मा गयौं । परिषद्ले मुद्दाको विषय लिएर अनुमति दिन ढिलाइ गरेको छ । यसबिच निर्वाचनले कार्यालय बन्द भयो । हामी छिट्टै निसिमको बाँकी १५ प्रतिशत पारिश्रमिक उनको खातामा जम्मा गर्छौं ।

दोस्रो एनपिएलमा औसत प्रदर्शन

गत नोभेम्बर र डिसेम्बरमा त्रिवि क्रिकेट मैदानमा भएको दोस्रो एनपिएलमा न्युजिल्यान्डका निसिमले पोखराबाट प्रतिस्पर्धा गरेका थिए । उनको ब्याटिङ र बलिङमा औसत प्रदर्शन रह्यो । प्रतियोगितामा उनले चारपटक ब्याटिङ गरे । जसमा एक अर्धशतकको सहयोगमा उनले समग्रमा ९९ रन जोडेका थिए । एनपिएलमा उनले पाँच चौका र आठ छक्का प्रहार गरेका थिए । दोस्रो एनपिएलमा धेरै रन बनाउने सूचीमा उनी ३८औँ स्थानमा रहे । बलिङ क्रममा उनले चारै खेलमा बलिङ गरेका थिए । २१३ ओभर बलिङ गर्ने अवसर पाएका उनले पाँच विकेट लिएका थिए ।

भारतविरुद्ध उत्कृष्ट बलिङ प्रदर्शन

नरेन्द्र मोदी रंगशालामा भारतले पहिलो ब्याटिङ गरी कीर्तिमानी रूपमा २५५ रनको योगफल खडा गरेको थियो । इनिङ्सको १५औँ ओभरसम्म भारत निकै बलियो स्थितिमा थियो । यो अवस्थाबाट भारत सहजै तीन सय रन योगफल कटाउने अग्रसर भइसकेको थियो ।

त्यसैवेला इनिङ्सको १६औँ ओभरमा निसिमले बलिङ अवसर पाए । उनले यसै ओभरमा भारतका महत्त्वपूर्ण तीन विकेट हात पारी भारतमाथि दबाब बनाए । यो ओभरमा उनले सञ्जु सामसन (प्रतियोगिताकै म्यान अफ दी सिरिज) ईशान किसन तथा सूर्यकुमार यादवको विकेट लिएका थिए । अघिल्लो स्पेलमा कसिलो बलिङ गरेका उनले इनिङ्सको अन्तिम ओभर बलिङ गर्ने मौका पाए । तर, यस ओभरमा शिवम दुबेले तीन चौका र दुई छक्का प्रहार गरी २२ रन बटुले ।

१०औँ विश्वकपमा निसिमले चार खेलमा बलिङ गरेका थिए । जसमा उनले भारतविरुद्ध ४६ रन खर्चेर तीन विकेट लिए । फाइनलमा उनले आठ रन जोडे । यसैगरी, दक्षिण अफ्रिकाविरुद्धको खेलमा उनले १५ रन दिएर एक विकेट लिनुका साथै २३ रनको नटआउट इनिङ्स खेले । समूह चरणमा क्यानडा र सेमिफाइनलमा दक्षिण अफ्रिकाविरुद्ध उनले एक समान एक विकेट लिएका थिए ।

एन्फालाई निर्वाचन रोक्न राखेपको निर्देशन

प्रदेश र जिल्लाको निर्वाचनसहित ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न एन्फालाई राखेपको निर्देशन

नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)ले आगामी १३ चैतमा हुने एन्फा निर्वाचन रोक्न सोमबार निर्देशन दिएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले गत निर्वाचनको नयाँ मिति घोषणा गरेको थियो । राखेपले जिल्ला, प्रदेशको निर्वाचनपछि केन्द्रको निर्वाचन गर्न भनेको छ । तर, पंकजविक्रम नेम्वाङ नेतृत्व पक्षले फेरि निर्वाचनको मिति र प्रक्रिया सार्वजनिक गरेपछि राखेपका संघ-संस्था समन्वय शाखा प्रमुख चन्द्रकुमार राईले चुनावी साधारणसम्मलाई राखेपले स्वीकृति नदिएको बताएका छन् ।

'१३ चैतमा गर्ने भनिएको एन्फाको चुनावी साधारणसभा स्वीकृत नभएसम्म नगर्न र दिएको निर्देशन पालना गर्न अनुरोध राखेपले गरेको छ,' राईले जारी गरेको विज्ञप्तिमा भनिएको छ । राखेपले निर्वाचन रोक्न दोस्रोपटक अनुरोध गरेको हो । यसअघि एन्फा पदाधिकारीबाटै उजुरी परेपछि राखेपले प्रदेश र जिल्लाको निर्वाचनसहित ११ बुँदा संशोधन गरेर मात्रै निर्वाचन गर्न आदेश दिएको थियो ।

'११ बुँदे निर्देशनसहित पत्राचार गरिएकोमा सो साधारणसभा (अर्डिनरी कंग्रेस) तथा निर्वाचनको सम्बन्धमा परिषद्सँग कुनै प्रकारको समन्वय नगरी पुनः निर्वाचनसम्बन्धी तालिका प्रकाशन गरिएको जानकारी प्राप्त भएको छ,' राईले भनेका छन्, 'राष्ट्रिय खेलकुद विकास नियमावली, २०७९ को नियम ७ को (ग) अनुसार परिषद्को स्वीकृति नभएसम्म संघको साधारणसभा तथा निर्वाचनसम्बन्धी सम्पूर्ण स्थगित गर्न राखेप विकास ऐन, २०७७ को दफा २८ को (ङ) बमोजिम जानकारीका लागि अनुरोध गरिएको छ ।'

संघ-संस्था समन्वय शाखाका प्रमुख राईले खेलकुद मन्त्रालय, सदस्यसचिव, प्रशासन विभाग तथा खेलकुद विभागलाई समेत बोधार्थ गरेका छन् । यसअघि, एन्फाले गत २८ माघमा 'अर्ली इलेक्सन' गर्ने निर्णय गरेको थियो । नेम्वाङको कार्यकाल आगामी ५ असारमा सकिँदै छ । उनले आफ्नो कार्यावधि पूरा नहुँदै निर्वाचन गर्न लागेका हुन् । एन्फाका ४८ मध्ये अधिकांश जिल्लाको चारवर्षे कार्यकाल सकिएको छ । ती जिल्ला र प्रदेशमा निर्वाचन गराउँदा आफू अनुकूलको प्रतिनिधि छनोट नहुने देखेपछि नेतृत्वले जिल्ला र प्रदेशको निर्वाचन गर्न नेम्वाङ पक्ष चाहेको छैन ।

ताला खोल्न दबाब



एन्फाले सातदोबाटोस्थित मुख्यालयमा लगाएको तालाबन्दीका कारण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल आयोजना गर्न कठिनाइ भएको जनाउँदै खेलाडी संघलाई ताला खोल्न दबाब दिएको छ । एन्फाले तालाबन्दीप्रति आफू गम्भीर ध्यानाकर्षण भएको पनि जनाएको छ । एन्फाले विज्ञप्तिमार्फत खेलाडी संघले उठाएका तीनबुँदे मागबारे आफ्नो धारणा स्पष्ट गरेको छ । एन्फाले राष्ट्रिय लिग सम्पन्न भएपछि एक महिनाभित्र 'ए' डिभिजन लिग सञ्चालन गर्ने प्रतिबद्धता जनाएको छ । खेलाडी कल्याण कोष सम्बन्धमा पनि एन्फाले स्पष्टीकरण दिएको छ । अन्तर्राष्ट्रिय महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताबाट फाइनल खेलको टिकट बिक्रीबाट प्राप्त हुने रकम खेलाडी कल्याण कोषमा जम्मा गर्ने निर्णयमा संघ प्रतिबद्ध रहेको जनाएको छ ।

वर्तमान कार्यसमितिले घोषणा गरेका पुरस्कारहरू पूर्णरूपमा भुक्तानी गरिसकेको एन्फाले भनेको छ । एन्फाले संवाद र वार्ताबाट समस्या समाधान गर्न आफू सधैं तयार रहेको जनाएको छ । 'ताला तत्काल खोल्न खेलाडी संघलाई आग्रह गरेको छ । अन्यथा नेपाली फुटबल गतिविधि प्रभावित हुने र त्यसको जिम्मेवारी सम्बन्धित पक्षले लिनुपर्ने छ,' एन्फाका प्रवक्ता सुरेश शाहले भने, 'एन्फा आफ्नो भौतिक संरचना र दैनिक गतिविधिको सुरक्षाका लागि सरकार तथा सुरक्षा निकायसँग सहयोगको अपिल गर्दछौं ।'

टी-२० विश्वकप फाइनलमा बनेका रेकर्ड

१०औँ संस्करणको टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको फाइनलमा भारतले न्युजिल्यान्डलाई ९६ रनले हराउँदै उपाधि जित्यो । अहमदाबादको नरेन्द्र मोदी रंगशालामा भारतले एकपक्षीय फाइनल बनायो । ब्याटिङ र बलिङमा भारत अब्बल रहँदा न्युजिल्यान्ड यसै पक्षमा पछाडि रह्यो । जसका कारण दोस्रोपटक फाइनल स्थान बनाउँदा पनि न्युजिल्यान्डले उपाधि जित्न असमर्थ रह्यो । भारत र न्युजिल्यान्डबिचको उपाधि भिडन्तपछि बनेका रेकर्डहरू यस्ता छन् ।

घरेलु मैदानमा पहिलोपटक च्याम्पियन

टी-२० विश्वकपको नवौँ संस्करणसम्म कुनै पनि घरेलु टोलीले विश्वकप उपाधि जित्न सकेन । तर, यसपटक आयोजक भारतले घरेलु मैदानमा विश्वकप उपाधि जित्यो । पहिलोपटक विश्वकपमा घरेलु मैदानमा ट्रफी जित्ने भारत नै पहिलो राष्ट्र बन्यो । यसैगरी, भारतले उपाधि रक्षा गर्ने तथा सर्वाधिक तीनपटक विश्वकप जित्ने रेकर्डसमेत आफ्नो नाममा लेखायो । भारतपछि विश्वकपमा इंग्ल्यान्ड र वेस्ट इन्डिजले समान दुईपटक विश्वकप जितेका छन् ।

फाइनलमा २५० रनमाथि योगफल

विश्वकपको फाइनलमा पहिलोपटक पहिलो ब्याटिङ गरेको टोलीले २५५/५ को प्रदर्शन गरेको थियो । दोस्रो ब्याटिङ गर्ने टोलीले पहिलोपटक दुई सय ५० रनमाथिको लक्ष्य पाएको यो नै हो । गत संस्करणमा भारतले फाइनलमा दक्षिण अफ्रिकालाई १७७ रनको लक्ष्य दिएको थियो । भारतले आफ्नै रेकर्ड यसपटक भंग गरेको छ । विश्वकप इतिहासमा सबैभन्दा कम लक्ष्य पनि भारतले दिएको थियो । सन् २०१४ को विश्वकपमा भारतले पहिलो ब्याटिङ गरी श्रीलंकालाई १३१ रन प्रस्तुत गरेको थियो । श्रीलंकाले चार विकेट गुमाएर १३४ रन बनाएको थियो ।

जितको अन्तर धेरै

भारतले न्युजिल्यान्डलाई ९६ रनले हराउँदै अर्को रेकर्ड राख्यो । सन् २०२४ को फाइनलमा भारतले दक्षिण अफ्रिकालाई सात रनले निराश बनाएको थियो । विश्वकपको पहिलो संस्करणमा भारतले पाकिस्तानमाथि रोमाञ्चक पाँच रनको जित निकालेको थियो । समग्र १०औँ विश्वकपमा धेरै रनको जित अन्तरमा नामिबिया ९३ रनले पराजित भएको थियो । यसैगरी, आइतबार सकिएको विश्वकपमा भारतले लगातार तीन खेलमा २५० रनमाथिको योगफल खडा गर्न सफल भयो । फाइनलमा भारतका जसप्रित बुमराह दोस्रो स्पेल गर्ने बलर बने । उनले फाइनलमा उत्कृष्ट स्पेल राखेका हुन् । बुमराहले चार विकेट लिन १५ रन खर्चेका थिए । यसअघि सन् २०१२ मा श्रीलंका अजन्था मेन्डिसले वेस्ट इन्डिजविरुद्ध १२/३ को प्रदर्शन गरेका थिए । मेन्डिसले उत्कृष्ट बलिङ गरे पनि श्रीलंका वेस्ट इन्डिजसँग पराजित भयो ।



नकआउटमा छिटो अर्धशतक

न्युजिल्यान्डविरुद्ध भारतले आक्रामक ब्याटिङ गरेको थियो । ओपनर अभिषेक शर्माले सुरुमा सञ्जु सामसनभन्दा धेरै बल खेलेका थिए । उनले केवल १८ बलमा अर्धशतकीय इनिङ्स खेले । टी-२० विश्वकपको नकआउट चरणमा कम बलमा अर्धशतक खेल्ने अभिषेक पहिलो ब्याट्सम्यान बनेका छन् । यसै विश्वकपको पहिलो सेमिफाइनलमा न्युजिल्यान्डले दक्षिण अफ्रिकलाई नौ विकेटले हराउँदा फिन एलेनले १९ बलमा अर्धशतक लगाएका थिए । यसैगरी, दोस्रो सेमिफाइनलमा इंग्ल्यान्डका ज्याकोब वेथेलले पनि भारतविरुद्ध १९ बलमै अर्धशतकीय इनिङ्स खेलेका थिए । उनीहरूको रेकर्ड अभिषेकले फाइनलमा तोडेका छन् ।

पावर प्लेमा ९८ रन

विश्वकपको फाइनलमा पावर प्लेमा विनाविकेट क्षति ९८ रन बन्यो । भारतका ओपनर अभिषेक र सञ्जुले सुरुको पावर प्लेमा सो रन बटुलेका हुन् । जुन एक रेकर्ड रह्यो । यसअघि सन् २००९ को फाइनलमा पाकिस्तानमा कमरान अकमल र साहिब हसनले श्रीलंकाविरुद्ध पावर प्लेमा ५० रन जोडेका थिए । विश्वकपको फाइनलमा ओपनरका रूपमा सर्वाधिक रन बनाउने सञ्जु नै बने । उनले न्युजिल्यान्डविरुद्ध ८९ रन बनाएका थिए । विश्वकपमा अभिषेकले चार अर्धशतकीय इनिङ्स खेले ।

लगातार ८० रनमाथि बराबरी

टी-२० विश्वकपमा दोस्रोपटक लगातार तीन खेलमा ब्याट्सम्यानले ८० रनमाथि जोड्ने रेकर्ड बराबरी गरेका छन् । भारतका ओपनर सञ्जुले श्रीलंकाली पूर्वखेलाडी महेला जयवर्द्धनेको रेकर्ड बराबरी गरेका हुन् । सञ्जुले सम्पन्न विश्वकपको सुपर ८ मा जिम्बावे, सेमिफाइनल र फाइनलमा ८० रनमाथिको योगफल जोडेका थिए । जयवर्द्धनेले सन् २०१० को विश्वकपमा लगातार तीन खेलमा ८० रनमाथि बटुलेका थिए ।

प्लानिङ ब्वाइजसँग रोकियो एपिएफ

काठमाडौं / राष्ट्रिय लिग फुटबल प्रतियोगिताको शीर्ष स्थानको विभागीय टोली नेपाल एपिएफ एफसीले प्लानिङ ब्वाइज युनाइटेडसँग १-१ को बराबरी खेलेको छ । प्रतिस्पर्धामा युवराज खड्काले २२औँ मिनेटमा एपिएफलाई १-० को अग्रता दिलाएका थिए । खेलको ६२औँ मिनेटमा एलेक्स विलियनले प्लानिङ ब्वाइजलाई १-१ बराबरीमा पुऱ्याए । एपिएफले ९ खेलबाट २१ अंक जोडेको छ । प्लानिङ ब्वाइज १९ अंकका साथ दोस्रो स्थानमा छ । लिगमा एपिएफको लगातार दोस्रो र प्लानिङ ब्वाइजको लगातार तेस्रो बराबरी हो । लिगमा अपराजित रहेका लालिगुराँस र मच्छिन्द्र एफसीको पनि समान १९ अंक नै छ । गोलअन्तरमा प्लानिङ दोस्रो स्थानमा रहेको हो । लिगमा फ्रेन्ड्स क्लबले श्री भगवती क्लबलाई २-० ले पराजित गरेको छ ।

फ्रेन्ड्सका लागि मिडफिल्डर प्रशान्त लक्समले गोल गरे । एक गोल फ्रेन्ड्सले आत्मघाती उपहार प्राप्त गरेको थियो । निर्धारित समयको अन्तिम मिनेटमा विवश चौधरीले आफ्नै पोस्टमा गोल गरेका थिए । श्री भगवनीलाई हराउनुअघि फ्रेन्ड्सले सात खेलसम्म जित निकाल्न सकेको थिएन । जितसँगै ९ खेलमा ९ अंक जोड्दै फ्रेन्ड्स १०औँ स्थानमा उक्लिएको छ । ८ अंक जोडेको भगवती १३औँ स्थानमा झरेको छ ।



गेरी बने श्रीलंकाका मुख्य प्रशिक्षक

सन् २०११ मा भारतलाई एकदिवसीय विश्वकप उपाधि दिलाएका दक्षिण अफ्रिकाका पूर्वओपनर गेरी कर्स्टर्नले दुई वर्ष श्रीलंकाली टोली हेर्ने

एजेन्सी

दक्षिण अफ्रिका पूर्वओपनर गेरी कर्स्टर्न श्रीलंकन क्रिकेट टोलीका मुख्य प्रशिक्षक बनेका छन् । श्रीलंकाली क्रिकेट बोर्ड (एसएलसी)ले सोमबार कर्स्टर्नलाई टोलीको जिम्मेवारी दिएको हो । उनले अब सनथ जयसूर्याको स्थान लिनेछन् । भारत र श्रीलंकाले संयुक्त रूपमा आयोजना गरेको आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिताको सुपर ८ मै श्रीलंका सीमित भएपछि जयसूर्याले मुख्य प्रशिक्षकबाट राजीनामा दिएका थिए । जयसूर्याले विश्वकपबाट बाहिरिएपछि नै पदबाट हट्ने निर्णय गरेका थिए । एसएलसीले आगामी एकदिवसीय र टी-२० विश्वकपको मध्यनजर गरी अनुभवी प्रशिक्षकका रूपमा गेरीलाई चयन गरेको हो ।

गेरीको प्रशिक्षणमै भारतले सन् २०११ को एकदिवसीय विश्वकप क्रिकेट प्रतियोगितामा भारतलाई उपाधि दिलाएका थिए । सन् १९८३ पछि भारतले एकदिवसीय विश्वकप ट्रफी दिलाएको केही समयपछि नै गेरीले अप्रत्याशित रूपमा पदबाट राजीनामा दिए ।

प्रशिक्षणमा त्यति धेरै अनुभव नभए पनि भारतलाई विश्व च्याम्पियन बनाउँदा उनको क्षमता चुलिएको थियो । गेरीले सन् २०२४ मा पाकिस्तानलाई प्रशिक्षण दिए । बोर्ड र खेलाडीबिच असमझदारीपछि विवादमा आफू नपर्न नै उनले राजीनामा दिए । गेरीको प्रशिक्षणमा पाकिस्तानले त्यति धेरै खेल खेल्न अवसर पाएनन् । आइतबार मात्रै सकिएको १०औँ संस्करणको टी-२० विश्वकपमा गेरी एसोसिएट राष्ट्र नामिबियाका कन्सल्ट्यान्ट प्रशिक्षकका रूपमा कार्यभार सम्हालेका थिए । तर, विश्वकपमा नामिबियाले समूह चरणका चारै खेल गुमाएको थियो ।



टी-२० र एकदिवसीय विश्वकपसम्म

दक्षिण अफ्रिकाका पूर्वओपनर गेरी र श्रीलंकाली क्रिकेट बोर्डसँग डेढ वर्षको सम्झौता भएको छ । यस अवधिमा गेरीले आफ्नो प्रशिक्षणमा अर्को वर्ष अस्ट्रेलिया र न्युजिल्यान्डले संयुक्त रूपमा आयोजना गर्ने आइसिसी टी-२० विश्वकपका लागि श्रीलंकाली टोली निर्माण गर्नेछन् । सन् २०२७ मा दक्षिण अफ्रिका, जिम्बावे र नामियबाले संयुक्त रूपमा आयोजना गर्ने ५० ओभरको एकदिवसीय विश्वकप प्रतियोगितासम्म गेरीले श्रीलंकालाई प्रशिक्षण दिने बोर्डले जनाएको छ । गेरी र श्रीलंकाबिच आगामी १५ अप्रिल २०२८ सम्म रहेको छ ।

गेरीसँग आइपिएलको अनुभव

शान्त बस्न र कमै बोल्ने गेरीले आफूलाई कुनै पनि टोलीले प्रशिक्षक बन्नका लागि प्रस्ताव राख्दा नकार्दैनन् । सन् २०११ मा भारतलाई विश्वकप विजेता बनाएपछि बिसिसिआईले राम्रो प्रस्ताव राख्दा पनि आफ्नो योजना पूरा भएको जनाउँदै राजीनामा दिएका थिए । गेरीसँग विश्व प्रसिद्ध टी-२० फ्रेन्चाइज इन्डियन प्रिमियर लिगमा प्रशिक्षण गरेको अनुभव छ । उनले आइपिएलमा सन् २०२२ मा गुजरात टाइटन्सलाई प्रशिक्षण गर्दै डेब्यु संस्करणमै उपाधि दिलाएका थिए । यसअघि उनी रोयल्स च्यालेन्जर्स बेंग्लोरमा आबद्ध थिए । भारतको क्रिकेट इतिहासमा गेरीले धेरै सफलता दिलाएका थिए । उनकै प्रशिक्षणमा भारतले विश्वकप मात्र जितेन, आइसिसी वरीयतामा समेत शीर्ष स्थान प्राप्त गरेको थियो । भारतपछि उनी दक्षिण अफ्रिकाका मुख्य प्रशिक्षक बनेका थिए ।

अनुभवी ओपनर

दक्षिण अफ्रिका राम्रा ओपनरमध्ये गेरी पर्छन् । सन् १९९३ देखि २०२४ सम्म उनले दक्षिण अफ्रिकाबाट प्रतिस्पर्धा गरेका थिए । यसक्रममा उनले १०१ टेस्टमा २१ शतक तथा ३४ अर्धशतकको सहयोगमा ७२८९ रन बनाएका छन् । यसैगरी, एकदिवसीय क्रिकेटमा १८५ खेलमा १३ शतक तथा ४५ अर्धशतकको महत्तमा ६७९८ रन जोडे । यसैगरी, पहिलो श्रेणीमा उनले २२१ खेलमा ४६ शतक र ७९ अर्धशतकमा १६ हजार ६७० रन जोडेका छन् । उनले करिअरमा कहिले पनि टी-२० आई खेलेनन् ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com